
अङ्क ९, मंसीर २०६८

# ओसारपसार

## एटविनको अर्ध–वार्षिक प्रकाशन




## नयाँ संविधानमा बेचबिखन/दासता शोषण विरुद्धको अधिकार सुनिश्चिता


"संयुक्त राष्ट्रसंघको मानव बेचबिखन
सम्बन्धी प्रोटोकल (इच्छाधिन
आलेख) लाई अविलम्ब
अनुमोदन गरियोस् ।"
"मानव बेचबिखनका प्रभावितहरुलाई
राज्यबाट तत्काल क्षतिपूर्ति दिने
व्यवस्था लागू गरियोस् ।"
बेचबिखन/दासत्व/शोषण
तथा यससंग सम्बन्धित कानूनहरुमा
अविलम्ब सुधार गरियोस् ।"
"नयाँ सविधानमा बेचबिखनबाट
प्रभावितहरुको नागरिकताको
अधिकार सुनिश्चित
गरियोस् ।"
मानव बेचबिखनविरुद्ध सबै एकजुट होऔं ।

# ओसारपसार


अङ्क ९, मंसिर २०६८

**सल्लाहकार**
लक्ष्मी कार्की
विष्णु न्यौपाने

**सम्पादक**
अनिल अधिकारी

**उप-सम्पादक**
विमला ज्ञवाली

**संयोजक**
बेनु माया गुरुङ

**व्यवस्थापक**
बिनिता न्यौपाने

**आवरण/ले-आउट**
पेन्टाग्राफ प्रिन्टर्स एण्ड डेस्कटप डिजाईनिङ
नयाँ बानेश्वर, काठमाडौं

**मुद्रण**
सगरमाथा अफसेट प्रेस
बिजुलीबजार, काठमाडौं

**प्रकाशन**
AATWIN
महिला तथा बालबालिका बेचबिखनविरुद्ध
सहकर्मी समूह, नेपाल (एटविन)



पो.ब.नं. २४९६०, काठमाडौं, नेपाल
फोन: ४२२९७८७, ४२४०७०९
फ्याक्स: ४२४०७०९
ईमेल: aatwin@ntc.net.np
वेभसाइट: www.aatwin.org.np


# विषयसूची


| | | |
|---|---|---|
| सम्पादकीय ... | | |
| वैदेशिक रोजगारी र मानव बेचबिखनको बदलिंदो स्वरूप | विष्णु न्यौपाने | १ |
| नयाँ संविधानमा मानव बेचबिखनको सवाल र हाल | | |
| ऐनमा भएका प्रावधानहरू | लक्ष्मी कार्की | ३ |
| यूएन प्रोटोकल अनुमोदन गर्न मन्त्रालय तत्पर छ | आनन्द पोखरेल | ७ |
| मानव बेचबिखन विरुद्धको अभियन्ता सम्मान कार्यक्रम | – | १० |
| बालबालिका विरुद्ध हुने दुर्व्यवहार एक सामाजिक समस्या | अनिता तामाङ्ग | १२ |
| मानव बेचबिखन सम्बन्धी मुद्दाहरूको अनुभव र समीक्षा | नानीमाया थापा | १४ |
| नयाँ संविधान अधिकारमूखी होस् ! | डा. मीना पौडेल | १७ |
| बेचबिखन तथा ओसारपसारको नारकीय यात्राबाट | | |
| बालबालिका मुक्त हुनैपर्छ | भरत अधिकारी | २१ |
| मानव बेचबिखन तथा ओसारपसारको स्वरूप | शान्ता खनाल | २४ |
| आवश्यकता, अधिकारमा आधारित मानवबेचबिखन | | |
| विरुद्धको अभियान | भगवती नेपाल | २५ |
| मानव बेचबिखन, मानव अधिकारको जघन्य उल्लङ्घन | सम्झना श्रेष्ठ | २७ |
| यूएन प्रोटोकल (इच्छाधिन आलेख) लाई अविलम्ब अनुमोदनको आवश्यकता | | ३० |
| नयाँ संविधानमा प्रभावितहरूको नागरिकता अधिकारको | | |
| सुनिश्चितता | सुनिता दनुवार | ३३ |
| नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) | – | ३५ |
| एटविन गतिविधि | – | ३६ |
| महिला शिक्षा र सशक्तीकरणमा रिफ्लेक्ट कक्षा | कुमार भट्टराई | ३९ |
| सञ्चारमा एटविन | – | ४१ |

# सम्पादकीय

## १६ दिने अभियानको अवसर

सन् १९९१ देखि हालसम्म १ सय ३० राष्ट्रका लगभग १ हजार ७ सय संघसंस्थाहरूले १६ दिने अभियानमा सहभागिता जनाइसकेका छन् । लैङ्गिक हिंसाविरुद्धको अन्तर्राष्ट्रिय आन्दोलनका रूपमा स्थापित १६ दिने अभियान संसारभर हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म मनाइन्छ । विभिन्न अन्तर्राष्ट्रिय महत्वका घटनाक्रमहरू समेटिएको यस अभियानमा महिला हिंसाविरुद्धको दिवस (२५ नोभेम्बर) अन्तर्राष्ट्रिय महिला मानव अधिकार रक्षक दिवस (नोभेम्बर २९), विश्व एड्स दिवस (डिसेम्बर १), अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस (डिसेम्बर ३), क्यानडाको मोन्ट्रेयल नरसंहार वार्षिकी (डिसेम्बर ६) र विश्व मानव अधिकार दिवस (डिसेम्बर १०) पर्दछन् ।

सन् १९६० को नोभेम्बर २५ का दिन डोमिनिकन रिपब्लिकका तीन साहसिक दिदी बहिनी (पाट्रिया, मनिर्भा र मारिया) लाई तत्कालिन तानाशाह राफेल त्रुजिलो सरकारको विरुद्ध सशक्त आन्दोलन गरेको अभियोगमा षडयन्त्रपूर्वक हत्या गरिएको घटनाको सम्झनामा ल्याटिन अमेरिकी देशहरूमा महिला हिंसा विरुद्धको दिवस मनाउन थालिएको हो । त्यस्तै, क्यानडाको मोन्ट्रेयल विश्वविद्यालयमा १४ जना महिला विद्यार्थीमाथिको सामूहिक हत्याको घटनालाई स्मरण गर्दै १६ दिने अभियानमा सेतो रिवन लगाउने गरिन्छ । अंग्रेजी अक्षरको (V-Violence) लाई उल्टो बनाउँदा बन्ने आकारमा लगाइने सेतो रिवन, प्रतिकात्मक रूपमा 'म हिंसा सहन्न, आफू पनि गर्दिन र देखेमा प्रतिकार गर्छु' भन्ने प्रतिबद्धता हो ।

विभिन्न देशहरूमा महिला विरुद्ध घटेका घटनाक्रमहरूको उपज हो १६ दिने अभियान । यसमा महिलामाथि घटेका, खास चर्चामा रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमहरूको स्मरण गरिन्छ । सन् १९९१ मा 'महिलाहरूको अन्तर्राष्ट्रिय नेतृत्व' नामक संस्थाले शुरु गरेको यो अभियानलाई नेपालले पनि प्रारम्भदेखि नै विभिन्न कार्यक्रमहरू गर्दै देशव्यापी रूपमा मनाउँदै आइरहेको छ ।

कुल जनसंङ्ख्याको ५१ प्रतिशत महिला रहेको नेपालमा तिनै बहुसङ्ख्यक हिस्साको उल्लेख्य भाग, विभिन्न स्वरूपका हिंसाहरूबाट प्रताडित छन् । लैङ्गिक हिंसा, बेचबिखन, ओसारपसार, आप्रवास आदि समस्या यहाँ बग्रेल्ती छन्, अर्कोतिर दण्डहिनता मौलाउँदो छ । यति हुँदाहुँदै पनि समस्या न्यूनिकरणका अवसरहरू पनि छन् । १६ दिने अभियान मूलतः महिला हिंसा विरुद्ध ऐक्यबद्धता जनाउने ठूलो अवसर हो । ग्रामिण तह र तप्कादेखि केन्द्रसम्मका र स्थानीयदेखि केन्द्रीय सरकारका महिला र पुरुषहरू यस अवसरमा एकै थलोमा बसेर अनुभव र भाइचाराको आदानप्रदान गर्दै हिंसाविरुद्ध ऐक्यबद्धता जनाउँछन् । १६ दिनसम्म देशव्यापी नारा जुलुस, प्रचार-प्रसार, वकालत र पैरवी गरिन्छ । अतः हरेक वर्ष यसलाई सुन्ने र सुनाउने ठूलो अवसरका रूपमा लिइन्छ ।

यस बाहेक एटविनले लामो समयदेखि उठाउँदै आइरहेको यूएन प्रोटोकल र नयाँ संविधान अधिकारमूखी बनाउने विषयको बहस यहाँनिर संक्षिप्त चर्चा गर्नु सान्दर्भिक हुनेछ । पहिलो, मानव, विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यूएन प्रोटोकल (इच्छाधिन आलेख), जसलाई नेपाल सरकारले अनुमोदन गर्न बाँकी छ । बेचबिखनका प्रभावितहरूको अधिकार सुनिश्चितासँग गाँसिएको यूएन प्रोटोकलको अनुमोदनका लागि पटक-पटकको ध्यानाकर्षणपछि महिला तथा बालबालिका र समाजकल्याण मन्त्रालयले यसलाई सकारात्मकताका साथ अध्ययन र छलफलमा ल्याएको बताएको छ र छिटो अनुमोदन गर्ने कारवाहीका लागि मन्त्रालयले तत्परता देखाएको छ । दोस्रो, महिलाको अंश र वंशको अधिकारका कुरा नयाँ संविधानमा समावेश नभएको अवस्था छ । मौलिक अधिकार र निर्देशक सिद्धान्त समितिले प्रस्तुत गरेको प्रतिवेदनअनुसार प्रभावितहरूको अंश र वंशको उल्लिखित हक र अधिकार स्थापित गरेको चाहिँ छैन तर स्थापित गर्नेतिर केन्द्रीत छ भन्ने कुरा आएको छ । अतः अवसर र चुनौती दुवै सावित भएको यूएन प्रोटोकल र नयाँ संविधानको मुद्दालाई किनारा लगाउन नेपाल सरकारको ध्यानाकर्षणका निमित्त एटविन, यसका सदस्य संस्थाहरूलगायत सरोकारवाला सबै संघसंस्थाहरूले निरन्तर पैरवी र वकालत गरिरहनु नै पर्ने आवश्यकता टड्कारो देखिन्छ ।

# वैदेशिक रोजगारी र मानव बेचबिखनको बदलिंदो स्वरूप



■ विष्णु न्यौपाने

हामी अहिले ज्यादै महत्वपूर्ण र चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेका छौं । हाम्रा राजनैतिक दलहरु विभिन्न असमझदारीको बिचबाट सहमती गर्दै देशमा लोकतान्त्रीक संविधान निर्माणको प्रक्रियामा अगाडि बढेका छन् । आम नेपालीहरु लोकतान्त्रीक संविधानको पर्खाइमा छन् । यस अवस्थामा नागरिकको मानवअधिकार, रोजगारीको अधिकार र सुरक्षित बैदेशिक रोजगारीको सुनिश्चितताका लागि महत्वपूर्ण समयको रुपमा यो समयलाई लिइरहेको अवस्था छ । यस अवस्थामा विभिन्न नाममा गरिने शोषण, अन्याय, अत्याचार र बेचबिखनका मुद्दाहरूले पनि महत्वपूर्ण स्थान पाउने छन् भन्ने लाग्दछ । अनि हरेक क्षेत्रमा हुने किनबेच र कमिसनको खेल नियन्त्रण हुनेछ र सबै नागरिकको मानवअधिकार सुनिश्चित हुनेछ, यो आम नागरिकको अपेक्षा हो । आफ्नो नागरिकको अधिकार संरक्षण र सुनिश्चित गर्ने दायित्व राज्यले गम्भीरतापूर्वक निर्वाह गर्नेछ भन्ने जन आकांक्षा के कति पूरा हुने हो त्यो हेर्न चाहिँ पर्खिनै पर्ने भएको छ । कुनै पनि नागरिकलाई जात, लिङ्ग, वर्ण, धर्म, राजनैतिक विचार वा आस्थाको आधारमा विभेद गर्न पाइँदैन । त्यसैगरी कुनै पनि व्यक्तिलाई डर, धाक, धम्की, लोभ लालच देखाई वा विभिन्न बहानामा उसको इच्छा विपरित एक ठाउँबाट अर्को ठाउँमा लगी इच्छा विपरितको काममा लगाउने पाइदैन । तर हाम्रो समाजमा यस्ता विभेद र विसङ्गतिहरु बग्रेल्ती छन् । यस्तो विभेद, दासतापूर्ण व्यवहार, विसङ्गतिको अन्त्यका निमित्त नेपाल सरकारले मानवअधिकारको विश्वव्यापी मान्यतालाई सम्मान गर्दै अगाडि बढिरहेको छ भने विभिन्न तरिका र बहानामा नागरिकहरूले शाषेण, उत्पीडन, शारीरिक र मानसिक यातना पाउनुका साथै बेचबिखनको सिकार हुने क्रम पनि बढ्दै गइरहेको छ । पछिल्ला केही वर्षमा किशोर/किशोरी र युवाहरुलाई रातारात लखपति हुन सकिने लोभ लालचमा पारी वैदेशिक रोजगारीका नाममा विदेश पठाइने र त्यहाँ उनीहरुलाई इच्छा विपरितको काममा शोषणपूर्ण अवस्थामा लगाईने गरेका समाचारहरू छापामा प्रशस्तै आएका छन् ।

## वैदेशिक रोजगारी र मानव बेचबिखन

मानव बेचबिखन भनेको मानवताविरोधी एक निकृष्ट कार्य हो । केही समय पहिलेसम्म महिलाहरू यौन शोषणको लागि मात्र बेचबिखन हुने गर्दछन् भन्ने सोच कायम थियो । तर अहिले आएर विभिन्न प्रयोजनको लागि मानिसको बेचविखन भइरहेको छ भन्ने कुरा सत्य सावित भएको छ । पछिल्लो समयमा यौन शोषणको लागि मात्र होइन्, सस्तो श्रमको लागि देशभित्र र देशबाहिर मानिसको बेचबिखन भइरहेको छ । राम्रो काममा लगाइदिन्छु भनी गाउँबाट किशोर/किशोरीलाई शहरमा ल्याई विभिन्न बार तथा रेष्टुरेन्टमा लगाउने र ग्राहकहरूको चाहना अनुरुप यौन सन्तुष्टि दिनेजस्ता धन्दामा युवतीहरूलाई उनीहरुको इच्छा विपरित लगाउने गरेको पाइन्छ । ग्राहकले भनेको नमाने वा साहुले भनेको नमाने कुटपीट गर्ने, कामबाट निकालिदिने र तलव नदिने जस्ता समस्याहरु विभिन्न सहरी क्षेत्रमा खोलिएका कतिपय बार, रेष्टुरेन्टमा काम गर्ने श्रमिकहरूले भोगिरहेका छन् भने विदेश पठाइदिने नाममा सयौ नेपाली दिदीबहिनी यौन शोषण र श्रमशोषणको दोहोरो पीडा भोग्न बाध्य छन् ।

उज्वल भविष्यको परिकल्पना गरी विभिन्न मुलुकमा पुगेका युवाहरूमध्ये अधिकांश सम्झौता अनुसारको काम नपाएर हजारौं रुपैया गुमाएर घर फर्किन बाध्य भएका छन् । कैयौ युवाहरू अपाङ्ग भई आफ्नो र परिवारको लागि बोझ भएको शरीर लिई देश फर्केका छन् । के यी परिस्थितिहरू श्रमको नाममा भएका बेचबिखन

हाेइनन् ? यो दृष्टिबाट हेर्दा नेपाली युवायुवतीहरू बेचबिखनको सिकार हुने क्रम झनै बढेर गएको अवस्था छ । कामको खोजीमा विभिन्न मुलुकमा पुगेका कैयौं युवा युवतीहरू उनीहरुको कागजपत्र नियन्त्रणमा लिई सम्झौता विपरीतको, इच्छा विपरीतको काममा लगाउने, वेश्यावृति गर्न समेत बाध्य बनाइएका पाइएका छन् । विशेष गरेर नेपालमा हिंसात्मक द्वन्द्व सुरु भएयता युवा, युवतीहरू वैदेशिक रोजगारीको नाममा बेचबिखन हुने क्रम बढ्दो छ । सुखी जीवनको कल्पना लिएर पैसा कमाउने उद्देश्यले विदेशिएका युवा युवतीहरूको अवस्था यस्तो छ । यो अवस्थाको जिम्मेवार को हुने ? वैदेशिक रोजगारीमा पठाउने नाममा च्याउजस्तै उम्रिएका म्यानपावर कम्पनीहरू छन् । ती कम्पनीहरूमध्ये कतिले सही सूचना दिएर, उचित रकम लिएर, कामको सम्झौतापत्र अनुसारको कामको लागि विदेश पठाइरहेका छन् भन्ने कुराको छानविन गर्ने, कम्पनीको नाममा नाजायज फाइदा उठाउने र आफ्ना इमान्दार नेपाली दाजुभाई, दिदीबहिनीहरूको जीवन अपाङ्ग र अर्थहीन बनाउने काम गरेका व्यक्ति वा संस्थाहरूलाई सरकारले यथाशिघ्र कारवाही गर्नुका साथै त्यस्ता संस्थालाई खारेज गर्नुपर्दछ ।

### मानव बेचबिखन नियन्त्रणका प्रयास

आज नेपालमा यसको रोकथामको लागि सरकारी, गैरसरकारी क्षेत्रहरू सक्रियताका साथ लागिपरेका छन् । हजारौं महिलाहरू नारकीय जीवनबाट उम्किन सफल भएर आफ्नो मुलुकमा फिरेका छन् तरपनि आफ्नै जन्मभूमिमा घरको न घाटको भई अलपत्र परेका पनि थुप्रै छन् । फर्कने मध्ये थौरैले मात्रै केही समयका लागि गैर सरकारी संस्थाहरुको सहयोग पाउने गरेका छन् । यो समस्या हाम्रो देशको मात्र नभई संसारका धैरै देशहरुमा छ । त्यसैकारण महिला माथि हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धी (सीडो) ले यस विषयवस्तुलाई प्राथमिकताका साथ सम्बोधन गरेको छ । सिडोमा हस्ताक्षर गरेपछि नेपाल सरकारले मानव बेचबिखनविरुद्ध सकारात्मक रूपमा कार्यहरू अगाडि सार्दै आएको छ । दशौं योजनामा पनि चेलिबेटी बेचबिखन लगायतका हिंसाबाट प्रभावित महिलालाई क्षतिपुर्ति, परामर्श, स्वास्थ्य उपचार, कानुनी सहयोग, समुदायमा आधारित पुनःस्थापना तथा पुनःएकीकरण प्याकेजको व्यवस्था छ । यसको नियन्त्रणको लागि राष्ट्रियस्तरमा विभिन्न संवैधानिक र कानुनी व्यवस्था अपनाइएको छ । विशेष कानुनका रूपमा मानव बेचबिखन ऐन २०६४ लागू छ भने अन्तर्राष्ट्रियस्तरमा मानव बेचबिखन तथा वेश्यावृत्तिको शोषण रोक्नको लागि व्यवस्था भएको महासन्धि १९४९ लाई नेपालले अनुमोदन गरिसकेको छ । त्यस्तै, नेपालले वेश्यावृत्तिको लागि महिला र बालबालिकाको लागि बेचबिखनविरुद्धको सार्क महासन्धि २००२ र बाल अधिकार महासन्धि, बाल बेचबिखन, बाल वेश्यावृत्ति र बालअश्लिलता प्रदर्शनसम्बन्धी इच्छाधिन आलेख, २००० लाई अनुमोदन गरेको छ तथापि प्रभावकारी कार्यान्वयनको अभावका कारण यो समस्या समाधान हुनु त परै जाओस यसले झन विकराल रुप लिएको छ । त्यसैले राज्यले जे जति सन्धि सम्झौताहरू गरेको छ त्यसको प्रभावकारी कार्यान्वयनका साथै मानव बेचबिखन ऐन २०६४ लागू भएता पनि प्रभावकारी नभएका कारण दलालहरु सजिलै उम्किने गरेका छन् । त्यस्तै, १९४९ महासन्धि आज एक्काइसौं शताब्दिको परिप्रेक्षमा सबै प्रयोजनबाट हुने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा अपर्याप्त भइसकेको देखिन्छ । यसर्थ अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेज, राष्ट्रिय कानुन तथा नीति तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने उक्त अपराधको नियन्त्रणमा आजको टड्कारो आवश्यकता हो । त्यतिमात्र नभई स्थानिय तहमा जनचेतना तथा जागरणमूलक प्रशिक्षण, जातीय र लैङ्गिक भेदभाव उन्मूलन, घरेलु हिंसाको अन्त्य र आर्थिक सम्पन्नताका लागि आयमूलक कार्यक्रम र रोजगारीको व्यवस्था, विकासमा विकेन्द्रीकरणको व्यवस्था गरिनु पर्दछ । अन्यथा विद्यमान संयन्त्रबाट मात्र सोको समाधान हुन्छ भन्नु सार्थक देखिदैन । त्यसैगरी, रोजगारीको नाममा भएको शोषणमा सरकारको आँखा पुग्नु आवश्यक छ । यसरी संस्थागत रुपमा भएको मानव बेचबिखनले भावी सन्ततिहरूको भविष्यमा समेत गहिरो प्रभाव पारिरहने छ । अतः यो वास्तविकतालाई आत्मसात् गरी सरकारले भावी योजना बनाउनु नितान्त आवश्यक छ ।

■ ■ ■

# नयाँ संविधानमा मानव बेचबिखनको सवाल र हाल ऐनमा भएका प्रावधानहरू



■ लक्ष्मी कार्की

मानव बेचबिखन तथा ओसापसारको विषय ज्यादै निकृष्ट र जघन्य अपराधको रुपमा लिइन्छ। यस्तो किसिमको अपराधलाई न्यूनीकरण गर्न विभिन्न क्षेत्रमा कार्यरत सबैको उत्तिकै भूमिका आवश्यक हुन्छ।

आज एक्काइसऔं शताब्दीको अन्त्यतिर आइसक्दा पनि मानव बेचबिखनका घटनाहरू विभिन्न तवरले, विभिन्न स्वरुपमा कहालिलाग्दो रूपमा घटिरहेको छ। विशेषतः महिला र बालबालिका यसबाट सबैभन्दा पीडित र प्रभावित समूहका रुपमा देखा परेका छन्। यौन तथा श्रम शोषणका लागि बालिकाहरूको बेचबिखनको अवस्था सबैभन्दा भयावह छ। रोजगारीका खोजीमा भौंतारिरहेका नेपाली महिला तथा पुरुषहरू कुनै न कुनै बहानामा चाहे स्वदेशमा होस् या विदेशमा, उनीहरु यौन तथा श्रम शोषणमा परेका घटनाहरु सर्वविदितै छ।

मानव बेचबिखन तथा ओसारपसारविरुद्ध बनेका नीति, नियम कानुन तथा कार्यक्रमको निर्माण तथा कानुन कार्यान्वयन गर्ने निकायलाई समय समयमा सरकारी तवरबाट निर्देशन जारी गर्ने प्रयासका साथै नागरिक समाजको तर्फबाट पनि त्यति कै प्रयासहरू नभएका हैनन्। त्यस्तै, महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मीसमूह नेपाल (एटविन) ले पनि आफ्नो स्थापनाकाल, सन् १९९७ देखि नै मानव बेचबिखन तथा ओसारपसार विरुद्धमा नीतिगत परिवर्तनका निम्ती स्थानीयदेखि राष्ट्रिय र अन्तराष्ट्रियतहसम्म नियमित रूपमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ। जस अर्न्तगत नयाँ संविधानमा मानव बेचबिखन तथा ओसारपसारविरुद्धका सवालहरुलाई यहाँ चर्चा गर्न खोजिएको छ।

सबैभन्दा पहिला, अब बन्ने संविधानमा महिला तथा बालबालिका माथि हुने यौन तथा श्रम शोषणमा रोक लगाउन, मानव बेचबिखन/दासत्व/शोषणाविरुद्धको हकको सुनिश्चितता, महिला तथा बालबालिकाहरुको मानवअधिकारको सुरक्षाको ग्यारेन्टी, मुलुकमा फौजदारी न्याय प्रणालीमा पीडितहरुको सहभागितालाई सुनिश्चित गर्न मानव बेचबिखन सम्बन्धी राष्ट्रिय कानुनलाई टेवा पुऱ्याउन व्यवहारमा पीडितहरुको आत्म-सम्मानको रक्षा गर्न, बेचबिखनबाट प्रभावितहरुको नागरिकताको अधिकार सुनिश्चितता, व्यवहारिक क्षतिपूर्ति तथा सामाजिक सुरक्षाको व्यवस्था र संगठित अपराधविरुद्ध अन्तर्राष्ट्रिय सहयोग र समर्थन जुटाई नागरिक समाजको विश्वास हासिल गर्न भावी संविधानमा समावेश गरिनु पर्दछ।

**अहिलेको मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) ऐन २०६४ तथा नियमावली २०६५ मा भएका प्रमुख व्यवस्थाहरू निम्न छन्:**

- उजुरी गर्नेको नाम गोप्य राखिने व्यवस्था गरिएको।
- बयान प्रमाणित गराउने
- पीडित आफैले उजुर दिएमा निजको तत्काल जिल्ला अदालतमा बयान गराउनुपर्ने
- बयान क्षेत्राधिकारभित्र नपर्ने भएमा समेत प्रमाणित गर्नुपर्ने
- त्यस्तो बयान प्रमाणमा लिन सक्ने।
- पक्राउ गर्न वा खानतलासी दिन सकिने व्यवस्था भएको
- प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्था गरेकोले निर्दोशिता प्रमाणित गर्ने भार प्रतिवादीमा रहने।
- दोभाषे राख्न पाउने व्यवस्था भएको।

- उद्धार, पुनर्स्थापना केन्द्र, पुनर्स्थापना कोषको कानुनी व्यवस्था भएको ।
- २० वर्षसम्म कैद र २,००,००० सम्म जरिवाना
- प्रतिरक्षाको सुविधाः बचाव गर्दा पीडकको मृत्यु हुन गएमा सजाय नहुने व्यवस्था
- क्षतिपूर्तिको अधिकारः जरिवानाको आधा क्षतिपुर्ति दिईने, पीडितको मृत्यु भएमा, हकवालले पाउने र हकवाला नभएमा पुनर्स्थापना कोषमा जम्मा हुने ।
- सम्पत्ति जफत हुनेः यस ऐन बमोजिम अपराध हुने कार्यबाट कमाएको सम्पति जफत हुने व्यवस्था ।
- सुराकीलाई १० प्रतिशत पुरस्कार दिने व्यवस्था ।
- सुराकीको विवरण गोप्य राखिने व्यवस्था ।
- संचार माध्यम तथा कानुन प्रकृयामा समेत सक्कली नाम प्रसार गर्न नहुने ।
- पीडित र साक्षीको संरक्षणको व्यवस्था भएको । सुरक्षा प्रदान गर्ने, निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने, केन्द्रमा राख्ने ।
- बन्द ईजलासमा कारवाही हुने ।

यसका साथै मानव बेचबिखन तथा ओसारपसार विरुद्धमा विद्यमान नीति, नियम तथा ऐन जस्तै मानव बेचबिखन तथा ओसापसार (नियन्त्रण) ऐन २०६४ तथा नियमावली २०६५, वैदेशिक रोजगार ऐन तथा नियमावली, २०६४ आदिको पुनरावलोकन गरी यसको प्रभावकारी कार्यान्वयनका लागि संशोधनको आवश्यकता रहेको छ ।

**मानव बेचबिखन तथा ओसापसार (नियन्त्रण) ऐन २०६४ तथा नियमावली २०६५ मा सुधार गर्नुपर्ने केहि मुख्य बुंदाहरु निम्न बमोजिम छन्ः**

- बेचबिखनको परिभाषा वृहत पार्नु पर्दछ
- क्षतिपूर्तिको रकम शतप्रतिशत पीडितले पाउनु पर्दछ ।
- नेपालभित्र वा बाहिर जुनसुकै ठाउँमा बेचिएको भएपनि बेचिएको व्यक्तिको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नुपर्ने छ भन्ने उल्लेख हुनुपर्दछ ।
- पीडितले नबुभ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ र सोको व्यवस्था अदालतबाटै हुनुपर्ने छ ।
- प्रभावितको स्वीकृती नलिई निजको नाम, तस्वीर वा विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्तिलाई दश हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था भएकोमा अवस्था अनुसार कैद र बढी जरिवाना हुनु पर्दछ ।
- प्रहरी कार्यालय तथा अदालतले पीडितको बयान गराउँदा महिला प्रहरी मार्फत गराउनु पर्दछ ।
- लाटो बहिराको हकमा शुरुदेखि नै दोभाषेको व्यवस्था हुनु पर्दछ ।
- राष्ट्रिय र जिल्ला समितिको बैठक आवश्यकता अनुसार बस्ने छ भन्ने उल्लेख भएकोमा न्यूनतम बैठक तोक्नुपर्ने ।

**वैदेशिक रोजगार ऐन, २०६४ मा भएका केहि मुख्य व्यवस्थाहरु निम्न छन्ः**

१. **ऐनको वहु क्षेत्रीय प्रयोग :**
नेपाल बाहिर बसी वैदेशिक रोजगार ऐन विपरित कार्य गरेमा निजको हकमा समेत ऐन लागू हुने व्यवस्था गरिएको छ ।

२. **वैदेशिक रोजगारमा विशेष सुविधा तथा आरक्षण प्रदान गर्ने :**
वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित, दैवी प्रकोप पीडित तथा दुर्गम व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा तथा आरक्षण प्रदान गर्नु पर्नेछ ।

३. **वैदेशिक रोजगार व्यवसाय संचालन गर्न चाहने संस्थाले इजाजतपत्रको धरौटी राख्नु पर्ने :**
इजाजतका लागि धरौटी वापत ३० लाख राख्नु पर्ने र कारोवारको अनुपातमा सो धरौटी अपर्याप्त देखिन आएमा आवश्यकता अनुसार थप धरौटी दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ ।

४. **कामदारले इजाजतपत्रवालालाई तिरेको रकमको भर्पाई दिनु पर्ने :**
ऐनले व्यवसायीले कामदारसँग सेवा शुल्क वापत रकम दिंदा भर्पाई दिनुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ ।

५. **इजाजतवालाले रकम फिर्ता गर्नु पर्ने :**
म्याद भित्र कामदारलाई वैदेशिक रोजगारमा पठाउन नसकेमा सम्बन्धित कामदारबाट बुझिएको रकम र सो रकममा वार्षिक २० प्रतिशतले हुने व्याजको रकम समेत जोडी ३० दिन भित्र फिर्ता गर्नु पर्नेछ ।

६. **स्वदेशी विमानस्थल प्रयोग :**
इजाजतवालाले वैदेशिक रोजगारको लागि कामदार पठाउदा स्वदेशी विमानस्थल प्रयोग गरी पठाउनु पर्नेछ । यदि स्वदेशी विमानस्थल प्रयोग गर्न नसक्ने अवस्था भएमा विभागको स्वीकृति लिनु पर्नेछ ।

७. **सेवा शुल्क तथा प्रवर्द्धन खर्चको हक तोकिने :**
वैदेशिक रोजगार व्यवसायीले कामदारबाट लिन पाउने रकमको अधिकतम हद तोक्ने व्यवस्था गरेको छ ।

८. **वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्था :**
ऐनले वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्कि आएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा र कल्याणको लागि वैदेशिक रोजगार कल्याणकारी कोषको स्थापना गर्ने व्यवस्था गरेको छ । कोषको प्रयोग कामदारलाई आपतकालिन सहयोग जुटाउन र वैदेशिक रोजगारको प्रवर्द्धन गर्नमा खर्च हुने व्यवस्था छ ।

९. **क्षतिपूर्तिको लागि उजूरी गर्न सक्ने :**
रोजगारदाता संस्थाले सम्झौतामा तोकिए बमोजिमको शर्त अनुसार रोजगार उपलब्ध नगराएमा सोको प्रमाण सहित कामदार वा निजको प्रतिनिधिले विभाग समक्ष क्षतिपूर्ति पाउनका लागि उजुरी गर्न सक्नेछ । उक्त उजुरी मनासिव देखिएमा वैदेशिक रोजगारमा लागेको सम्पूर्ण खर्च असुलउपर गर्ने जान विभागले इजाजतवालालाई आदेश दिन सक्दछ ।

१०. **वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको गठन :**
वैदेशिक रोजगार व्यवस्थालाई प्रवर्द्धन गर्ने र सो व्यवसायलाई सुरक्षित व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्नका लागि सरकारका प्रतिनिधि, व्यवसायीको प्रतिनिधि ट्रेड युनियनका प्रतिनिधि रहने गरी रोजगार प्रवर्द्धन बोर्डको व्यवस्था ऐनले गरेको छ ।

११. **दण्ड सजायको दायरा फराकिलो :**
वैदेशिक रोजगारमा ठगी गर्ने व्यक्तिलाई पीडितबाट लिएको रकम र सोको ५० प्रतिशतले हर्जाना रकम र विदेश आउन जान लागेको खर्च समेत भराई तीन लाख देखि पाँच लाख रूपैयासम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने व्यवस्था ऐनले गरेको छ ।

१२. **बिना पुर्जी पक्राउ गर्ने सक्ने :**
वैदेशिक रोजगारमा ठगी गर्ने व्यक्तिलाई तत्काल पक्राउ नगरेमा निज भागी जाने सम्भावना छ भन्ने लागेमा प्रहरीले त्यस्तो व्यक्तिलाई विना पुर्जी पक्राउ गर्न सक्नेछ ।

१३. **श्रम सहचारीको नियुक्ती :**
५ हजार भन्दा बढी कामदार रहेको मुलुकमा श्रम सहचारी राख्ने व्यवस्थालाई बाध्यात्मक बनाइएको छ ।

१४. **श्रम डेस्कको व्यवस्था :**
वैदेशिक रोजगारमा जान लागेको हो होइन भन्ने सम्बन्धमा नेपाल सरकारले अन्तर्राष्ट्रिय विमानस्थलमा र आवश्यकता अनुसार अन्य स्थानमा श्रम डेस्क राख्न सक्ने छ ।

**वैदेशिक रोजगार नियमावली २०६४ मा भएका केहि मुख्य व्यवस्थाहरु निम्न छन्:**

वैदेशिक रोजगार नियमावलीले महिला कामदारका लागि ऐनले प्रदान गरेको व्यवस्थामा थप केही संरक्षण प्रदान गरेको छ ।

(१) वैदेशिक रोजगारमा छनौट भएका महिलाले अभिमुखीकरण तालिम लिंदा तिरेको शुल्क कल्याणकारी कोषबाट शोधभर्ना गर्न पाउने छन् ।

(२) वैदेशिक रोजगारमा गएका महिला कामदारको बालबच्चाको उचित संरक्षणका लागि शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन गरिनेछ ।

(३) वैदेशिक रोजगारमा गएका महिला कामदारको निमित्त सुरक्षित गृहको स्थापना गरी सञ्चालन गर्ने, गराउने ।

(४) श्रम सहचारी नियुक्ती गर्दा एकहजार वा सो भन्दा बढी महिला कामदार पठाईएका मुलुकमा योग्यता पुगेका महिला अधिकृतहरु मध्येबाट श्रम सहचारी नियुक्ती गर्न सकिनेछ ।

(५) महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम् दुर्गम क्षेत्र तथा दैवी प्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा वैदेशिक रोजगारीमा आरक्षण प्रदान गरिनेछ ।

त्यसैगरी, वर्तमान सन्दर्भमा वैदेशिक रोजगारको नाममा हुने बेचबिखन बढ्दो अवस्थामा रहेका कारणले वैदेशिक रोजगार ऐन तथा नियमावली २०६४ लाई पनि बेचबिखन, तस्करी तथा ठगीलाई न्यूनीकरण गर्न पुनरावलोकन गरि सुधारको आवश्यकता रहेको छ । मानव बेचबिखन तथा वैदेशिक रोजगार एक अर्कासंग सम्बन्धित विषय भएको हुनाले यसमा भएका प्रावधानहरूमा पनि सामन्जस्य आवश्यक रहेको छ । तर वर्तमान वैदेशिक रोजगार ऐन तथा मानव बेचबिखन ऐनमा एउटै प्रकारको कसुरको सजायँ फरक-फरक रहेकाले बेचबिखनका मुद्दाहरूमा पीडक वैदेशिक रोजगार ऐन अन्तर्गत सजिलै छुटी रहेको अवस्था छ । वैदेशिक रोजगारमा महिलाहरूको संख्या पनि निरन्तर बढ्ने क्रममा रहेकाले कानुनमा विशेष प्रावधानहरूको व्यवस्था गरिनु आवश्यक रहेको छ ।

अतः मानव बेचबिखन तथा ओसारपोसारलाई नियन्त्रण तथा रोकथामका लागि सबै भन्दा पहिला त संविधानमा नै यस विरुद्धको अधिकार सुनिश्चित गर्नुपर्दछ र त्यस सँगसँगै यससँग सम्बन्धित नियम तथा ऐनहरुको पुनरावलोकन गरी समसामायिक रूपमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सुधार गर्दै यसको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरूले आ-आफ्नो तर्फबाट प्रयास गर्न आवश्यक रहेको छ ।

(लेखकः एटविनका अध्यक्ष हुनुहुन्छ)

■ ■ ■

# हार्दिक समवेदना



**एटविनका कार्यसमिति सदस्य तथा महिला विकास स्वरोजगार प्रशिक्षण केन्द्रका अध्यक्ष श्रीमती उषा खड्काको यहि मिति २०६७ भाद्र ८ गते असमायिक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक सम्वेदना प्रकट गर्दछौं ।**

**लक्ष्मी कार्की**
अध्यक्ष
तथा
**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)**

# यूएन प्रोटोकल अनुमोदन गर्न मन्त्रालय तत्पर छ ।



*महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत महिला बेचबिखन विरूद्धका राष्ट्रिय कार्यक्रम एवम् गतिविधिहरूको वर्तमान स्थितिका बारेमा सो मन्त्रालयका सचिव श्री आनन्दराज पोखरेलले एटविनको अर्ध-वार्षिक प्रकाशन 'ओसारपसार' लाई दिनु भएको विशेष अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ ।*

**१. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मानव बेचबिखन विरुद्ध कुन कुन कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ ?**

- नेपालको अन्तरिम संविधानको धारा २९ शोषणविरुद्धको हकको (३) मा "मानिसलाई बेचबिखन गर्न दास वा बधुवा बनाउन पाइने छैन" भन्ने उल्लेख छ। संविधानको सोही प्रावधान अनुसार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले कानुनी र संस्थागत व्यवस्था गरी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५ कार्यान्वयनमा रहेको छ ।

  मन्त्रालय, विभाग र पचहत्तरै जिल्लामा महिला तथा बालबालिका कार्यालयहरूबाट मानव बेचबिखन विरुद्ध जनचेतना अभिवृद्धि, वकालत सामाजिक परिचालन, बेचबिखनमा परेकाको उद्धार, उपचार, पुनःस्थापना र पारिवारिक पुनर्मिलनका कार्यक्रम भइरहेका छन् । मानव बेचबिखनविरुद्ध नयाँ राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार भई जिम्मेवार सरोकार निकायहरूको सुझाव संकलन गर्ने प्रकृयामा पुगेको छ। ऐन, नियम अनुसार मानव बेचबिखनविरुद्ध राष्ट्रिय तथा जिल्ला समितिहरूको व्यवस्था गरिएको छ ।

**२. मानव बेचबिखनविरूद्धको राष्ट्रिय तथा जिल्ला समितिले कसरी काम गरिराखेका छन् ?**

- मानव बेचबिखनविरूद्धको कार्य कुनै एउटा निकायले मात्र गरेर पुग्दैन । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको एक्लो प्रयासले यो समस्या समाधान हुन सक्दैन । मन्त्रालयको समन्वयात्मक भूमिका महत्वपूर्ण हुन्छ । यसैले मानव बेचबिखनविरूद्धको राष्ट्रिय तथा जिल्ला समितिमा पनि मन्त्रालय बाहेक अन्य सरकारी निकाय, यस क्षेत्रमा कार्यरत संस्था र स्वयम् बेचबिखनबाट पीडित/प्रभावितहरूको प्रतिनिधित्व रहेको छ । यसरी राष्ट्रिय तथा जिल्ला समितिले गैर सरकारी र सामुदायिक संस्थाहरू समेतको सहयोग र सहकार्यमा उद्धार, पुनःस्थापना, पुनर्मिलन र जनचेतनामूलक कार्यहरू गर्दै आइरहेको छ ।

**३. मानव बेचबिखनविरुद्धको जिल्ला समिति गठन र यसको कार्यान्वयनको अवस्था कस्तो छ ?**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन

तथा नियमावलीले गरेको प्रावधान अनुसार पचहत्तरै (७५) जिल्लामा मानव बेचबिखनविरुद्धको जिल्ला समिति गठन भइसकेको छ । माथि प्रश्न २ मा उल्लेख भए झैं जिल्ला समितिमा पनि मानव बेचबिखनविरुद्ध लागिपरेका विभिन्न सरकारी तथा गैर-सरकारी र प्रभावितहरुको प्रतिनिधित्व रहेको छ । पर्याप्त स्रोत साधनको कमीका कारण अपेक्षित उपलब्धि पक्कै पनि भएको छैन । विगत दुई वर्षदेखि समिति संचालन, तत्काल उद्धार र राहत तथा जनचेतनामूलक कामका लागि ७५ जिल्लाका महिला तथा बालबालिका कार्यालयमा छुट्टै कार्यक्रम र बजेटको व्यवस्था गरिएको छ । तर यो अपर्याप्त छ । साथै, समितिले अन्य सरकारी तथा गैसस र सामुदायिक संस्थाहरूसँगको समन्वय, सहयोग र सहकार्यमा स्रोत जुटाई जनचेतनामूलक वकालत जस्ता कार्यहरू गर्दै आइरहेको छ ।

**४. मन्त्रालयद्वारा हाल आठवटा जिल्लामा संचालित मानव बेचबिखनविरुद्धको पुनःस्थापना गृहको वर्तमान अवस्था र त्यसको प्रभावकारिता कस्तो छ ?**

- पुनःस्थापना गृह संचालन गर्ने काम सजिलो छैन । यसका लागि पर्याप्त स्रोत चाहिन्छ । मन्त्रालयले सहयोग गरेको गैससबाट संचालनमा रहेका यी आठ जिल्लाका पुनःस्थापना गृहहरूमा पनि यो समस्या नहुने कुरै भएन । निरपेक्षतामा प्रभावकारिता मापन गर्न मिल्दैन । अपर्याप्त स्रोत साधनका बावजुद पुनःस्थापना गृह व्यवस्थित बनाउन उच्चतम प्रयास भएको छ ।

**५. पुनःस्थापना गृह सम्बन्धी आगामी दिनहरूमा केही नयाँ योजनाहरू छन् कि ?**

- पुनःस्थापना गृहमा पुनःस्थापित गरिने व्यक्तिहरूका लागि कम्तिमा केही आधारभूत सेवाहरू उपलव्ध हुनुपर्दछ । हाल विभिन्न संघसंस्थाहरूबाट संचालित पुनःस्थापना गृहहरू आ-आफ्नै तरिकाले संचालित छन् । यस अवस्थालाई सम्वोधन गर्न एउटा निश्चित मापदण्डको खाँचो छ । पुनःस्थापना गृह स्थापना र संचालनका लागि मन्त्रालयले राष्ट्रिय न्यूनतम मापदण्ड (National Minimum Standard) र निर्दिष्ट कार्य संचालन विधि (Standard Operational Procedure) निर्माण गर्ने योजना राखेको छ । मन्त्रालयले एशिया फाउण्डेशनसँगको सहकार्यमा यी दुवै मापदण्डको मस्यौदा तयार गरी सरोकारवालाहरूको सुझाव संकलन गरिरहेको छ । यसैगरी पुनःस्थापना गृहहरूलाई प्रभावकारी ढंगले संचालन गर्न आवश्यक रकमको वृद्धि गर्ने प्रयास थालिएको छ ।

**६. मानव बेचबिखन तथा ओसार-पोसार (नियन्त्रण) ऐनमा रहेका कमी कमजोरीहरूलाई न्यूनीकरण गर्न मन्त्रालयको तर्फबाट के कस्ता प्रयासहरू भैरहेका छन् ?**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनमा मात्र हैन, लैङ्गिकता सम्बन्धी खासगरी महिला अधिकारसँग सम्बन्धित विभिन्न ऐनमा रहेका असमान प्रावधान तथा कमीकमजोरीहरूलाई हटाउन विभिन्न कानुनहरूमा परिमार्जन र संशोधन गर्न प्रतिवेदन तयार भई अन्तिम रूप दिने प्रक्रिया अघि बढिरहेको छ ।

**७. मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना कहिलेसम्म आउने सम्भावना छ ?**

- मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना यसअघि पनि नभएको होइन । हाल यौन तथा श्रम शोषणका लागि महिला तथा बालबालिका बेचबिखन विरूद्धको राष्ट्रिय कार्ययोजना, २०५८ कार्यान्वयनमा रहेको छ । यसलाई अरू समसामयिक बनाउन प्लान नेपालको सहकार्यमा नयाँ मानव बेचबिखनविरूद्धको राष्ट्रिय कार्ययोजना तर्जुमा भइरहेको छ । हाल यसमा जिम्मेवार निकायहरूबाट संस्थागत प्रतिबद्धता र सुझाव संकलन गर्ने कार्य भइरहको छ । २०६८ मंसिरको अन्त्यसम्ममा सुझाव प्राप्त भइसक्ने अपेक्षा गरिएको छ । प्राप्त सुझावहरूलाई समेत समेटी मानव बेचबिखनविरुद्धको राष्ट्रिय समितिबाट स्वीकृत गरी नेपाल सरकार

मन्त्रिपरिषद्‌बाट निर्णय गर्नुपर्ने हुन्छ । अतः यसलाई स्वीकृत गर्न अरु केही महिना लाग्न सक्छ ।

**८. मन्त्रालय, हाल मानव बेचबिखन विरुद्धका अन्य कुनै नीतिगत कार्यमा कार्यरत् छ कि !**

- मानव बेचबिखनका धेरै कारणहरू छन् । बेचबिखन लैङ्गिक हिंसाको रूप र परिणाम दुवै हो । लैङ्गिक हिंसालाई विभिन्न सामाजिक प्रथा र सांस्कृतिक अभ्यासले पर्याप्त प्रश्रय दिएको छ । मानव बेचबिखन बहुआयामिक (Cross cutting) मुद्दा भएकोले एकांकी रुपमा समाधान गर्न गाह्रो छ । अतः मन्त्रालयले खासगरी महिलाविरुद्धको परम्परागत सामाजिक प्रथा/अभ्यास मध्ये हानीकारक अभ्यास हटाई समग्रमा लैङ्गिक हिंसाविरुद्ध शून्य सहिष्णुताको स्थिति सृजना गर्ने योजना लिएको छ ।

**९. नेपालको सन्दर्भमा उपयुक्त रहेको मानव, विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यूएन प्रोटोकल (इच्छाधीन आलेख) को अनुमोदन गर्नुपर्ने सम्बन्धमा मन्त्रालयबाट कस्तो पहल भइरहेको छ ?**

- नेपालले महिला तथा बालबालिका सम्बन्धी धेरैजसो सन्धि तथा महासन्धिहरू अनुमोदन गरेको छ । यूएन प्रोटोकल (इच्छाधीन आलेख) को अनुमोदनका लागि विभिन्न संघ/संस्थाहरूबाट मन्त्रालयमा ज्ञापन पत्रहरू प्राप्त भइरहेका छन् । यसलाई मन्त्रालयले सकारात्मकताका साथ अध्ययन् र छलफलमा ल्याएको छ । सरोकारवालाहरूसँग छलफल गरी सकेसम्म छिटो अनुमोदन गर्ने कारवाहीको लागि मन्त्रालय तत्पर छ ।

**१०. मानव बेचबिखन विरुद्ध क्रियाशील संघ/संस्थाहरूलाई अझ प्रभावकारी कार्य सम्पादनका लागि कुनै सुझाव वा सल्लाह छ कि !**

- सम्पूर्ण सरोकारवाला संघ/संस्थाहरू बीच आपसी समन्वय र ऐक्यवद्धता सुदृढ हुनुपर्दछ । अधिकारका साथै कर्तव्यप्रति पनि हामी सबै सजग हुन जरुरी छ ।

■ ■ ■

## वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्या

| आ.व. | संख्या | आ.व. | संख्या |
|---|---|---|---|
| २०५०-०५१ | ३,६०५ | २०५१-०५२ | २,१५९ |
| २०५२-०५३ | २,१३४ | २०५३-०५४ | ३,२५९ |
| २०५४-०५५ | ७,७४५ | २०५५-०५६ | २७,७९६ |
| २०५६-०५७ | ३५,५४३ | २०५७-०५८ | ५५,०२५ |
| २०५८-०५९ | १,०४,७३६ | २०५९-०६० | १,०५,०४३ |
| २०६०-०६१ | १,०६,६६० | २०६१-०६२ | १,३९,७१८ |
| २०६२-०६३ | १,६५,२५२ | २०६३-०६४ | २,०४,५३३ |
| २०६४-०६५ | २,४९,०५१ | २०६५-०६६ | २,१९,९६५ |
| २०६६-०६७ | २,९४,०९४ | २०६७-०६८ | ३,१०,००१ |
| | | **जम्मा** | २०,३६,३१९ |


श्रोतः वैदेशिक रोजगार विभाग

| आ.व. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| २०५०/०५१ देखि २०६२-०६३ | ७५८,६७५ | - | ७५८,६७५ |
| २०६३-०६४ | २,०४,१४३ | ३९० | २,०४,५३३ |
| २०६४-०६५ | २,४४,३६६ | ४,६८५ | २,४९,०५१ |
| २०६५-०६६ | २,११,३७१ | ८,५९४ | २,१९,९६५ |
| २०६६-०६७ | २,८४,०३८ | १०,०५६ | २,९४,०९४ |
| २०६७-०६८ जेष्ठ मसान्तसम्म | ३,०१,२९९ | ८,७०२ | ३,१०,००१ |
| **जम्मा** | २०,०३,८९२ | ३२,४२७ | २०,८१,०३४ |

श्रोतः वैदेशिक रोजगार विभाग

# मानव बेचबिखन विरूद्धको अभियन्ता चरिमाया तामाङ (अनु) तथा सहयात्रीहरूको सम्मान कार्यक्रम

मानव बेचबिखन महिला तथा बालबालिहरूका बेचबिखनको सन्दर्भमा भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले बेचबिखनलाई मानवअधिकार विरुद्धको गम्भिर कार्य मानेको छ । बेचबिखनको न्यूनीकरणका निमित्त स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रयासहरू भए तापनि यो निन्दनीय कार्यको अन्त्य हुन सकेको छैन । यही मानवता विरोधी अपराधको शिकार भएर नारकीय जीवन बिताई रहेका २३८ नेपाली किशोरीहरूलाई भारतको महाराष्ट्र सरकारले एकैपटक कोठीबाट मुक्त गराएको थियो । केही दिनसम्म उनीहरूलाई त्यहाँका विभिन्न संघ संस्थाहरूमा राखी स्वदेश फर्काउने तयारी गरियो । उनीहरू मध्ये ९० प्रतिशत किशोरीहरू नाबालिक भएको र अन्यसँग पनि नागरिकता नभएको कारण नेपाल सरकारले नागरिकता नभएकालाई आफ्ना नागरिक हुन् भनी नेपाल भित्र्याउन आनाकानी गरेको थियो । त्यहाँ आश्रय लिएका मध्ये ९० जना किशोरीहरू कसैको एच.आइ.भि.का कारण मृत्यु भयो त कसैले



आत्महत्या गरे, कोही बसेको ठाउँ छाडेर अन्यत्र भागेका थिए ।

सरकारी आनाकानी पछि तिनै संघ संस्थाहरूको पहलमा भारतका विभिन्न संघ संस्था तथा व्यक्तिहरूको व्यक्तिगत सहयोगमा १७ जुलाईको दिन पहिलो पटक ९६ जना चेलीहरू र ४ जना बालिका सहितको टोली नेपाल फर्कन सफल भयो । त्यसैगरी २२ जुलाईमा चरिमाया तामाङ सहितको टोली अन्तिम पटक नेपाल फर्कियो । त्यसबेला उनीहरूलाई विभिन्न ७ वटा संस्थाहरू (महिला पुनःस्थापना केन्द्र (ओरेक), एबिसी नेपाल, सिविन, शान्ति पुनःस्थापना गृह, माइती नेपाल, नवज्योती तालिम केन्द्र र स्त्री शक्ति)ले पुनःस्थापनाका लागि सहयोग गरेका थिए ।

यसरी विभिन्न संघ संस्थाहरूमा आश्रित चरिमाया सहितका केहि प्रभावितहरूले महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समुह (एटविन) को सदस्य संस्था ओरेकको प्रत्यक्ष हेरचाह र सहयोगमा शक्ति समुह नामक संस्था गठन गरी आफू जस्तै प्रभावितहरूको हक हितमा सकृय रूपमा काम गर्न थाले । त्यस समय प्रभावितहरूलाई बाहिरी वातावरणमा खुलेर आउनु एकदमै चुनौतीपूर्ण थियो र उनीहरूलाई हेयको दृष्टिले हेरिन्थ्यो उदाहरणका लागि बेचबिखनमा पर्नुउनीहरू स्वयंकै दोष हो भन्ने मानसिकता र प्रवृत्ति हावी थियो । अधिकारमुखी भन्दा पनि कल्याणकारी सोचले बढी काम गरेको अवस्था थियो त्यसबेला ।

एटविनको स्थापना नै मानव बेचबिखनलाई मानव अधिकारमुखी अवधारणाबाट बेचबिखनबाट प्रभावितहरूको

अधिकारलाई स्थापित गर्नु छ। यस अभियानमा चरिमाया पनि एक हुन् र यसै क्रममा चरिमायाले गरेको योगदानको सम्मान गर्दै उहाँले राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा सम्मान पाउने क्रम जारी छ। वहाँ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको अध्यक्षतामा रहेको मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय समितिमा प्रभावितहरूका तर्फबाट समेत सदस्यका रूपमा रहनुभएको छ।




वहाँले यस क्षेत्रमा पाएको उपलब्धि महिला तथा बालबालिको बेचबिखनविरुद्धको अभियानका सदस्य एटविन लगायत विभिन्न संस्था, निकाय तथा व्यक्तिको उपलब्धिको रुपमा लिएर एटविनले आफ्नो सदस्य संस्थाहरूको सहयोगमा मानव बेचबिखनविरुद्धका अभियन्ता चरिमाया तामाङ (अनु) तथा उनका सहयात्रीहरूको सम्मान कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रम गत २०६८ साउन ६ गते अर्थात जुलाई २२ मा काठमाडौंको राष्ट्रिय सभागृहमा सम्पन्न भयो। कार्यक्रमको अध्यक्षता एटविनका अध्यक्ष लक्ष्मी कार्कीले गर्नु भएको थियो। राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष माननीय केदारनाथ उपाध्यायको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका आयुक्त माननीय गौरी प्रधान, सदस्य अमुदा श्रेष्ठ, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यलयका सचिव डा. त्रिलोचन उप्रेती, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिव उपेन्द्रप्रसाद अधिकारी, एबिसि नेपालका अध्यक्ष दुर्गा घिमिरे, गैसस महासंघ नेपालका महासचिव शर्मिला कार्की, शक्ति समूहका अध्यक्ष सुनिता दनुवार, सिविन नेपालका अध्यक्ष माधव प्रधान, ओरेक-नेपालका प्रतिनिधि विष्णु न्यौपाने, माइती नेपालकी प्रतिनिधि उमा तामाङ, नवज्योति तालिम केन्द्रकी सिष्टर आइसार, शान्ति पुन:स्थाना गृहकी अध्यक्ष शान्ता सापकोटाले अतिथिको भूमिका निर्वाह गर्नु भएको थियो

सम्मानका क्रममा चरिमाया तामाङलाई माननीय गौरी प्रधानले टिका र खादा ओढाई सम्मान गर्नुभएको थियो भने कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष माननीय केदारनाथ उपाध्यायले एटविनका तर्फबाट सम्मान-पत्र प्रदान गर्नुभयो। एटविनका अध्यक्ष लक्ष्मी कार्कीले एटविनका तर्फबाट टिका र खादा ओढाइ आर्थिक सहयोग स्वरुप रु. १,०५,०००/- (एक लाख पाँच हजार) रुपैयाँको चेक हस्तान्तरण गर्नुभयो।

यस कार्यक्रमबाट एटविनले, स्वयम् बेचबिखनबाट प्रभावित भएर पनि साहसपूर्वक मानव बेचबिखनविरूद्धको अभियानमा लागिपरेकाहरूको सम्मानको शुरुवात गरेको छ। कार्यक्रमले अन्य प्रभावितहरूलाई साहसका साथ बेचबिखनविरुद्ध क्रियाशिल रहने प्रेरणा मिलोस् र कानुनमा उनीहरूको पहुँच सुनिश्चित होस् र मानव अधिकारमुखी अवधारणाका साथ प्रभावितहरूका अधिकार स्थापित गर्न सहयोग पुगोस् भन्ने उद्देश्य राखेको थियो। यस्तो उद्देश्यमा थप योगदान पुऱ्याउनका लागि सम्बद्ध सबै सरोकारवालाहरूको सहकार्य, संयोजन र समन्वय आवश्यक छ।

■ ■ ■

# बालबालिका विरुद्ध हुने दुर्व्यवहार : एक सामाजिक समस्या



■ अनिता तामाङ्ग

हरेक वर्षको नोभेम्बर १९ लाई बाल दुर्व्यवहार विरुद्धको विश्व दिवसका रूपमा मनाउने गरिन्छ। नेपालमा पनि यस दिवसलाई विभिन्न कार्यक्रमको आयोजना गरी मनायो। बालबालिकाविरुद्ध हुने दुर्व्यवहारको व्यापकतालाई हेरेर जनचेतनामूलक १९ दिने कार्यक्रम गर्नका लागि समेत आह्वान गरिएको छ। बाल दुर्व्यवहारविरुद्धका विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय दस्तावेजहरू पनि विद्यमान रहेका छन्।

यसरी बाल दुर्व्यवहारविरुद्ध थुप्रै प्रयासहरू भएको भएता पनि हाम्रो समाजमा अहिले पनि बालबालिका विरुद्ध परिलक्षित दुर्व्यवहारका घटनाहरू घटिरहेका छन्। यी दुर्व्यवहारको प्रकृति यति धेरै दर्दनाक छन् कि सामान्यतया विश्वास गर्न नै कठिन पर्दछ। सार्वजनिक भएका बाल दुर्व्यवहार सम्बन्धका केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ।

- १३ वर्षीया बालिका जुना (नाम परिवर्तन) आफ्नै बाबुको यौन दुर्व्यवहारको सिकार भइरहिन्। यो अमानवीय घटना निकै पछि मात्र सार्वजनिक भयो। बालिकाले हाल कुनै एउटा सामाजिक संस्थाको सहयोगमा अध्ययन्लाई अगाडी बढाइरहेकी छिन्। पीडक जेल सजायँ भोगिरहेको छ।
- एकजना १२ वर्षीय बालक घरको आर्थिक अवस्था कमजोर भएका कारण झण्डै १ वर्षदेखि घरेलु बाल श्रमिकको रूपमा काम गर्न बसेका थिए। उनको दिनचर्या बिहान ५ बजेदेखि राती १० बजेसम्म घरका सम्पूर्ण कामहरू गरेर नै बित्दथ्यो। यदाकदा खाना नराम्रो पाक्यो वा समयमा काम सकेन भनेपनि परिवारका सबैजसो सदस्यबाट उनी कुटाई खान्थे। त्यस्तैमा, एकदिन घरमा पैसा चोरी गरेको आरोपमा घरका महिला रोजगारदाता लगायत ४ जना सदस्यहरू मिलेर उनलाई बाँधेर लुगामा लगाउने आइरन तताउँदै डाम्दै र चक्कुले काटेर नुन र खुर्सानी समेत दलेर मरणासन्न पारे। उक्त घटना बालकले घर नजिकैको छिमेकीलाई भनेपछि मात्र सार्वजनिक भयो।
- छात्रावासमा बसेर अध्ययन गर्दै गरेकी एकजना १२ वर्षीया बालिकालाई विद्यालयका प्रिन्सिपलले आफ्नो कोठामा बोलाई बालयौन दुर्व्यवहार (बलात्कार) गर्दथ्यो। कसैलाई भन्न नसक्ने अवस्थाका कारण बालिकाले आत्महत्या समेतको प्रयास गरिन्। पछि मात्र सो अपराध सार्वजनिक भयो।

माथि उल्लेखित घटनाहरू सार्वजनिक भएका केही प्रतिनिधि घटनाहरू मात्र हुन्। यस्ता कैयन् घटनाहरू हाम्रो समाजमा दिनहुँजसो घट्छन् तर विभिन्न कारणले सार्वजनिक हुँदैनन्। राष्ट्रिय जनगणना २०५८ अनुसार, विद्यालय गइरहेका बालबालिकाहरू मध्ये झण्डै ४० प्रतिशत बालबालिकाहरू यौन दुर्व्यवहारबाट पीडित भइरहेका छन् भने विद्यालय जाने अवसरबाट बञ्चित झण्डै ५० प्रतिशत भन्दा बढी बालबालिका यस्ता प्रकारका यौन दुर्व्यवहारबाट पीडित रहेका छन्। त्यस्तै, सन् २००३ मा सिविन र सेभ द चिल्ड्रेन नर्वेले विद्यालय जाने उमेरका ५,४१३ जना बालबालिकाहरूमा गरेको एक अध्ययन् अनुसार ४५ प्रतिशतले अश्लिल भाषाको सामना गर्नु परेको र १३ प्रतिशतबालक र १५ प्रतिशत बालिकाहरू छोएर गरिने दुर्व्यवहारबाट पीडित भएको पाइएको थियो। प्रहरीले सार्वजनिक गर्ने प्रतिवेदनहरूले पनि बाल दुर्व्यवहार सम्बन्धमा कहालीलाग्दा तस्विरहरू प्रस्तुत गर्ने गरेका छन्। महिला तथा बालबालिका सेवा निर्देशनालयमा विगत १४ वर्षमा दर्ता भएको विभिन्न घटनाहरूको अवस्था यस्तो रहेको छ।

| आर्थिक वर्ष | बलात्कार | बलात्कारको प्रयास | बेचबिखन | गर्भपात | बहु–विवाह | बाल विवाह | घरेलु हिंसा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ०५३/०५४ | ११२ | ३४ | ११७ | ७४ | १०१ | ५ | ३३७ | ७८० |
| ०५४/०५५ | १८१ | ३४ | १३० | १०१ | १३५ | ३ | २२८ | ८१२ |
| ०५५/०५६ | १४१ | १८ | ११० | ८१ | ९६ | १ | ४३२ | ८७९ |
| ०५६/०५७ | १८६ | ३३ | १२० | ८९ | ९६ | ५ | ७११ | १२४० |
| ०५७/०५८ | १२२ | ३५ | ९२ | ५५ | ७५ | १ | ४४९ | ८२९ |
| ०५८/०५९ | १२९ | २१ | ४० | १४ | ५१ | – | ४१० | ६६५ |
| ०५९/०६० | १५७ | १८ | ५५ | १५ | ६९ | २ | ५६९ | ८८५ |
| ०६०/०६१ | १५४ | १९ | ५६ | ८ | ४४ | ३ | ९२२ | १२०६ |
| ०६१/०६२ | १८८ | २५ | ७२ | ११ | ६६ | १ | ७३० | १०९३ |
| ०६२/०६३ | १९५ | ३८ | ९७ | १४ | ६५ | १ | ९३९ | १३४९ |
| ०६३/०६४ | ३१७ | ७० | ११२ | ३ | ९४ | ७ | ११०० | १७०३ |
| ०६४/०६५ | ३०९ | ७३ | १२३ | १३ | १२२ | ४ | ८८१ | १५२५ |
| ०६५/०६६ | ३९१ | ७५ | १३९ | १२ | १७० | २ | ९६८ | १७५७ |
| ०६६/०६७ | ३७६ | १०१ | १६१ | ८ | १४६ | ७ | ९८३ | १७८२ |
| **जम्मा** | २९५८ | ५९४ | १४२४ | ४९८ | १३३० | ४२ | ९६५९ | १६५०५ |

माथि देखाइए अनुसार १४ वर्षको प्रतिवेदन हेर्दा महिला र बालबालिका विरुद्ध हुने हिंसा तथा यौन दुर्व्यवहार जस्ता अपराधका घटनाहरूको उजुरी गर्ने संख्यामा केही वृद्धि भएको पाइन्छ । तर यस्ता घटना पश्चात् प्रत्यक्ष सम्पर्कमा हुने विभिन्न निकायहरू जस्तै प्रहरी निकाय, अस्पताल, अदालतमा बालबालिकाले आफ्नो समस्या वा भावना निर्धक्क भएर बताउने बालमैत्री वातावरणको अभाव भने देखिन्छ । जसले गर्दा त्यस निकायमा पुग्ने बालबालिकाले पाउने सेवामा समेत असर पुगेको पाइन्छ । यसर्थ बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने निकायहरू प्रहरी कार्यालय, अस्पताल, विद्यालय र अदालतमा पनि बालमैत्री वातावरण अत्यावश्यक भइसकेको छ ।

यस बाहेक, कानुनको ज्ञान र जानकारीको अभावका कारण हिंसाविरुद्धका कतिपय घटनाहरू बाहिर आउन सकेको पाइँन्न । उदाहरणका लागि  यौन दुर्व्यवहार गर्ने धेरै व्यक्तिले बालिकालाई यौन दुर्व्यवहार गरे पश्चात् प्रहरीमा बयान दिंदा सहमतिबाट नै घटना घटेको भनेर बयान दिएको पाइन्छ । तर १६ वर्षभन्दा कमका बालिकालाई स्वीकृति लिएर गरेको करणीलाई पनि दोषी मानिन्छ भन्ने ज्ञान मानिसहरूमा भएको भए शायद यस्ता घटनाहरूमा कमी आउने थियो कि ! त्यस्तै, धेरै बालिका र महिलाहरू जवरजस्ती करणी (बलात्कार) भएको ३५ दिनपछि मात्र उजुरी गर्न आइपुग्छन् । कानुनमा ३५ दिनपछि गरेको उजुरीको सुनुवाई हुँदैन । यहाँ हदम्याद नाघेको कारणले नै कतिपय बालिका र महिलाहरू न्याय पाउनबाट बञ्चित हुन्छन् र दोषी भने निर्धक्क घुमफिर गरिरहेको पाइन्छ ।

यसर्थ यस्ता घटना कम होस् र भएको घटना बाहिर आओस् भन्नका लागि बढीभन्दा बढी जनचेतनामूलक कार्यक्रम, अभिमुखिकरण कार्यक्रमको आवश्यकता देखिन्छ । अझ बढी भन्दा बढी व्यक्ति वा बालबालिकालाई एकैसाथ यस सम्बन्धी जानकारी दिन विद्यालयस्तरको शिक्षा वा पाठ्यक्रममा नै समावेश गर्न सके निकै प्रभावकारी हुने कुरामा कसैको दुइमत हुने थिएन ।

(लेखकः सिविससँग आवद्ध हुनुहुन्छ)

■ ■ ■

# मानव बेचबिखन सम्बन्धी मुद्दाहरूको अनुभव र समीक्षा



■ नानीमाया थापा

**पृष्ठभूमि :**

समयको गतिसंगै विकासका गतिहरूपनि परिवर्तित हुँदै गएका छन् । यसरी विकास जसरी परिवर्तित भएर गएको छ त्यसैगरि मानव बेचबिखनको स्थिति र अवस्थामा पनि परिवर्तन हुदै गइरहेको छ । विकास र परिवर्तन संगसंगै मानव सभ्यताको कलंकको रूपमा रहँदै आएको मानव बेचबिखन जस्तो निन्दनीय कार्यको अन्त्य हुनुको साटो विश्वमा एक संगठित अपराधको रूपमा यो मौलाउदै गएको छ । हामीले मानव बेचबिखनको हिजोको अवस्था स्मरण गर्नुपर्दा, झुटो विवाह गरेर, वा अन्य प्रलोभनमा पारेमा पढ्न लेख्न नसक्ने तथा सामान्य अक्षर चिन्ने ग्रामिण र बिपन्न महिलाहरु बिशेषगरि केटीहरुलाई भारतको विभिन्न शहरहरुमा लगेर बेचिन्थ्यो भने हाल यसको स्वरूपमा परिवर्तन भएको छ । कतै वैदेशिक रोजगारमा लैजाने बहानामा त कतै जागिर खुवाउने बहानामा मानव बेचबिखन तथा ओसारपसार हुने गरेको छ ।

मानव बेचबिखनको कुरा उठ्ने बित्तिकै सिन्धुपाल्चोक र नुवाकोटजस्ता केही पहाडी जिल्लाहरुकै नाम अगाडि ल्याइन्थ्यो भने हाल नेपालको सबै जिल्ला मानव बेचबिखनबाट प्रभावित छ भनेर राज्यले स्वीकार गरिसकेको अवस्था छ । केही सामाजिक सघसंस्थाहरु तथा राज्यका निकायले हाल मानव बेचबिखन अन्त्य तथा रोकथामको लागि काम सुरु गरे तापनि मानव बेचबिखनको घटनामा भने कमी आएको छैन ।

मानव बेचबिखनको बदलिदो स्वरूप अर्न्तगतको एक प्रकृया भनेको वैदेशिक रोजगारको नाममा हुने मानव ओसारपसार हो । सिंगो नेपालको वैदेशिक रोजगारीमा जाने सङ्ख्यालाई हेर्ने हो भने साक्षर तथा बेरोजगारहरू पर्दछन् भने सिन्धुपाल्चोक लगायत अन्य ग्रामिण भेगका वैदेशिक रोजगारमा जानेहरू अधिकांशत् १६ देखि ४५ वर्ष समूहका दलित र जनजाती समुदाय र केही हिंसाबाट प्रभावित तथा गरीब परिवारका सदस्यहरु छन् ।

किशोरीहरुको कुरा गर्दा अधिकांशत् विद्यालय टाढा भएर वा बिद्यालय छाडेर आर्थिक अभाव टार्न परिवारको पालन पोषणको लागि गएको पाइन्छ । कतिपय बहुविवाहको शिकार भएका तथा घरमा सम्मानजनक रूपमा बस्न नसकेको र गरिबीले छट्पटाइ रहेकाहरूलाई दलालले प्रलोभनमा पारी वैदेशिक रोजगारमा भन्दै बेचबिखन तथा ओसारपसार गर्ने गरेको पाइन्छ । वैदेशिक रोजगारमा जाने यी महिलाहरूलाई अवैधानिक तथा असुरक्षित बाटोको प्रयोग गरी भारत हुँदै खाडी मुलुकमा पठाउने गरेको पाइन्छ । कतिपय वैदेशिक रोजगारमा गएको भन्दै भारतको विभिन्न कोठीहरुमा बसेरै आएको पनि हामीले देखेका छौ । उनीहरु न कुन खाडी मुलुक हो र कुन भारत हो छुट्याउन पनि सक्दैनन् न त भाषा चिन्छन् । सम्बन्धित देशको भाषा नजानिकनै खाडी मुलुक पुऱ्याइए पनि त्यहाँ पनि अन्ततः मानसिक र शारीरिक शोषणबाट महिलाहरू हिंसामा पर्ने गरेका छन् ।

मानव बेचबिखनको शिकार हुने अधिकांश प्रभावितहरु पहुँचको दृष्टिकोणले हेर्दा राज्य सत्ता तथा शासन प्रकृयामा कुनै प्रकारको पहुँच नभएका, सम्पत्तिको दृष्टिकोणले गरिब तथा विपन्न, रोजगारको दृष्टिकोणले बेरोजगार विशेषगरि कुनै न कुनै प्रकारको हिंसाबाट प्रभावित तथा प्रताडित भएका महिला तथा किशोरीहरु

छन् । एक त दलालहरुलाई राजनीतिक दलहरुले संरक्षण गर्ने र उनीहरूले पैसाको आडमा कानुन कार्यान्वयन गर्ने निकायहरुलाई प्रलोभनमा फसाउने भएर पनि मानव बेचबिखन न्युनिकरण भन्दा पनि फस्टाउँदै गएको छ ।

## कानुनी प्रकृया र प्रावधान

मानव बेचबिखनलाई समाजबाट निर्मुल पार्नुपर्छ र यो मानवताविरुद्धको जघन्य अपराध हो भन्ने कुरा मानव अधिकारसँग सम्बन्धी विभिन्न घोषणापत्र, प्रतिज्ञापत्र तथा ऐन र नीति नियममा उल्लेख भए तापनि यसले प्रभावितहरुलाई दिने न्याय भने सन्तोषजनक छैन । यसरी हेर्दा चेलीबेटी बेचबिखन नियन्त्रण ऐन २०४३ अनुसार प्रभावितले राज्यबाट पाउने न्याय भनेको दलाललाई सजाय र दण्ड हो भने प्रभावितले क्षतिपूर्ति पाउने प्रावधान थिएन यसका साथै बन्द ईजलासका व्यवस्था थिएन यसरी प्रभावितहरुले आफ्नो बयान दिदा हुने गोपनियता भङ्गबाट प्रताडित हुन पर्ने स्थिति थियो र कानुनी प्रकृया पश्चात् उनीहरु पुनः दलालबाट असुरक्षित र समाजबाट बहिष्कारमा पर्ने झन् ठूलो खतरा रहन्थ्यो र राज्य भने दललाबाट लिएको जरिवाना रकमबाट मानव बेचबिखन नियन्त्रण गरेको ढाडस दिने स्थिति थियो । हाल मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा नियमावली २०६५ अनुसार मानव बेचबिखनबाट प्रभावितहरुले बन्द ईजलासमा आफ्नो बयान दिन पाउने, एकपटक बयान प्रमाणित गरेपछि पुनः आउन पनि नपर्ने, क्षतिपूर्ति पनि पाउने व्यवस्था भएकाले पहिलाको तुलनामा पीडितले केही राहत तथा सहयोगको अनुभूति गर्न सकेको अवस्था छ भने अझै पनि कतिपय मुद्दाहरूमा प्रभावितहरूलाई पटक-पटक बयानका लागि बोलाएको पाइन्छ । अझै परिवर्तित स्वरूप अनुसार भएका बेचबिखनका कानुनी व्यवस्थाहरु परिवर्तित र प्रगतिशील छैनन् भन्ने प्रष्ट अनुभूति गर्न सकिन्छ । उदाहरणका लागि, एकजना महिलालाई जागीर लगाइदिने प्रलोभनमा दलालले साउदी अरब पुर्‍याउँछ । त्यहाँ घरमालिकको चर्को यातना सहन नसकेर ती महिला नेपाल फर्कन चाहन्छिन् । उनलाई सुख हुन्छ भन्दै अर्को घरमा बेचिन्छ जुन काम उनको सम्झौता विपरित थियो । भागेर दुतावासको शरणमा ६ महिनापछि नेपाल आई दलाललाई कार्वाही गर्न जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गर्न पटक-पटकको प्रयास गर्दा पनि प्रहरीले वैदेशिक रोजगार र ठगीको मुद्दा हो भनेर फर्काइदिन्छ । न्याय पाउनु त कता हो कता मुद्दा दर्ता समेत नभएको अवस्था छ जिल्लामा । अर्को मुद्दामा विदेश लैजान भनि एक महिलालाई दलालले नै नागरिकता र पासपोर्ट बनाउन सहयोग गरी भारतको कलकत्तामा लगेर बेच्छन् । महिला भागेर नेपाल आइपुग्छिन् र प्रहरीमा उजुरी दिन्छिन् । बेचबिखनको हो मुद्दा भन्दै प्रहरीले दलाल समेत पक्रेर कारवाही गर्न सफल भएको छ । यी दुई मुद्दाहरूमा एउटालाई खाडी मुलुक र अर्कोलाई भारतमा बेचिएको छ । शोषण दुवै प्रकृतिको मुद्दामा भएको हो तर एउटामा मुद्दा दर्ता गरिएन किनकी भारतमा बेचिएकालाई मात्र बेचबिखन मान्ने सोच समस्या बन्ने गरेको छ । यस्तो स्थितिमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन सकृय भए जस्तो लाग्दैन । यदि कुनै व्यक्तिले आफ्नो इच्छा विपरित काममा लगाएमा वा जबरजस्ती गरेमा र शारीरिक शोषण चाहे त्यो उसले काम गरेको पारिश्रमिक दलालले खाने होस् वा यौन शोषण गर्ने कार्य होस् गरेमा वा नेपाल भित्र वा बाहिर जुनसुकै अवस्थामा पनि महिललाई आफूलाई बेचियो भन्ने लागेमा त्यो मुद्दा मानव बेचबिखनको हो भन्ने कुरामा राज्यका निकायहरु लाग्नुपर्छ अनिमात्र पीडित भै समाज परिवार र नाता सम्बन्धीहरुबाट टाढिनु परेकाहरुलाई घाउमा मलमपट्टी गरेको अनुभूति हुन्छ ।

## सिकाई तथा समीक्षा

अन्त्यमा, मानव बेचबिखनका सन्दर्भमा भएका अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरूले बेचबिखनजस्तो घृणित कार्यलाई मानव अधिकारविरुद्धको कार्य मानेको भए तापनि कतिपय अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले प्रदान गरेका अधिकार प्राप्ति तथा प्रदानका लागि नेपाल सरकारले हस्ताक्षर तथा

अनुमोदन नगरेको कारण, कतिपय ऐन कानुन तथा नीति नियम कार्यान्वय नभएर र भएका नीति नियम पनि प्रभावित मैत्री नभएको कारण यस्तो निन्दनिय कार्यको अन्त्य हुन सकेको छैन । उदाहरणका लागि संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि र यसको मानव विशेषगरी महिला तथा बालबलिकाको बेचबिखनलाई रोक्ने दवाउने र सजाए गर्ने यूएन प्रोटोकल (ईच्छाधिन आलेख)लाई अझै पनि नेपाल सरकारले अनुमोदन गरेको छैन । नेपाल सरकारले यो महासन्धि अनुमोदन गरी यसैको आधारमा परिवर्तीत अवस्थामा हुने मानव तस्कर तथा बेचबिखन रोक्ने र नियन्त्रण गर्ने कानुन बनाई कार्यान्वयन गर्नुपर्दछ । त्यस्तै कानुन कार्यान्वयन निकायहरुको परम्परावादी सोंचमा परिवर्तन ल्याउन उस्तै प्रकृतिको शोषण चाहे भारतमा होस् वा अन्य ठाउँमा, प्रभावितले आफूलाई बेचेको भनी उजुरी गर्दा प्रभावितको बयानलाई मान्यता दिने र मानव बेचबिखनको मुद्दा अनुरूप दलाललाई कारवाही गर्ने नजिर स्थापना गर्नुपर्दछ ।

(लेखकः सिन्धुपाल्चोक लामोसाँघु स्थित ग्रामिण महिला सिर्जनशील परिवारमा कार्यरत हुनुहुन्छ ।)

■■■


# हार्दिक बधाई

दक्षिण कोरियास्थित शी-हाक-सुन जस्टिस एण्ड पीस फाउण्डेशनले नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) का अध्यक्ष तथा अति कम विकसित राष्ट्रहरूको नागरिक निगरानी मञ्च (LDC Watch) का अन्तर्राष्ट्रिय संयोजक डा. अर्जुन कार्कीलाई गत २०६७ फाल्गुण २६ गते (१० मार्च, २०११) का दिन सियोलमा आयोजित एक भव्य समारोहमा १४ औं न्याय तथा शान्ति पुरस्कार २०११ द्वारा सम्मान गरिएका अवसरमा एटविन परिवार वहाँलाई हार्दिक शुभकामना व्यक्त गर्दछ ।

उक्त पुरस्कार कोरियामा सैनिक तानाशाही शासनको अवधिमा लोकतन्त्र, मानवअधिकार, न्याय तथा शान्तिका लागि दृढ र साहसपूर्ण संघर्ष गर्नुका साथै गरीब तथा उत्पीडित जनताप्रति विशेष प्रेमका लागि सम्मानित व्यक्तित्वको रूपमा रहेका स्वर्गीय डानियल शी (हाक-सुन) को सम्मानमा स्थापित भएको हो ।



**लक्ष्मी कार्की**
अध्यक्ष
तथा
**महिला तथा बालबालिका बेचविखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)**

# नयाँ संविधान अधिकारमुखी होस् !



*डा. मीना पौडेल समाजशास्त्री हुनुहुन्छ । सन् २००८ मा वहाँले बेलायतस्थित न्यूक्यासल यूनिभर्सिटिबाट 'बेचिएर पर्किएका महिलाहरूले भोग्नु परेको समाजिक बहिष्कार र अनागरिक बनाइएको स्थिति' विषयमा विद्यावारिधि गर्नु भएको हो । डा. पौडेलसँग एसिया र यूरोपका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था एवम् महिला अधिकार समूहहरूसँग काम गरेको लामो अनुभव छ । यूएन प्रोटोकलमा मानव बेचबिखनको मुद्दा समावेशका निमित्त डा. पौडेलले अन्तर्राष्ट्रियस्तरमा वकालत गर्नु भएको थियो । त्यस बाहेक, यूएन प्रोटोकलमा एशियाली महिला अधिकारको परिभाषा कस्तो हुनुपर्छ भन्ने विषयमा पनि वहाँले प्राज्ञिक समीक्षा (एकेडेमिक रिभ्यू) गर्नु भएको छ । अक्सफाम नेपालमा सन् १९९६ देखि २००५ सम्म कार्यक्रम व्यवस्थापक र नेपाल निर्देशक रही काम गर्नु भएको डा. पौडेल हाल अन्तर्राष्ट्रिय आप्रवासी संगठन (आइओएम) का राष्ट्रिय कार्यक्रम सल्लाहकार हुनुहुन्छ । एटविनको अर्ध-वार्षिक प्रकाशन 'ओसारपसार' का लागि पत्रकार अनिल अधिकारीले, मानव बेचबिखनको वर्तमान अवस्था र यूएन प्रोटोकलको बारेमा डा.मिना पौडेलसँग लिनु भएको विशेष अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ ।*

**क) मानव बेचबिखनको सम्वन्धमा नेपालको अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

- नेपालमा मानव बेचबिखनको रूप फेरिएर आइरहेको छ । ०४६ साल भन्दा अघि अधिकांश महिला बेचिन्थे भने अहिले पुरुषहरू पनि बेचिन थालेका छन् र नेपालका सबै ठाउँबाट बेचिन थालेका छन् । २०४६ सालभन्दा अगाडि भारतमा मात्रै बेचिन्थे भने अहिले सबै ठाउँमा बेचिन थालेका छन् । त्यसबेला निश्चित ठाँउका, निश्चित परिवेशका, निश्चित भूगोलका महिलाहरू असंगठित रूपमा बढी बेचिन्थे । किनकि निश्चित परिवेशको स्थानीय मानिसहरूको सत्तासंग पहुच थियो । निश्चित ठाँउमा, निश्चित तरिकाले, निश्चित भूगोलका निश्चित व्यक्तिहरूको पहुचबाट असंगठित रूपमा बेचिन्थे त्यसबेला ।

२०४६ पछि नेपालले व्यावहारिक रूपमै मिश्रित अर्थव्यवस्था अपनाइसकेपछि वैदेशिक रोजगारमा जानेको ओइरो लाग्न थाल्यो । संगठित रूपमा वैदेशिक रोजगारमा पठाउने, जाने र लगिने कुरा हुन थालिसकेपछि मानव बेचबिखनले संगठित रूप लिन थालेको हो । त्यसपछि बेचबिखन नेपालको कुनै भूगोल वा कुनै निश्चित ठाउँमा मात्र सिमित रहेन, कुनै निश्चित जाती, धर्म संस्कृति र पहिचान भएका मानिसहरूमात्र त्यसमा परेनन् ।

द्वन्द्वको अन्त्यतिर मानिसहरू विस्थापित हुन थालेपछि त बेचिने र वैदेशिक रोगजारीको क्रम पनि ह्वात्तै बढेर गयो । त्यसले झन संगठित रूप लिन थाल्यो । विगत एक दशकको मात्र समीक्षा गर्ने हो भने नेपालले वैदेशिक रोजगारी कम्पनीहरूलाई

लाइसेन्स दिएर नै मान्छेहरूको ओसार पसार गर्न थालेपछि यो चाहिँ एकदमै जटिल रूप लिएको मेरो अनुभव छ। यो विश्लेषण मैले आफ्नो विद्यावारिधिको ४ वर्ष र सम्बद्ध आयोजनाको ३ वर्षे अनुसन्धानबाट भनेकी हुँ।

वैदेशिक रोजगार कम्पनीहरूले लाइसेन्स लिएरै, जानेर वा नजानेर, चाहेर वा नचाहेर, नियतवस वा भुक्किएर मानव बेचबिखनको समस्या चुलिँदै गएको हो। उनीहरूको भूमिका यसमा देखिन थाल्यो। संक्रमणकाल र अस्थिर राजनीतिसँग त्यो कुरा जोडिन गयो। त्यही स्थीतिको फाइदा हो त्यो किनभने कानुन पालना गर्नुपर्ने आवश्यकता महशुस भएन। सरकारहरू स्थीर हुन सकेनन् र दण्डहीनताको स्थीति बढ्दै गयो र यो मुद्दा झन् जटिल र संगठित हुन गएको हो।

**ख) नेपाली महिलाहरू के कारणले बेचिइरहेका छन् ?**

महिला हिंसा र विभेदका कारण बेचिन्छन्। विभेद र हिंसा सहन नसकेर र त्यसबाट उम्किन खोज्दा बेचिन्छन् र परिवार प्रतिको दायीत्व वोध भएर परिवारलाई सहयोग गर्छु भनेर रोजगार खोज्दा बेचिन्छन्। बिडम्बना, जुन परिवारको चिन्ताले बेचिए, त्यही परिवारले फर्केर आएकी महिला सदस्यलाई स्वीकार्दैनन्। थप हिंसाबाट जोगिन र पहिचान स्थापित गर्न विवाह गर्छन र अर्को हिंसाको चक्रमा फस्छन्।

**ग) यो हिंसाको अन्त्य कसरी गर्न सकिन्छ ?**

- पहिचान स्थापित अर्थात् नागरिकता प्राप्ती र रोजगार सुनिश्चित हुनु पर्छ। सहि पहिचानले उसलाई नागरिक बनाउँछ भने रोजगार भएपछि जीविकोपार्जनको समस्या टर्न सक्छ। नागरिकता भैसकेपछि एक ठाउमा हिंसा भयो भने बाहिर पनि काम गरेर खान सक्छन्। नागरिकता वा पहिचान भइसकेपछि हिंसा पनि कम हुँदो रहेछ। किनकी नागरिकता प्राप्त गर्नकै निमित्त कतिपय महिलाहरू हिंसा सहेर बसेका पाइन्छन्। नागरिकता भैसकेपछि रोजगारीको सम्भावना धेरै खुल्छन्।

**घ) अन्तर्राष्ट्रिय सन्दर्भमा मानव बेचबिखनको नेपालको अवस्था कस्तो छ ?**

- अन्तर्राष्ट्रियस्तरमा नेपालको गन्तव्य अहिले मध्यपूर्वसम्म मात्र छ। बेचबिखनको मेरो अनुसन्धानमा एक दुइवटा महिलाहरू अमेरिका बेचिएका पनि पाइएका छन्। यूरोपमा बेचिएका पनि पाइएका छन जुन नगन्य छ तर त्यसले के देखाउँछ भने बेचबिखनको दायरा फराकिलो हुदैछ तर नेपालको बेचबिखनको स्थिति हेर्ने हो भने अहिले प्रमुख गन्तव्य भारत नै हो र मध्यपूर्व नयाँ गन्तव्य हो। भारत हिजो थियो अझ पनि छ तर भारत भन्दा ठूल्ठूला गन्तव्य भैसके अब। चीनमा नेपाली उल्लेख्य छैन तर शुरु भैरहेको छ। चीनको पनि तिब्बत गन्तव्यको रूपमा आइरहेको छ। जहाँ जहाँ हाम्रो व्यापार फैलिंदैछ त्यहाँ त्यहाँ बेचबिखनको जालो पनि फैलिंदैछ। हाम्रो मिश्रित अर्थव्यवस्थाले फिंजाएको व्यापारसँगै यो पनि जोडिएर गईरहेको छ।

**ङ) मानव बेचबिखनमा देखिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धार (स्ट्रीम) हरूलाई कसरी लिनु भएको छ ?**

- खासगरि, तीनवटा धारहरू देखिएका छन। एउटा दातृ मुलूकहरू, अमेरिका लगायतका मुलूकहरूले अगाडी ल्याएको धार जसले बेचबिखनलाई अपराधको रूपमा हेरिनु पर्छ र यसलाई अपराध नियन्त्रण गर्ने तौर तरिकाबाटै जानुपर्छ भन्छ तर यो धारले बेचिएका पीडित महिला वा पुरुषलाई पनि अपराधीको रूपमा लिने सम्भावना बढी छ र यो धार प्रोजेक्ट (पैसा र स्रोत) सँगै आइरहेको छ।

अर्को, संयुक्त राष्ट्र संघले विगत दश वर्षदेखि प्रमुख मुद्दाको रूपमा लिएको अफ्सनल प्रोटोकल। यद्यपी यो सर्वमान्य परिभाषा मान्न भने सकिन्न तर जब यो प्रोटोकल आयो, त्यसपछि संयुक्त राष्ट्र संघले

यसलाई गम्भिर रूपमा लिएर एउटा परिभाषा नै प्रस्ताव गऱ्यो जुन अन्तराष्ट्रिय स्तरमै मान्य भयो जसलाई आधार बनाएर हामीले कानुन बनाएको हो र विभिन्न गैससहरूले पनि त्यही परिभाषालाई आधार बनाएर कार्यक्रमहरू बनाईराखेका छन । यो धारले केही हदसम्म बेचबिखनलाई मानव अधिकारको मुद्दाको रूपमा लिन्छ र यसलाई समाधान गर्न मानव अधिकारको दृष्टिकोणबाट जानुपर्छ । पीडितको अधिकार केन्द्रीत कार्यक्रमहरू हनुपर्छ भन्छ । कुटनैतिक माध्यमबाटै चलेको धार हो यो । संयुक्त राष्ट्र संघको सदस्य भएको कारण नेपालले त्यसलाई अनुमोदन गर्नुपर्छ र त्यसलाई अपनाउनु पर्छ भनिएको हो ।

तेस्रो धार, प्रभावितमुखी छ । अहिले उनीहरू आफै संगठित हुन थाले । प्रभावितहरूले यो मुद्दालाई नितान्त मानवअधिकार र पहिचानसँग जोडिएको मुद्दा मानेका छन् । यो महिला मुद्दा मात्र पनि होइन, यो एउटा बेचिने मान्छेको पहिचानसंग जोडिएको मुद्दा हो र यो आप्रवास आप्रवासन (माइग्रेसन) सँग पनि जोडिएको मुद्दा हो भनेर हेरिएको छ । मान्छे किन आप्रवासी हुन्छ भन्दा जीविकोपार्जनका लागि एक ठाउँबाट अर्को ठाउँमा बसाईं सर्दा हुन्छ र जीविकोपार्जन भनेको नितान्त मानवअधिकारको मुद्दा हो । त्यसले गर्दा अहिले प्रभावितहरूले ल्याउन खोजेको, उठाउन खोजेको एउटा धार के हो भने यो नितान्त मानव अधिकार मुद्दा हो र यसलाई मानव अधिकारको दृष्टिकोणबाट, पीडितको र उसका परिवारको अधिकारलाई केन्द्रमा राखेर कार्यक्रम तय गरिनुपर्छ भन्छ ।

यी तीनैवटा धारहरूले नेपालमा काम गरिराखेका छन् । दक्षिण एशियामा पनि ती छन् र संसारमा ती धारहरूले काम गरिरहेका छन् ।

**च) हाल देखिएका कार्यक्रमहरू के यी नै धारहरू अन्तर्गत रहेर भैरहेका छन् त ?**

- जति क्रियाकलापहरू भएका छन् ती कुनै न कुनै धारमा पर्छन् नै । केन्द्रमात्र नभएर जिल्लाको कार्यक्रममा पनि त्यो भेटिन्छ । अमेरिकी ढाँचा (यूएस फ्रेमवर्क), संयुक्त राष्ट्र संघीय ढाँचा (यूएन फ्रेमवर्क) र प्रभावित ढाँचा (सरभाइभर फ्रेमवर्क) । प्रभावित ढाँचाले संगठित रूप लिइसकेको छैन । भरखर, भरखर नेपालमा पनि शक्ति समूह जस्ता संस्थाहरू आइरहेका छन् । भारतमा आइरहेका छन्, बंगलादेशमा छन् । अफ्रिका र यूरोपमा काम गर्दा मैले अनुभव गरेकी छु ।

**छ) यूएन प्रोटोकलले प्रभावितहरूको लागि कतिको सम्वोधन गरेको जस्तो लाग्छ ?**

- जतिबेला यूएन प्रोटोकल बन्यो प्रभावितहरूको आवाज अहिलेको जति चर्को रूपमा आइसकेको थिएन र प्रभावितहरू यसरी संगठित पनि थिएनन् । यूएन प्रोटोकल एउटा अन्तर्राष्ट्रिय दस्तावेज भएकोले त्यसलाई ठाँउ अनुसार हामीले प्रयोग गर्न सक्छौं ।

हामीले हाम्रो देशको परिवेश अनुसार त्यसलाई परिभाषित गरेर लागू गर्न सक्यौ भने प्रभावितहरूको मानवअधिकार सुनिश्चित हुन्छ भन्ने लाग्छ । मुख्य कुरा, हामी कसरी त्यसलाई परिभाषा गर्छौं, हाम्रो कानुनसँग कसरी जोड्छौ र त्यसलाई कसरी प्रयोग गर्छौं भन्ने कुरा हो ।

**ज) राज्य र सरोकारवालालाई यसले कतिको उत्तरदायी बनाउँछ ?**

- राज्यले मान्नै पर्छ भन्ने छैन, नत्र त उहिले नै यसको अनुमोदन भइसक्थ्यो होला । संयुक्त राष्ट्र संघको दस्तावेज हो अतः कुटनीतिक तवरले जानुपर्ने हुन्छ तर वाध्यात्मक भने होइन । स्वविवेक प्रयोग गरेर म संयुक्त राष्ट्र संघको एउटा सदस्य हुँ र मेरो पनि त्यो बनाउनमा लगानी छ, मेरो पनि राय र मत छ, मेरो पनि संलग्नता छ, मेरो पनि भूमिका छ, त्यसकारण मैले यसलाई अपनाउनु पर्छ भनेर राज्य पक्ष इमान्दार हुने हो भने त्यहाँ नैतिक दायित्व हुन सक्छ ।

नेपालको सन्दर्भमा भन्दा, पहिला त यो अनुमोदन

हुनुपर्‍यो । महिला तथा बालबालिका मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयहरूसँगको अन्तरक्रियाबाट के देखिन्छ भने सरकार अनुमोदन गर्नमा उदाशिन छैन, अनुमोदन गर्नुपर्छ भन्नेमा गइरहेको छ । त्यसका विभिन्न प्रकृयागत कुराहरू होलान् । अहिलेको संक्रमणकालमा प्रकृयागत कुराहरू कति अगाडी जान्छन् जान्नन्, संविधान बनिसकेपछिको अवस्थामा कुर्नुपर्ने स्थिति आउने हो वा होइन, त्यो अलग कुरा हो तर महिला तथा बालबालिका लगायत विभिन्न मन्त्रालयहरूका पदाधिकारीहरूसँग कुरा गर्दा वहाँहरू यसलाई अनुमोदन गर्नुपर्छ भन्नेमा चाहिँ सहमत हुनुहुन्छ । तर प्रकृयागत कुराले समय खाने र प्राथमिकतामा कहाँ पर्छ भन्ने कुरा चाँही अर्को प्रश्न हो ।

**झ) नेपालमा यूएन प्रोटोकलको वकालत हुन थालेको लामो समय भएन र ?**

- १० वर्ष भयो । एटविन स्वयंपनि लामो समयदेखि बहस र पैरवी गर्दै आइरहेकै कुरा हो । एकातिर यसको अनुमोदन प्रकृया अगाडि बढाइनु पर्छ, अर्कोतिर १० वर्षको अन्तरालमा आप्रवास (माइग्रेसन) र ओसारपसार (ट्राफिकिङ) मा धैरै परिवर्तन भइसकेको छ । अतः यूएन प्रोटोकल आफैलाई समीक्षा र पुनरावलोकन गरेर अद्यावधिक (अपडेट) गर्नुपर्ने बेला चाहिँ भइसकेको छ ।

**ञ) नयाँ संविधानमा के कस्ता विषयहरू स्थापित हुनुपर्छ ?**

- रोजगार र पहिचानको विषय । यो गएर सिधै अंश र वंशसंग जोडिन्छ । बेचिएर फर्किएका महिलाहरूको अंश भनेको रोजगार र जनजीविकासँग जोडिन्छ । अहिलेको परिवेशमा यी दुईवटा कुराहरूले बेचबिखनको सन्दर्भमा अति महत्व राख्छन् । अतः मानव बेचबिखनविरुद्धमा काम गर्ने संस्था वा अभियानकर्ता हामी जस्तो अनुसन्धानकर्ता, तपाईहरू जस्तो संचारकर्मीको भूमिका चाहिँ अहिले महत्वपूर्ण छ ।

**ट) नयाँ बन्ने संविधानमा बेचबिखनको सवाल स्थापित हुन्छ र प्रभावितहरूको अधिकार सुनिश्चित हुन्छ भन्नेमा कत्तिको आशावादी हुनुहुन्छ ?**

- एक वर्षको हाम्रो अपडेटमा हामी त्यति धैरै आशावादी छैनौ । अहिले कै परिवेशमा भन्नुपर्दा नयाँ संविधानका लागि भित्रभित्र जे पाकिरहेको छ त्यँहा त्यही कुरालाई पस्कने हो भने माथि उल्लेख भएका कुराहरू छैनन् जस्तै अंश र वंशको कुरा । हामीले राष्ट्रियस्तरका दुईवटा गोष्ठीहरू मौलिक अधिकारको सभापतिदेखि सभासद्, मन्त्री, कानुनविद्, सरोकारवाला संघसंस्था र प्रभावितहरूलाई बोलाएर छलफल गर्दा यी कुराहरू समावेश भएका छैनन् भन्ने प्रष्ट देखिन्छ । तर मौलिक अधिकार र निर्देशक सिद्धान्त समितिले प्रस्तुत गरेको प्रतिवेदन अनुसार स्थापित नै गरेको चाहिँ छैन तर स्थापित गर्नेतिर केन्द्रीत छ । आशा गरौं नयाँ संविधान अधिकारमुखी होस् ।


■ ■ ■

## कविता

मानव बेचबिखन/ओसार पसार रोकौ है  
यसका लागि आजैबाट हामी सबै जुटौ है ।  
परामर्श गोष्ठिलाई निष्कर्षमा पुर्‍याउनु छ,  
अपराध रोक्न प्रभावकारी कार्ययोजना बनाउनु छ ।  
त्यसैले त कार्यशालामा हामी सबै जुटेपछि  
दायित्व पुरा गर्नुपर्छ यहाँबाट छुटेपछि ।

**मनोहर गौतम**, CDM Nepal, **बुटवल**

# बेचबिखन तथा ओसारपसारको नारकीय यात्राबाट बालबालिका मुक्त हुनै पर्छ



भरत अधिकारी

विश्व आज मानव विकासको एक्काइसौं शताब्दीको बैज्ञानिक युगमा सयर गरिरहेको छ । तर यस पृथ्वीमा रहेका मध्ये लाखौं लाख मानिसहरू आजपनि मानवता विहिन निच र स्वार्थी मानिसहरूबाटै बेचिएर तथा ओसारपसारमा परी दासतापूर्ण र शोषित जीवन बिताउन बाध्य भइरहेका छन् । बालबालिका यसको मारबाट अझ बढी पिल्सिएका छन् । पारिवारिक, सामाजिक, आर्थिक र राजनैतिक समस्या एवम् जटिलता भएका मुलुकका बालबालिका सबैभन्दा बढी बेचबिखनमा पर्ने गरेको तथ्यहरूले देखाएको छ । हाम्रो देश पनि यस समस्या एवम् जटिलतामा रुमलिएका मुलुकहरू मध्येको एक हो । अहिले पनि बालबालिकाको बेचबिखन तथा ओसारपसार हाम्रो देशको निम्ति प्रमुख सामाजिक मुद्दा बनिरहेको छ । छिमेकी देश भारतसँगको खुला सिमाना र त्यहाँको श्रम तथा यौन बजारमा हुने बालबालिकाको शोषणले नेपाली बालबालिकालाई पनि प्रभाव पारिरहेको छ । यो समस्या केवल नेपालको मात्र नभएर भारत लगायत सार्क राष्ट्रहरू समेतको साझा चासो र चुनौतिको विषय बनेको छ । यो मुद्दा विश्व राष्ट्रहरूको चिन्ता र सरोकारको पनि विषय हो । यसर्थ पनि सार्क राष्ट्रहरू लगायत विश्वका हरेक मुलुकले मानव बेचबिखन तथा ओसारपसारलाई मानवताविरुद्धको जघन्य अपराधको रूपमा लिएका छन् । अझ बालबालिका बेचबिखन र ओसारपसार कार्यलाई त आधुनिक दासताको रूप मानेका छन् ।

रोजगार र शिक्षा पाउनु युवा र बालबालिकाको निम्ति अपरिहार्य आवश्यकता मात्र होइन अधिकार पनि हो । बढ्दो आर्थिक संकट र राजनैतिक अस्थिरताले हाम्रो देशमा आन्तरिक रोजगारका अवसरहरू न्यून हुँदै गइरहेका छन् । यस्तो अवस्थामा देशका युवा शक्ति र बालबालिका सहज रोजगार र शिक्षाको अवसरबाट टाढिँदै गइरहेका छन् । यस्तो अवस्थाको दुरुपयोग गरी बेचबिखनका दलालहरूले खासगरी युवती र बालिकाहरूको बेचबिखन तथा ओसारपसार गरिरहेका छन् । नेपालबाट प्रतिवर्ष बाह्र हजार भन्दा बढीको संख्यामा नेपाली महिला तथा बालिकाहरू छिमेकी देश भारतका मुख्य शहरहरूमा विभिन्न श्रम तथा यौन बजारमा प्रवेश हुने गरेको बताइन्छ । यसमध्ये बीस प्रतिशत भन्दा बढी सोह्र वर्ष मुनिका बालिकाहरू सर्कस, होटल लगायतका जोखिमपूर्ण श्रम र यौन बजारमा जवरजस्ती काममा लगाइएका छन् ।

भारत लैजाने दलालहरूले केही वर्ष पहिलेसम्म नेपाली किशोरीहरूसँग वैवाहिक नाता जोड्ने र भारतका शहरहरू घुम्न, आफन्त भेट्न वा राम्रो काम गर्न भनी लैजाने गरेको अवस्था थियो । चतुर दलालहरूले केही वर्ष यता किशोरी तथा बालिकाहरू ओसारपसार गर्ने स्वरूपमा परिवर्तन गरेका छन् । पछिल्लो समयमा गाऊँमा आएर सबैभन्दा पहिले लक्षित किशोरी वा बालिकाको परिवारसँग बनावटी नाता जोड्ने, मितेरी साइनोगाँस्ने गर्दछन् । यसै सम्बन्धलाई माध्यम बनाई किशोरी तथा बालिकासँग सम्बन्ध बिस्तार गर्ने र राम्रो रोजगार र शिक्षाको प्रलोभन दिएर उचित मौका अनुसार निर्दोष किशोरी वा बालिकाहरूलाई यौन कोठीमा पुऱ्याउन थालेका छन् ।

केही वर्ष यता नेपाली मात्र हैन भारतीय किशोरी तथा बालबालबालिका समेत नेपालमा बेचबिखन तथा ओसारपसार हुन थालेका घटनाहरू सार्वजनिक भइरहेका छन् । यस्ता घटनाहरूले नेपाली बालबालिकाको भारत लैजाने अवस्था मात्र हैन भारतीय बालबालिका नेपाल आउने अवस्थामा समेत सचेत हुनुपर्ने स्थिति सृजना भएको छ । यतिमात्र हैन नेपाली युवती तथा बालिकाहरू छिमेकी देश भारत हुँदै हवाई मार्गको प्रयोग गरी खाडी मुलुकहरूमा समेत लैजाने क्रम शुरु भएको छ । मुलतः होटल र घरेलु श्रमका निम्ति भनेर लगिने ती महिला तथा बालिकाहरू कार्यक्षेत्र भित्रै यौन शोषणमा परेका मात्र हैन यौन कोठीहरूमा

समेत काम गर्न बाध्य बनाइएका घटनाहरू प्रकाशित भइरहेका छन् । चौध/पन्ध्र वर्षका बालिकाहरूलाई अठार उन्नाईस वर्षको भनी किर्ते नागरिकताका आधारमा विदेश पठाउन लागिएको अवस्थामा काठमाण्डौ विमानस्थलबाट बालिका फर्काइएको घटना सार्वजनिक भइसकेको छ । विदेशी श्रमको निम्ति जान लागेकी उक्त बालिकालाई आफूकुन मुलुक, शहर र के कामको निम्ति जाँदै छु भन्ने कुरा समेत थाहा नहुने उदेक लाग्दो छ । यस्तो परिस्थितिले कलिला बालिकाहरूलाई हवाईमार्गबाट तेस्रो मुलुकमा पठाउने पद्धतिलाई त उजागर गरेको छ नै तर सम्बन्धित सबै सरोकारवालाहरूलाई सचेत हुन समेत ध्यानाकर्षण गरेको छ ।

किशोरी तथा बालिकाहरूको सिमापार हुने बेचबिखन तथा ओसारपसारको कुरा गरिरहँदा देशभित्रै भइरहेको गतिविधिलाई पनि नियाल्नु आवश्यक हुन्छ । विगत केही वर्ष यता किशोरी तथा बालिकाको आन्तरिक बेचबिखन तथा ओसारपसारका गतिविधिहरूमा बृद्धि भइरहेका छन् । देशको विद्यमान राजनैतिक अस्थिरताले फितलो बनेको कानुनी शासनको मौका छोपी खासगरी राजमार्ग र शहरी क्षेत्रहरूमा लुकीछिपी गैरकानुनी यौन व्यवसाय फस्टाइरहेको कुरा यस क्षेत्रमा बेलाबेलामा गरिने प्रहरी अपरेशनले पनि प्रष्ट पारेको छ । कैयन कलिला बालिकाहरू राजधानी काठमाडौं लगायतका शहरहरूमा फैलिदै गएका डान्स रेष्टुरेन्ट, मसाज सेन्टर र होटलहरूमा श्रम तथा यौन गतिविधिमा संलग्न भएको अवस्थामा प्रहरीद्वारा पटक-पटक उद्धार गरिरहेको समाचार प्रकाशित र प्रसारित भइरहेका छन् । यस क्षेत्रमा कार्यरत महिला तथा बालिकाहरूले आफूमाथि भएको यौन शोषण विरुद्ध मुद्दा दायर गर्ने क्रम पनि बढ्दै गएको छ । यी घटनाहरूले ती क्षेत्रहरूमा यौन व्यवसाय सञ्चालन भइरहेको प्रष्ट संकेत गरेता पनि पर्याप्त कानुनको अभावमा प्रभावकारी कारवाही हुन सकेको छैन न त नियन्त्रण नै । यसका अतिरिक्त श्रमका अन्य क्षेत्रमा पनि यौन व्यवसाय सञ्चालन भइरहेको प्रमाणहरू फेला परेका छन् । केही वर्ष पहिले ललितपुरमा घरेलु बालश्रमका निम्ति भाडामा लिइएको घरमा राखिएका बालिकाहरूलाई ग्राहक बोलाई सोही स्थानमा र यस्तै अन्य स्थानमा लगी जवरजस्ती यौन शोषण गराइएको अवस्थाबाट उद्धार गरी कानुनी कारवाही गरिएको घटना पनि सार्वजनिक भएको थियो । यी सम्पूर्ण परिदृश्यहरूले नेपाल भित्र पनि गैरकानूनी रुपमा यौन धन्दाहरू चलेका मात्र हैन दिनानुदिन फस्टाइरहेको प्रष्ट हुन्छ । नेपालमा मात्र बिसौं हजारभन्दा बढि महिला तथा बालिकाहरू यस कार्यमा संलग्न रहेको अनुमान गरिन्छ छ जुन चिन्ताको विषय हो ।

केही वर्ष पहिले भारतको उत्तर प्रदेशमा गरिएका बालश्रम नियन्त्रण अभियानका कारण बालश्रमिकको अत्यधिक प्रयोग गर्दै सञ्चालित जरी भर्ने कारखानाहरू त्यहाँ त कम भए तर तिनै सञ्चालकहरूले बालश्रमिकको प्रयोग गर्दै काठमाडौंमा व्यवसाय गरिरहेका खबर सार्वजनिक भएका छन् । नेपाल र भारतका सिमा क्षेत्रका विपन्न बस्तीका हजारौ बालबालिका यस काममा संलग्न गराइएको पाइएको छ । शुरुमा काठमाडौंका भित्री गल्ली तथा चक्रपथ बाहिर गोप्य रूपमा सञ्चालित यस्ता कारखानाहरू अहिले खुल्ला रूपमा नै सञ्चालन गरिन थालिएका छन् । आधिकारिक रुपमा दर्ता समेत नगरी सञ्चालित चारसय भन्दा बढी जरी भर्ने कारखानाहरूमा केही वर्ष पहिले मात्र साढे सात हजार भन्दा बढी बालश्रमिकहरू रहेको अनुमान गरिएको थियो । यसको अतिरिक्त गलैचा बुन्ने काममा पनि बालश्रमिकहरूको प्रयोग विगत केही वर्ष यता बढिरहेको छ । खासगरी ठेक्कामा गलैचा बुन्ने कोठा बहालमा लिई सञ्चालन गरिएका गलैचा कारखानाहरूमा बालश्रमिकहरू प्रसस्तै भेटिएका छन्। जरी कारखाना र गलैचा कारखानामा बालबालिकालाई स्कुल पढिरहेको अवस्थाबाट ललाई फकाई ल्याइ काममा लगाइने र उनीहरूको अत्यधिक श्रम शोषण गरिने गरिएको छ । यस क्षेत्रमा हुने ओसारपसार नियन्त्रण गर्न तत्काल राज्यको ध्यान जानु जरुरी छ ।

बेचबिखन र अन्ततः यौन शोषणमा परेका पीडितहरूको प्रत्येक क्षणहरू पीडामा बित्ने गर्दछ । यौन रोग तथा एच.आइ.भी. एडस्को जोखिमबाट बच्न गर्नुपर्ने संघर्ष, ग्राहकका दानवीय यौन आक्रमण, हिंस्रक व्यवहार, शोषण जस्ता पीडा सहन गर्न नसकी कतिपय किशोरी तथा बालिकाले आत्महत्याको असफल प्रयास गर्दछन् भने कतिपयको यौन रोगकै कारण जीवन समाप्त भएको छ । यस्ता बालिकाले चरम हिनताबोध, निराशा र प्रतिशोध सहन गर्नुपर्ने अवस्थाको सृजना भएको छ । दानवीय दासताबाट उम्कन सफल चेलीहरू घर समाजमा फर्कन नसक्ने र फर्केकाहरू पनि आफ्नै परिवार तथा समाजबाट तिरस्कार हुने गरेकाले विचलित बन्नु परिरहेको छ । मानव बेचबिखन जस्तो जघन्य अपराधबाट किशोरी तथा बालबालिकालाई बचाउन यससँग सम्बन्धित सरकारी

निकायहरू र अन्य सबै सरोकारवाला संघ संस्थाहरूको समन्वय र सहकार्यमा विभिन्न प्रयासहरू भएको देखिन्छ । गाउँ शहरमा यस विरुद्ध सामाजिक संचेतना कार्यक्रमहरू सञ्चालन पनि भइरहेका छन् । देश भित्र र बाहिर हुने बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्न अनुगमन गर्ने तथा नाकाहरूमा यस किसिमको गतिविधिको निगरानी गर्ने कार्य पनि भइरहेको छ ।

देशका विभिन्न स्थानहरूमा सञ्चालित डान्स बार, राजमार्गका होटल, मसाज सेन्टर र अन्य शंकास्पद यौन व्यवसायका क्षेत्रहरूमा पनि निगरानी गरिने गरेको छ। कतिपय अवस्थामा उपरोक्त क्षेत्रहरूबाट बालबालिकाको उद्धार पनि गरिएको छ । उता भारतमा रहेका यससँग सम्बन्धित संस्था र सरकारी निकायहरूसँग पनि नेपाली संस्था र सरकारी निकायहरूको राम्रो समन्वय स्थापित भएको छ। फलस्वरुप बालबालिकाको उद्धार गरी नेपाल पठाउने र बेचबिखन तथा ओसारपसारमा संलग्न नेपाली अभियुक्तहरूलाई नेपालमा सुपुदर्गी गरी कानुनी कारबाही गर्नमा सघाउ पुऱ्याउने कार्यमा पनि यस सहकार्यले मद्धत पुगेको छ । उद्धार गरिएका बालिकाहरूको संरक्षण, सामाजिकीकरण, शिक्षा, सीपमुलक तालिम, पुनःस्थापनाजस्ता कार्यक्रमहरू गैरसरकारी संस्थाहरूको सक्रियतामा भइरहेको छ ।

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारलाई जघन्य अपराधको रुपमा लिई यसलाई नियन्त्रणको निम्ति छुट्टै कानुनी व्यवस्था गरेको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ नाम दिइएको यस ऐन थप व्यावहारिक र प्रभावकारी देखिएको छ । यस ऐनको राम्रो पक्ष भनेको बालबालिका सम्बन्धी ऐन २०४८ ले तोकेको बालबालिकाको उमेर १६ वर्षलाई बढाई १८ वर्ष सम्मका व्यक्तिलाई बालबालिका भनी मान्यता दिनु हो । यसका अतिरिक्त मानवको अङ्ग झिक्ने कार्य समेतलाई शोषण मानी यस ऐनले दायरा बढाएको छ । मानिस बेच्ने वा किन्ने, फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, कानुन विपरित मानव अङ्ग झिक्ने र वेश्यागमन गर्ने समेत कार्यलाई यस ऐनले मानव बेचबिखन कसूरको रुपमा लिएको छ । यसैगरी, किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले ललाई फकाई गर्ने, करकापमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जवर्जस्ती गरी, पद वा शक्तिको दुरुपयोग गरी, अभिमावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई कसैलाई बसिरहेको घर, स्थान वा ब्यक्तिबाट छुटाई लग्ने, आफ्नो नियन्त्रणमा लिने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई यस ऐनले मानव ओसारपसारको रुपमा लिएको छ ।

सजायको हकमा मानव बेच्ने वा किन्नेलाई वीस वर्ष कैद र दुईलाख रुपैयाँ जरिवाना गर्ने सम्मको सजायको ब्यवस्था यस ऐनले गरेको छ । यसै गरी बेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा हेरी दश देखि पन्ध्र वर्ष सम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था गरिएको छ । त्यसै गरी मानव अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुईलाख देखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्ने ब्यवस्था गरेको छ । ऐनले वेश्यागमन गर्नेलाई समेत दोषि ठहऱ्याई सजायको ब्यवस्था गरी यस पहिले कानुनी उन्मुक्ती हुने अवस्थाको अन्त्य गरिदिएको छ । वेश्यागनम गर्नेलाई तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना तोकिदिएको छ । निश्चय पनि यो प्रसंसनीय कानुनी प्रावधान हो तथापि दोषीलाई सापेक्षित रुपमा कम सजाय तोकिनु युक्तिसंगत भने मान्न सकिदैन । बालबालिकाको हकमा भने कसूरदारलाई ठूलाको भन्दा अझ बढी सजाय र जरिवानाको व्यवस्था यस ऐनले गरेको छ। यस व्यवस्थाले बालबालिका बेच्ने र ओसारपसारमा संलग्न हुनेलाई निरुत्साहित गरी नियन्त्रणमा ध्यान दिएको देखिन्छ ।

बेचबिखन मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ ले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा उद्धार गरिएकाहरूको पुनःस्थापनाको निम्ति विशेष ध्यान दिइएको छ । विदेशमा कसैलाई बेचिएको रहेछ भने नेपाल सरकारले निजको उद्धारको व्यवस्था मिलाउने, उद्धार गरिएका पीडितहरूको शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक पुनःस्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको निम्ति आवश्यकता अनुसारको पुनःस्थापना केन्द्रको स्थापना र सञ्चालन गर्ने व्यवस्था ऐनले गरेको छ । यसैगरी गैरसरकारी क्षेत्र तथा सम्बन्धित सरकारी निकायहरूको समन्वय र सहकार्यमा अन्तराष्ट्रिय संजाल मार्फत बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने अभिप्राय यस ऐनले स्पष्ट रुपमा लिएको छ। जुन समय सापेक्ष र बढी व्यावहारिक छ। तर कानुन जती प्रभावकारी र व्यावहारिक भए पनि व्यक्ति र समाजमा

यस सम्बन्धी चेतना र जागरण भएन भने यसको नियन्त्रण सम्भव छैन । एक्काइसौ शताब्दीको मानव बेचबिखन तथा ओसारपसारको चुनौतिलाई सामाजिक संचेतना, सामूहिक निगरानी, जागरण र दोषिलाई उम्कने अवस्था नदिई कानुनी कारबाही गर्न समाजका प्रत्येक व्यक्ति, समुदाय, राजनीतिक दल, संगठित समुदाय, नागरिक समाज, यस क्षेत्रमा क्रियाशील संघ संस्था, सम्बन्धित निकाय तथा नेपाल सरकार सबै एकजुट भई लाग्नु आजको आवश्यकता पनि हो र सबैको दायित्व पनि हो ।

(लेखक: सिविन नेपालसँग आवद्द हुनुहुन्छ ।)

■ ■ ■

अनुभव

# मानव बेचबिखन तथा ओसारपसारको स्वरूप



शान्ता खनाल

'म सानै छँदा रेडियोमा समाचार सुन्थें, चेलीबेटी बेच्ने दलाललाई प्रहरीले समात्यो ।', छेवैमा बस्नुभएको जिजु हजुरआमालाई मान्छे पनि बेच्न पाइन्छ र भनेर सोध्थें । 'हाम्रो पालामा त पाइन्थ्यो तर अहिले पाइँन्न भनेर हजुरआमाले बिस्तार लगाउनु हुन्थ्यो । उतिबेला कमारा कमारीको किनबेच हुने रहेछ । बिहेमा दुलहीसँगै कमारा कमारी पनि दाइजो दिएर पठाउने चलन थियो । मभित्र उत्सुकता मेटिएन र फेरि सोधें, 'उसोभए बेचिएका मान्छेलाई गाई बाखा जस्तै दाम्लोमै बाँधेर राखिन्थ्यो त !' हजुरआमाले भन्नुहुन्थ्यो, 'बाँध्नु त पर्दैनथ्यो तर उनीहरु आफू खुसी भन् केही गर्न पाउँदैनथे । मालिकले भनेको मात्र मान्नु पर्थ्यो । मालिकलाई मन परेन भने अरुलाई बेच्दिन्थे ।' हजुरआमाको कुरा सुन्दा, अचम्म पनि लाग्थ्यो र दुःखपनि । समयक्रमसँगै उमेरको खुट्किलो उक्लँदै जाँदा मैले कुरो बुझैं, हजुरआमाले भनेको दासप्रथालाई चन्द्र शमशेरले बन्देज लगाएका थिए । तर मैले दिदीबहिनीहरु बेचिएका घटनाहरुभने झन धेरै सुन्न र बुझ्न थालें । तर त्यो बेचबिखनभित्र मेरी जिजुहजुरआमाले भने जस्तो घरेलु कामको प्रायोजनको लागिमात्र नभएर त्यस भित्र धेरै कुराहरु लुकेका रहेछन् ।

समयले धेरै फट्को मारिसक्यो तर हाम्रा दिदी बहिनीहरु विभिन्न बहानामा एक ठाउँबाट अर्को ठाउँमा ओसारिने र बेचिने क्रम बन्द हुन सकेन। आज पनि हाम्रा दिदीबहिनीहरु गाउँबाट शहर र शहरबाट फेरि विदेशिने क्रम बढ्दो छ । काठमाण्डौमै पनि कतिपय परिवारमा गाउँबाट गरिबका छोराछोरीहरुलाई घरको काम सघाए वापत पढाइदिने शर्तमा ल्याएर बँधुवा श्रमिक बनाएका घटनाहरु प्रशस्तै छन् । उनीहरुको मानव अधिकारको कुरा त निकै टाढाको विषय भयो न्यूनतम आवश्यकताका कुराहरु पनि पाइरहेको अवस्था छैन र यस्ता घटनाहरु शिक्षित परिवार मै ज्यादा भएको पाइएको छ । उदाहरणका लागि घरको सहयोगी (काम गर्ने मान्छे) लाई चिसो र बासी खाना दिइने, जाडोयाममा लगाउने कपडा पर्याप्त नदिने र चिसो भुइँमै सुत्नुपर्ने बाध्यता हुनु मात्र होइन बालबालिकाहरुलाई तातो आइरनले डाम्नु, सिस्नोपानीले पोल्नु आदि दुर्व्यवहार र यातनाका घटनाहरुपनि हिजोआज संचार माध्यमहरुमा समाचार बन्ने गरेका छन् किशोरीहरुलाई पढाई दिने बहानामा गाउँबाट शहर ल्याई विभिन्न होटल, रेष्टुरेण्ट तथा मसाज पार्लरमा जवर्जस्ती यौन व्यवसायमा लगाइएका घटनाहरु पनि विभिन्न संचार माध्यमहरुले बेलाबेलामा प्रकाशमा ल्याइरहेका छन्। नेपालको पश्चिम तराईका जिल्लाहरुमा कमैया र कम्लरीको रुपमा बर्षौं देखि मानव बेचबिखन हुँदै आइरहेको छ । सरकारले कमैया मुक्तिको घोषणा गरेपनि त्यो अझै व्यवहारमा लागू हन सकिरहेको अवस्था छैन । यी त भए देश भित्रकै कुरा । यदि बाहिरको कुरा गर्ने हो भने, वैदेशिक रोजगारको बाटो खुला भएपछि मानव तस्करीको जालो बिस्तारित हुन पुग्यो । वैदेशिक रोजगारीको बहानामा पुरुषहरु पनि बेचिन पुगे । देशमा बढिरहेको गरिबी, बेरोजारी, महंगी, अशिक्षा, सामाजिक कुरिती आदि कारणले गर्दा सपनाको खेती गर्नेहरुले फस्टाउने मौका पाए । फलस्वरुप दलालहरु संगठित हुन थाले । कुनै समय थियो, दलालहरु गाउँ पसेर त्यहाँका गरिब र अशिक्षित परिवारका छोरीहरुलाई मायाजालमा पारी बिहे गर्ने र राम्रो जागिर लगाइदिने सपना बाँड्दै भुक्याएर भारतका विभिन्न कोठीहरूमा बेच्ने गर्थे । वैदेशिक रोगारीको बाटो खुलेपछि दलालहरुको सकृयता पनि बढ्न थाल्यो तर उनीहरले देखाउने सपनाको स्वरुप भने फेरिएको छ । हालका दिनमा हाम्रा शिक्षित महिलाहरु पनि त्यस्ता दलालको पञ्जामा सजिलै फस्ने गरेका छन् र यसको एउटै कारण हो सहज जीवनयापन प्रतिको आकर्षण । दलालहरुले वैदेशिक रोजगारीमा धेरै आर्जन गर्ने सपना देखाउने मात्र होइन पासपोर्ट बनाउन नसक्नेहरुलाई आफ्नै खर्चमा पासपोर्ट बनाई विदेश पठाउने गरेको समेत पाइएको छ । सरकारले श्रम स्वीकृती नदिएका देशमा पनि भारत तथा बंगालादेशको बाटो गरी पुऱ्याउने गरिएको छ । यसरी विदेश पुगेका महिलाहरु अनेकौं शारिरीक मानसिक यातना भोग्नुका साथै यौन शोषण र दुर्व्यवहारका शिकार भएका घटनाहरु पनि प्रकाशमा आइरहेका छन् । विदेशमा पनि एउटै व्यक्ति पटक पटक बेचिएका खबरहरु पनि आइरहेकै छन् । यहाँ आफ्नै घरमा पनि छोरीहरु सुरक्षित हुन नसकिरहेको अवस्था छ । आफ्नै बाबुबाट छोरीहरु बेचिएको घटनाले यसै तथ्यलाई सँकेत गर्छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले सन् २००२ मा सार्वजनिक गरेको तथ्यांक अनुसार नेपालमा प्रति बर्ष १० देखि १२ हार महिला तथा बालबालिका बेचबिखनको शिकार हुने गरेका छन् जसमा ५० प्रतिशत् संख्या १६ बर्षमुनिका बालबालिकाको रहेको छ । हिसात्मक द्वन्द्को समयको संख्या यकिन गर्न सक्ने अवस्था छैन । मानव बेचबिखन दण्डनीय अपराध भएपनि यो घृणित कार्य नियन्त्रणमा आउनुको सट्टा अझै फस्टाउँदो अवस्थामा छ । यसले मानव अधिकार शब्दकै धज्जी उडाएको छ । कानुनमा अपराधिलाई सायको व्यवस्था भएपनि कार्यान्वयन पक्ष फितलो भइदिंदा मानव बेचबिखन तथा ओसारपसार कार्य एक संगठित अपराधको रुपमा मौलाइरहेको छ । अपराधिहरु एक त कानुनको दायरामा आउनै नसकिरहेको अवस्था छ भने अर्कोतिर आइहाले पनि राजनीतिक संरक्षणका कारण उन्मुक्ति पाउने गरेका छन् । यसले कानुनी राज्यको उपहास गरिरहेको छ ।

# आवश्यकता, अधिकारमा आधारित मानवबेचबिखन विरूद्धको अभियान



■ भगवती नेपाल

## परिचय

मानव बेचबिखन, मान्छेले मान्छे किनबेच गर्ने एउटा अपराध हो । जुन कुरा मानिसले थाहा पाएरै वा यो काम गरे सजायँ भोग्नु पर्छ भन्ने जानेर वा कुनै न कुनै बहाना बनाएर मानिसको बेचबिखन गर्ने गरेका छन् । मानव जातिको उत्पत्तिदेखि वर्तमान अवस्थासम्म आइपुग्दा पनि बलियाले निर्धालाई दमन र शोषण गर्ने परिपाटी निर्मूल हुन सकिरहेको छैन । नेपालमा मानव (विशेष गरी महिला र बालबालिका) को बेचबिखन तथा ओसारपसार कहिलेबाट कसरी, किन र केका लागि हुन थाल्यो भन्ने एकीन गर्न सक्ने दस्तावेज त पाइएको छैन । तर पनि सन्दर्भ र दस्तावेजका आधारमा यी कुराहरू उल्लेख गर्न सकिन्छ जस्तैः नेपालमा दासदासी किनबेच हुन्थ्यो । भारतमा ब्रिटिशराजको बेला सैनिकहरूको यौन तृष्णा मेटाउन व्यारेकको छेउछाउमा स-साना अखडाहरू बनाइन्थे जहाँ जर्मनी लगायतका देशबाट महिलाहरूलाई ल्याइन्थ्यो । भारतीय र गोरखाली सैनिकहरूलाई उक्त अखडाहरूमा जान बन्देज थियो । तर के त्यस्ता अखडाहरूमा नेपाली महिलाहरूलाई पनि पुऱ्याइन्नथ्यो होला त ? शंका गर्ने ठाउँ यहाँनिर छ । भारतमा सञ्चालित यौन कोठीहरूमा वर्षौंवर्षदेखि नेपाली महिलाहरू बेचिइनु र रहिरहनुबाट के यसलाई पुष्टि गर्दैन र ? नेपालमा मानव बेचबिखनविरूद्धका अभियानहरू विभिन्न अवधारणाका साथ चलिरहेका छन् । यसै क्रममा विभिन्न ऐतिहासिक दस्तावेजहरूबाट नेपालमा दासदासी किनबेच रोक्कादेखि लिएर मुलुकी ऐन २०२० को जीउ माँस्ने बेच्नेको महल, जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) विशेष ऐन २०४३ हुँदै मानव बेचबिखन ओसारपसार नियन्त्रण ऐन २०६४ र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली २०६५ सम्म आइपुग्दा सरकारी र गैरसरकारी तहमा धेरै चरणका अभियानहरू भैसकेका छन् । हाल सञ्चालित अभियानहरूलाई अझ बढी प्रभावकारी र मानव अधिकारवादी अभियान बनाउनु पर्ने आजको आवश्यकता छ । यसो भन्दा आजभन्दा पहिला भएका अभियानहरू अधिकारवादी सोचबाट गरिएका थिएनन् त ? भन्ने प्रश्न उब्जन सक्छ र उब्जनु पनि पर्छ । किनकि अभियानका उपलब्धिले कति अधिकार सुनिश्चित गरे र यथार्थमा के भैरहेको छ भन्ने विश्लेषण गरेर त्यसको आधारमा नयाँ रणनीति बनाउनु पर्ने अवस्था देखिन्छ । हाम्रा अभियानहरू हाम्रो समाजमा विविधता छ । त्यसैले हाम्रा सोच र दृष्टिकोणमा पनि विविधता छ । हाम्रा सोच र दृष्टिकोणमा विविधता हुने बित्तिकै हाम्रा अभियानहरूमा पनि विविधता नै रहेको देखिन्छ । विशेषतः अधिकारको कुरा गर्दा जतिसुकै विविधता रहे पनि मानव मानव नै हो । उसले समाज विकासक्रमसँगै विकसित न्यूनतम अधिकारको उपयोग बिना विभेद गर्न पाउनुपर्छ । न्यूनतम अधिकारहरू भन्नाले जस्तै आमाको गर्भमा भ्रूण अवस्थादेखि नै खान पाउने, सुरक्षित तवरले जन्मन पाउने र जन्मिसकेपछि पहिचान, खाना, आवास, औषधि उपचार, मनोरञ्जन र विकास, सहभागिता, शिक्षा र सूचना, धर्म संस्कार र संस्कृतिको उपभोग, सुरक्षा र संरक्षण पाउने आदि हुन् ।

जुन अधिकार राज्यले नै कुनै न कुनै रुपमा प्रत्याभूति गरेको हुन्छ । तर हाम्रा सबै अभियानहरूले अधिकारको सुनिश्चितता गरेको पाइँदैन ।

"जब म घर खोज्दै चितवन गएँ बुबाले जे भयो भयो अब यहीं बस भन्नु भएको थियो । तर सानी आमाले यत्रो वर्षमा आउँदा पनि अलिकति पैसा ल्याइन यहाँ बस्न पर्दैन भन्नुभयो । त्यसपछि म काठमाडौं फर्के र पहिले बसेको पुनःस्थापना केन्द्रमा जाँदा त्यहाँका सञ्चालकले आफैं कमाएर खान्छु भनेर हिंडेको मान्छे अब राख्न मिल्दैन भनेपछि म

भोलिपल्ट काम खोज्न हिंडें । अहिले बेचिएर फर्किएकाहरू सबैलाई स-सम्मान समाजमा पुनःस्थापनाका निम्ति आत्मनिर्भरताको चाहना छ,"–सफल शक्ति, पृष्ठ ५६ ।

सरकारले सार्क सन्धिलाई अनुमोदन गरेको दिन भाद्र २० लाई मानव बेचबिखनविरुद्ध राष्टिय दिवस घोषणा गरेको छ । साथै विगत ५ वर्षदेखि विविध कार्यक्रमका साथ मनाउँदै पनि आएको छ । यसरी मनाउनु भनेको सार्क सन्धिलाई कार्यान्यिवन गर्नु हो । तर यसमा ३ ओटा प्रश्नहरू खडा हुन सक्छन्:

१. **के सार्क सन्धि मानव अधिकार (विशेष गरी महिला अधिकार) को दृष्टिले ठीक छ त ?**

- मानव, महिला र बालअधिकारवादी संघसंस्था र व्यक्तिहरूको लामो कसरतपछि सन् १९९७ मा माल्दिभ्समा भएको नवौं सार्क शिखर सम्मेलनमा सार्क सन्धि निर्माणका लागि क्षेत्रीय संयन्त्र बनाउने निर्णय भयो । संयन्त्र निर्माण र सन्धिको खाका तयारीका लागि पुनः उत्तिकै कसरत गर्नुपरेको थियो । अझ साँच्चै भन्ने हो भने संघसंस्थाले तयार गरेको खाकालाई नै राष्ट्र प्रमुखहरूले आधार मानेका थिए । खाका निर्माण पश्चात पनि महिला अधिकारको सम्मान गर्ने किसिमको बनोस् भनेर धेरै कसरत गरे । यसमा पनि मत बाझिएकै थियो । एक पक्ष सन्धि जस्ताको तस्तै पारित गर्ने पक्षमा थियो भने अर्को महिला अधिकारको ग्यारेण्टी हुँदैन भने पारित नगरे पनि हुन्छ भन्ने पक्षमा थियो । अधिकारवादी संस्थाहरूको निकै कसरत पछि सन् २००२ मा नेपालमा भएको ११ औं सार्क शिखर सम्मेलनमा उक्त सन्धि हस्ताक्षर भयो । नागरिक समाजको पहल, दबाब र अनुरोध पश्चात हस्ताक्षरित सन्धि अधिकारमुखी नभएको निष्कर्ष तत्कालै निकालिएको थियो । नेपालमा सो सन्धिलाई अनुमोदनपूर्व परिमार्जन गर्नुपर्छ भनेर पनि कसरत भएको थियो । हस्ताक्षरित सन्धि कार्यान्वयनमा नआइकन सच्याउन नमिल्ने प्रावधान अनुसार अनुमोदन गर्नु जरुरी थियो । अनुमोदनका लागि पनि पुनः कसरत पश्चात २०६३ भदौ २० मा अनुमोदन गरी उक्त दिनलाई मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस मनाउने निर्णय भएको हो ।

२. **सार्क सन्धि कार्यान्वियन गर्न हामीले १ दिवसीय कार्यक्रम बाहेक अन्य दिन पनि सञ्चालन गर्न सकेका छौं ?**

- यो सन्धि कार्यान्वियन गर्ने सवालमा हामीले द्रूत गति त परै जाओस् खासै फर्केर हेरेका छौं जस्तो लाग्दैन । किनकि,

क. राष्ट्रिय ऐन सार्क सन्धिभन्दा बढी मानव अधिकारमुखी छ । तर सन्धि परिमार्जनको बहस नै चलाएका छैनौं । जुन पहल राष्ट्रकै तर्फबाट हुनुपर्थ्यो ।

ख. मानव बेचबिखनमा रहने ३ ओटा पक्षः उद्गम राष्ट्र, पारवहन राष्ट्र र गन्तव्य राष्ट्र हुन्छ । तीमध्ये उद्गम र गन्तव्य राष्ट्रको प्रमुख भूमिका रहन्छ । तर यसमा प्रमुख जिम्मेवार दुई पक्षीय सम्झौताको लागि पहल नै भएको छैन ।

ग. सरकारले सञ्चालन गरेको भनिएका पुनःस्थापना केन्द्रहरू मानव अधिकारको कुरै छाडौं, पुनःस्थापना केन्द्रको अवधारणामा आधारित पनि छैनन् । अझ भन्ने हो भने सार्वजनिक खरिद ऐन अनुसार ठेक्कामा दिइन्छ ।

३. **अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू, क्षेत्रीय अभिसन्धि र राष्टिय ऐन कानुन बीचमा तालमेल छ कि छैन ?**

- यतिबेला अन्तर्राष्ट्रिय सन्धिहरूको आलेखहरूमा हस्ताक्षर गर्नुपर्छ भनेर मानव अधिकारवादी संघसंस्थाले बहस र पैरवी थालेका छन् जुन कदम भन्ने हो भने एटविनको एउटा महत्वपूर्ण विषयगत क्षेत्र (थिमेटिक एरिया) जस्तै भएको छ ।

राष्ट्रिय ऐन मानव बेचबिखनविरुद्ध ल्याइसकेको अवस्था छ भने अन्तर्राष्ट्रिय महासन्धि र राष्ट्रिय कानुनको बीचको सार्क सन्धिले मानव अधिकार र महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू, घोषणापत्रहरूलाई आत्मसात गर्ने उल्लेख गरिए तापनि नाममा नै महिला र बालिकाको देह व्यापार भन्ने शब्दमात्र समेटिएको छ अथवा महिला र बालिका यौनशोषणका लागि हुने बेचबिखनलाई मात्र समेटेको छ । जसले गर्दा हालको परिवर्तित अवस्थालाई समेट्न नसक्दा वैदेशिक रोजगारीका नाममा हुने बेचबिखनबाट प्रभावित महिलाहरूलाई उल्टै अपराधी बनाइने खतरा यथावत नै छ । यौनशोषण बाहेक अन्य कामका लागि सार्क क्षेत्रभित्र बेचबिखन भएमा दुई देशबीच हुने संवादलाई रोक लगाउने अवस्था देखिन्छ ।

(लेखकः सिन्धुपाल्चोकको मेलम्चीस्थित मान्कसँग आवद्ध हुनुहुन्छ)

■ ■ ■

# मानव बेचबिखन, मानव अधिकारको जघन्य उल्लङ्घन



■ सम्झना श्रेष्ठ

मानव बेचबिखन मानव अधिकार उल्लङ्घनको निकृष्ट स्वरूप हो । बेचिएका मानिसको आत्मसम्मानमा चोट पुग्नुका साथै उसको वाक स्वतन्त्रता, रोजगारीको अधिकार, राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक लगायत अन्य सबै अधिकारहरू हनन् हुन्छ । मानव बेचबेखिनलाई एक्काइशौं शताब्दीको दास भन्ने पनि गरिन्छ । आधुनिक विश्वमा मानवमात्रको नभै सम्पूर्ण प्राणी जगत कै स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारका बारेमा कुरा उठीरहेको बेला कुनै मानवलाई मोलमोलाई गरि कुनै निश्चित बजारमा बेच्नु भनेको सभ्य समाजकोलागि अकल्पनीय कुरा हो ।

मानव बेचबिखनविरुद्ध लड्न विश्वव्यापीरुपमा अनेक कानुनी व्यवस्थाहरू निर्माण गरिएका छन् । जस्तो मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, जीउ माँस्ने बेच्ने तथा अरुको बेश्याबृत्तिको शोषणको दमनकालागि व्यवस्था भएको महासन्धि १९४९, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र २०६६, आर्थिक, सामाजिक, साँकृतिक अधिकार सम्बन्धी अनुबन्ध २०६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी १९७९, बाल अधिकार महासन्धी १९८९, अन्तरदेशिय संगठित अपराधविरुद्धको महासन्धी २००० को मानव विशेषगरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने इच्छाधिन आलेख । त्यसैगरि क्षेत्रीयस्तरमा मानव बेचबिखनविरुद्ध सार्क महासन्धी, २००२ पनि कार्यान्वयनमा रहेका छन् भने राष्ट्रियस्तरमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ विद्यमान छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १ मा सबै मान्छे जन्मजात स्वतन्त्र र फुक्का हुन्छ र सबैको समान अधिकार र समान महत्व छ भनी व्यवस्था गरिएको छ । त्यसैगरि उक्त घोषणापत्रकै धारा ३ मा कुनै पनि व्यक्तिलाई बाँधा वा दास बनाई राख्नुहुँदैन भन्ने व्यवस्था गरेको छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भएदेखि मानव बेचबिखनविरुद्ध राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रतिबद्धताहरू व्यक्त गरिएका छन् र त्यस्ता प्रतिबद्धताहरू विश्वव्यापी कानुनी प्रणालीमा समाहित गर्दै पनि लगिएको पाइन्छ ।

जीउ माँस्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनको लागि व्यवस्था भएको महासन्धि १९४९ को धारा १ ले कामवासनाको तृप्तिका लागि वेश्यावृत्तिको उद्देश्यका लागि अर्को व्यक्तिलाई निजको सहमति लिएरै भएपनि, कुटुनीको कार्य गर्ने वा फकाउने वा अगुवाई गर्ने, व्यक्तिको सहमति लिएरै भएपनि, वेश्यावृत्तिको शोषण गर्ने व्यक्तिलाई सजायको भागिदार बनाएको छ भने धारा २ ले वेश्यालय राख्ने, संचालन गर्ने वा जानी जानी लगानी गर्ने वा लगानीमा सहभागी हुनेलाई पनि सजायँको व्यवस्था गरेको छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र २०६६ को धारा ८ मा दासत्व तथा सबै किसिमका दास व्यापारलाई निषेध गरिएको छ भने कसैलाई पनि बलपूर्वक अथवा अनिवार्य श्रममा लगाउन नपाइने व्यवस्था गरिएको छ ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी १९७९ को धारा ६ मा पक्ष राष्ट्रहरूले महिलाको किनबेच तथा महिलाको वेश्यावृत्तिको शोषण लगायत सबै प्रकारका कार्यलाई दमन गर्ने कानुन बनाउन सबै आवश्यक कदमहरू चाल्नुपर्ने बाध्यता गराई मानव

किनबेचविरुद्ध घरेलु कानुन निमार्णमा जोड दिएको छ । त्यसैगरि, बाल अधिकार महासन्धी १९८९ को धारा ३४ ले पक्ष राष्ट्रहरूले बालबालिकाहरूलाई सबै खालको यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्न कुनै गैर कानुनी यौन कृयाकलापमा लाग्न बालबालिकालाई उक्साउने वा दबाब दिने, वेश्यावृत्ति र अन्य गैर कानुनी यौन व्यवहारहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग गर्न र अश्लील चित्रणको कार्यमा वा सामग्रीहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग गर्न रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरि, धारा ३५ मा पक्षराष्ट्रहरूले कुनैपनि उद्देश्यका लागि वा कुनै पनि रूपमा बालबालिकाको अपहरण, बेचबिखन वा ओसारपसारमा रोक लगाउन समुचित सबै राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनुपर्ने व्यवस्था गरेको छ ।

मानव बेचबिखनविरुद्धलाई अन्तर्देशीय संगठित अपराधको दायरामा पार्दै संयुक्त राष्ट्रसंघले सन् २००० मा अन्तर्देशीय संगठित अपराधविरुद्धको सम्बन्धी महासन्धी (The United Nations Convention against Transnational Organized Crime 2000) लाई कार्यान्वयनमा ल्यायो र यो महासन्धी नै अन्तर्देशीय संगठित अपराधलाई नियन्त्रण गर्ने पहिलो अन्तर्राष्ट्रिय महासन्धी हो । यो महासन्धीका तिन महत्वपूर्ण आलेखहरूमध्ये "मानव बेचबिखनविरुद्धको संयुक्त राष्ट्र संघीय इच्छाधिन आलेख" खासगरी महिला तथा बालबालिका बेचबिखन रोक्ने, कार्यवाही गर्ने मानव बेचबिखनविरुद्ध कार्यवाही गर्ने पहिलो अन्तर्राष्ट्रिय दस्तावेज हो । नेपालले यो महासन्धीलाई सन् २०११ जुनमा अनुमोदन गरेर अन्तर्देशीय संगिठत अपराधको विरुद्धमा आफ्नो मत जाहेर गरेको छ । मुलुक मानव बेचबिखनको समस्या विकराल तथा बढ्दो छ र असुरक्षित वैदेशिक रोजगारीले बेचबिखनलाई अझ बढी जोखिममा पारेको छ ।

अन्तर्देशीय संगठित अपराधविरुद्धको महासन्धी २००० को मानव विशेषगरी महिला तथा बालबालिकाको बेचविखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने इच्छाधिन आलेखलाई नेपालले हस्ताक्षर र अनुमोदन गरेको छैन । उक्त आलेखको अनुसार "मानव बेचबिखन तथा ओसारपसार भन्नाले शोषण (जस अर्न्तगत, अरूको वेश्यावृत्तिको शोषण, अन्य प्रकारको शोषण, बलपूर्ण सेवा, दासत्व वा दासत्व जस्तै व्यवहार, कमारा कमारी वा मानव अंग झिक्ने समेत पर्दछ) गर्ने उद्देश्यले धम्की वा बल प्रयोग वा करकाप वा अन्य प्रकारले अपहरण, जालसाजी गरेर झुक्यानमा पारेर, शक्तिको प्रयोग गरेर नाजुक स्थितिमा ओहदाको दुरुपयोग गरेर वा लोभ देखाएर, पैसा लिएर अन्य कुनै व्यक्ति माथि नियन्त्र कायम गरी बिक्री गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने, भर्ति गर्ने, थुन्ने, हस्तान्तरण गर्ने वा आश्रय दिने कार्यलाई जनाउँदछ" यो परिभाषाले मानव बेचबिखनलाई व्यापक अर्थमा लिएको छ । यसले आधुनिक मानव बेचबिखनको प्रवृत्तिलाई केहि हदसम्म प्रष्ट पारेको छ ।

क्षेत्रीयस्तरमा मानव बेचबिखनविरुद्ध सार्क महासन्धी २००२ ले व्यक्तिको स्वीकृति बिना नै कसैलाई यौन कार्यका लागि एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गर्नु वा बेचबिखन गर्नु नै मानव बेचबिखन हो भनी परिभाषित गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (१) मा मानव बेचबिखन भन्नाले, कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने वा प्रचलित कानुन बमोजिम बाहेक मानिसको अंग झिक्ने वा वेश्यागमन गर्ने कार्य भनी परिभाषित गरेको छ र यी कामहरू दण्डनीय मानिएको छ । नेपालको अन्तरिम संविधान २०६३ मा मानव बेचबिखनविरुद्धको अधिकारलाई मौलिक हकमा नै व्यवस्था गरिएको छ । धारा २९ को उपधारा ३ मा मानिसलाई बेचबिखन गर्न, दाश वा बाँधा बनाउन पाइने छैन भन्ने व्यवस्था गरिएको छ भने उक्त धाराको उपधारा ४ मा कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन भन्ने व्यवस्था गरिएको छ ।

नेपालमा परापूर्वदेखि नै यस किसिमको अपराधिक क्रियाकलाप हुने गरेको छ जसलाई नियन्त्रण गर्न समय समयमा विभिन्न कानुनहरूको निर्माण हुँदै आएको छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४

ले मानव बेचबिखन जस्तो जघन्य अपराधमा संलग्न व्यक्तिलाई कानुनको दायरामा ल्याई सजायँ गर्न र बेचविखनबाट पीडित व्यक्तिहरूलाई क्षतिपूर्ति लगायत पुनःस्थापना कार्य गर्नुपर्ने भनी व्यवस्था गरेको छ र महिला तथा बालबालिकाको बेचबिखन ओसारपसार, वेश्यावृत्ति लगायत यौन शोषणका कार्यलाई कानुनद्वारा वर्जित अपराध मानेको छ । यति हुँदाहुँदै पनि उक्त कानुन व्यवहारमा लागू हुन नसक्दा बेचबिखनमा परेका व्यक्तिहरूको मानव अधिकार हनन् भइरहेको छ ।

यस्ता घटनाहरू कानुन कार्यान्वयन गर्ने निकाय समक्ष सबै घटनाहरू दर्ता हुन सकेका छैनन् । अदालतमा दर्ता भएका मुद्दाहरूमा पनि सफलताको स्थिति आशातित हुन सकिरहेको छैन । धेरैजसो अभियुक्तले प्रमाणको अभावमा सफाई पाइरहेका छन् । बेचबिखनका पीडित मध्ये थोरैले मात्र अपराधीलाई सजायँ गर्न उजुरी दिने गरेका पाइएको छ । उजुरी दिएका थोरै पीडित पनि अदालतमा सुनुवाईका क्रममा उपस्थिति नै नहुने, उपस्थित भइहाले पनि प्रतिकूल भई वकपत्र गर्ने वर्तमान अवस्थामा देखिएका मुलभूत समस्याहरू हुन् ।

अपराधीको डरले वा आफ्ना वा आफ्नो परिवारको जीउ वा सम्पत्तिको खतरा एंव समाजबाट हुने अपमानको डरले यसरी महिला तथा बालबालिकाहरू उपर मानव अधिकारको प्रत्यक्ष आक्रमण भई अपराध हुँदा अनुसन्धानका अवस्थामा र अदालतमा मुद्दा चलाइएका अवस्थामा पनि उपस्थिति हुन नसक्नुको मूल कारण रहेका छन् । जसको कारण पीडित महिलाहरूले आफ्नो स्वतन्त्र र शान्तिपूर्ण बाँच्ने मूलभूत मानव अधिकारबाट वञ्चित हुनु परिरहेको छ । समग्रमा महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारबाट मानव अधिकारको गम्भिर उलंघन भइरहेको स्थिति छ ।

(लेखक इन्सेकसँग आवद्ध हुनुहुन्छ ।)

■ ■ ■




मानव बेचबिखनविरुद्धको पाँचौ राष्ट्रिय दिवसको र्‍याली

# मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यूएन प्रोटोकल (इच्छाधिन आलेख) लाई अविलम्ब अनुमोदनको आवश्यकता !

**क) मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाया गर्ने यूएन प्रोटोकल (इच्छाधिन आलेख) भनेको के हो ?**

- बेचबिखनमा परेका व्यक्तिहरु खास गरेर महिला तथा बालबालिकालाई बचाउन प्रभावकारी कार्यान्वयन र त्यस विरुद्ध लाग्न विस्तृत अन्तर्राष्ट्रिय प्रयास हो जस्ले विभिन्न देशमा हुने बेचबिखनको उद्‌गम स्थल, तिनीहरुले पहिल्याउने मार्ग र गन्तव्य स्थानको पहिचान गर्दछ । महिला तथा बालबालिकाको बेचबिखन रोकथामका विभिन्न उपायहरु, बेचबिखनमा लागेकालाई सजायँ र बेचबिखनबाट पीडितहरुलाई बचाउनुका साथै उनीहरुको अन्तर्राष्ट्रिय मान्यता प्राप्त मानव अधिकारहरुको बचावट आदिको व्यवस्था हुनु पर्दछ भन्ने घोषणा गर्दै तयार पारिएको दस्तावेज यूएन प्रोटोकल (इच्छाधिन आलेख) हो ।

**ख) यूएन प्रोटोकल कहिलेदेखि शुरु भयो ?**

- मानव बेचबिखनविरुद्धको यूएन प्रोटोकल सन् २००० को अक्टोबरमा तयार भएको हो र संयुक्त राष्ट्र संघको साधारण सभाले सन् २००० को १५ नोभेम्बरमा यस आलेखलाई पारित गऱ्यो । यस प्रोटोकललाई सन् २००० डिसेम्बरमा इटलीको पालेर्मोमा हस्ताक्षरका लागि खुला गरियो । त्यसैले यसलाई पालेर्मो प्रोटोकल पनि भनिन्छ ।

**ग) यूएन प्रोटोकल सम्बन्धमा नेपालको अवस्था कस्तो छ ?**

- नेपालले २४ जुन २०११ मा संयुक्त राष्ट्रसंघको अन्तरदेशिय संगठित अपराधविरुद्धको महासन्धि ( UNOTC) लाई अनुमोदन गरेको छ तर यस अन्तर्गतको मानव बेचबिखनविरुद्धको यस प्रोटोकललाई हस्ताक्षर र अनुमोदन गर्न बाँकी रहेको छ ।

**घ) यूएन प्रोटोकलमा मानव बेचबिखन र ओसार पसारको परिभाषा के छ ?**

- यूएन प्रोटोकल अनुसार मानव बेचबिखन र ओसार-पोसारलाई यसरी परिभाषित गरिएको छ- “मानव बेचबिखन तथा ओसारपसार भन्नाले शोषण (जस अन्तर्गत, अरुको वेश्यावृत्तिको शोषण, अन्य प्रकारको शोषण, बलपूर्ण श्रम सेवा, दासत्व वा दासत्व जस्तै व्यवहार, कमारा कमारी वा मानव अङ्ग झिक्ने समेत पर्दछ) गर्ने उद्देश्यले धम्की वा बल प्रयोग वा करकाप वा अन्य प्रकारले अपहरण, जालसाजी गरेर झुक्यानमा पारेर, शक्तिको प्रयोग गरेर नाजुक स्थितिमा ओहदाको दुरुपयोग गरेर वा लोभ देखाएर, पैसा लिएर अन्य कुनै व्यक्तिमाथि नियन्त्रण कायम गरी बिक्री गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने, भर्ति गर्ने, थुन्ने, हस्तान्तरण गर्ने वा आश्रय दिने कार्यलाई जनाउँछ ।”

**ङ) यूएन प्रोटोकलका विशेषताहरु के के हुन् ?**

- मानव बेचबिखन तथा ओसारपसारको सबै पक्षहरुलाई समेटेर व्यापक परिभाषा गरेको छ ।
- यसले बालबालिका र वयस्क व्यक्तिको बेचबिखन सम्बन्धमा छुट्टाछुट्टै व्यवस्था गरेको छ ।
- वेश्यावृत्तिमा लगाउन गरिने शोषणका अतिरिक्त अन्य प्रकारका शोषणहरुलाई पनि बेचबिखन तथा ओसार पसारको प्रयोजन अन्तर्गत प्रयोग गरेको छ ।
- बेचबिखनसंग सम्बन्धित पक्षहरुबीचको अवधारणामा स्पष्टता ल्याएको छ ।
- मानव बेचबिखन तथा ओसारपसारलाई अपराधिकरण तथा दण्डित गर्नमा राज्यपक्षलाई कानुनी तथा अन्य उपाय अपनाउने दायित्व प्रदान गरेको छ ।
- गन्तव्य राष्ट्रमा बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिको हैसियत र अधिकार सम्बन्धी व्यवस्था गरेको छ ।
- राज्य पक्षलाई मानव बेचबिखनबाट बचावट गर्ने उपायहरु अपनाउने दायित्व दिएको छ ।
- मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण गर्न पक्षराष्ट्रहरूबीच सुचनाको आदान प्रदान र तालिम गर्ने व्यवस्था गरेको छ ।
- मानव बेचबिखन तथा ओसारपसार रोकथाम गर्न सीमाना मापदण्ड सम्बन्धी व्यवस्था गरेको छ ।

**च) यूएन प्रोटोकललाई नेपालले अनुमोदन गर्न किन आवश्यक छ ?**

- नीति कानुन लगायत मुलुकमा विद्यमान बेचबिखनविरूद्धका गतिविधिहरूलाई संस्थागत र सुदृढीकरण गर्न,
- मानव बेचबिखनविरुद्धका राष्ट्रिय कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्न,
- मानव बेचबिखनबाट प्रभावितहरूको पहिचान स्थापना, संरक्षण र सहयोगका लागि कानुनी व्यवस्थाहरूमा सुधार गर्न,
- प्रभावितहरूको संरक्षण र सहयोगका लागि संम्प्रेषण संयन्त्रहरूको व्यवस्था गर्न,
- मानव बेचबिखनबाट प्रभावितहरूको संरक्षण र सहयोगमा न्यूनतम मापदण्ड र मानवअधिकारवादी अवधारणाको पालना गर्न,
- प्रभावितहरूको लैङ्गिक संवेदनशीलता र बालबालिकाको विशेष आवश्यकतालाई ध्यानमा राख्न,
- पीडितहरुलाई पुनः पीडित हुनबाट जोगाउने नीति तथा कार्यक्रमको तर्जुमा गर्न,
- सार्वजनिक नीति व्यवस्थापनमा आपसी समझदारी र समन्वयको सुनिश्चितता गर्न,
- सरोकारवाला सबै सरकारी संस्थाहरुबीच आपसी समन्वय र सहयोग कायम हुने गरी विभिन्न निकायहरूबीच समन्वय संयन्त्रको स्थापना गर्न,
- राष्ट्रिय रणनीतिहरु वा कार्ययोजनाहरूको अनुगमन तथा मूल्याङ्कनको सुनिश्चितता गर्न,
- अन्तर्राष्ट्रिय सहयोगमा अभिवृद्धिका लागि कानुनी आधारको निर्माण गर्न,
- सुपुर्दगी, आपसी कानुनी सहायता, सजाय तोकिएका व्यक्तिहरुको हस्तान्तरण, संयुक्त अनुसन्धान, सम्पत्ति जफतमा अन्तर्राष्ट्रिय सहयोगका लागि राष्ट्रिय क्षमताको विकास र सुदृढीकरण गर्न,
- सञ्चार प्रकृया, सूचना तथा तथ्याङ्क आदान प्रदानका लागि औपचारिक र अनौपचारिक सहयोगको प्रवर्द्धन गर्न,
- साझा रणनीति तथा कार्यक्रमको विकास तथा कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरुद्वारा सहयोग र सहकार्य अभिवृद्धि गर्न,

मानव बेचबिखन संगठित गिरोहबाट सञ्चालित अन्तर्राष्ट्रिय समस्या भएकोले समाधानका लागि

पनि अन्तर्राष्ट्रिय सहयोग र सहकार्य आवश्यक छ। यस प्रोटोकलले यसलाई टेवा पुर्‍याँउछ। यस प्रोटोकलले बेचबिखनबाट प्रभावितको सहभागितामा उसको अधिकारको सुनिश्चितता गर्दै संरक्षणलाई विशेष जोड दिएको छ। यो प्रोटोकल नेपालको सन्दर्भमा उपयुक्त छ।


यस यूएन प्रोटोकलमा (इच्छाधिन आलेख) विभिन्न व्यक्तिहरु विशेषगरी महिला तथा बालबालिकाहरुको बेचबिखनबाट तिनीहरुलाई बचाउन, त्यस्ता गतिविधि दबाउन र बेचबिखनमा संलग्न व्यक्तिलाई सजायँ गर्न, अन्तरदेशीय रुपमा हुने सांगठनिक अपराध विरुद्धको उपयुक्त दस्तावेज भएका कारण सम्बन्धित पक्ष राष्ट्रहरुका लागि हस्ताक्षर गर्न उपयुक्त रहेको छ। यस प्रोटोकलको हस्ताक्षरपछि पक्ष राष्ट्रलाई राष्ट्रिय काननमा पनि सोही अनुरुप परिमार्जनको नैतिक दबाब सृजना गर्दछ।

**च) यूएन प्रोटोकलको अनुमोदनका लागि एटविनले के गर्दै आइरहेको छ ?**

- एटविनले स्थापनाकालदेखि नै महिला तथा बालबालिका बेचबिखनविरुद्ध आवाज उठाउदै आइरहेको छ। महिला तथा बालबालिका बेचबिखन तथा महिला मानव अधिकार हनन् विरुद्ध राष्ट्रिय नीति तथा कानुनको निर्माण, कार्यान्वयन तथा परिमार्जनमा एटविनले भुमिका निर्वाह गर्दै आइरहेको छ। यसका अलावा एटविनले विगत एक दशक अगाडिदेखि यूएन प्रोटोकल (इच्छाधिन आलेख) अनुमोदनको सवाललाई सरोकारवालाहरुमाझ वकालत गर्दै आइरहेको छ। राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखनविरुद्धको विशेष समाधिक्षकको कार्यालयको (NHRC/OSRT) २००८ र २००९ को राष्ट्रिय प्रतिवेदन तथा विश्वव्यापी आवधिक समीक्षा (UPR) मा विभिन्न (२३५ वटा संघसंस्थाहरुको संयुक्त प्रतिवेदन) गैरसरकारी संस्थाहरुको राष्ट्रिय प्रतिवेदन २०१० मा एटविनले यस प्रोटोकल अनुमोदनका मुद्दालाई स्थापित गर्न सफल भएको छ।

यस प्रोटोकललाई अनुमोदन गरी कार्यान्वयन गर्न पहल गर्न सके बेचबिखनबाट प्रभावित महिला तथा बालबालिकाको अधिकार संरक्षण हुने एटविनको ठहर छ।

■ ■ ■



यूएन प्रोटोकल अनुमोदनका लागि हस्ताक्षर अभियान



यूएन प्रोटोकल अनुमोदनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिवज्यूलाई हस्ताक्षर हस्तान्तरण

# नयाँ संविधानमा प्रभावितहरूको नागरिकता अधिकारको सुनिश्चितता



■ सुनिता दनुवार

नेपालको कानुनले मानव बेचबिखनलाई दण्डनीय कार्यका रूपमा उल्लेख गरेको छ । यद्यपी मानवताविरोधी यस घृणित कार्यको रोकथाम हुन सकेको छैन । संसारभर व्याप्त मानव बेचबिखनका कुकृत्यले वर्षेनी हजारौं महिला, किशोरी तथा किशोरहरुको जीवन अन्धकारमय भएको छ । यस अपराधको रोकथाम र न्यूनीकरणका लागि हरेक राष्ट्रमा प्रयास गरिएको छ ।

यसै सन्दर्भमा नेपालमा दासताको चरम रुपमा देखिएको मानव बेचबिखन वर्षौंदेखि जरो गाडेर बसेको छ । निजीस्तरबाट यस अपराधलाई रोकथाम र निर्मूल गर्ने कार्यको थालनी भएपछि हाल सरकारले पनि यसलाई आफ्नो दायित्वको रुपमा स्वीकार गरेको छ । घरेलु हिंसा, गरीबी, शिक्षाको अभाव, अधिक पैसा कमाउने लालसाका कारण वर्षेनी नेपाली दिदीबहिनीहरु भारत लगायत अन्य मूलकमा बेचिने गरेका छन् । दलालको ललाई फकाईमा परेर यौन दासत्वको शिकारमा परि अन्धकारका दिनहरु विताउन बाध्य पारिएका छन् ।

कुनै पनि व्यक्ति जानीजानी  यस्तो अपराधको शिकार हुँदैन् । अपराधीहरुले बाध्य पारेर वा नजानिकनै यस्ता कार्यमा खासगरि महिलाहरू फस्ने गरेको यथार्थता रहेको छ । अपराधीहरुको सञ्जाललाई भत्काएर उम्किन जटिल छ । कतिपय दिदीबहिनीहरु आफुलाई उम्काएर स्वदेश फिर्न  सफल भएका पनि छन् । यस्ता कतिपय कार्यमा सचेत नागरिक तथा राज्यको प्रयासको पनि उत्तिकै भूमिका रहने गरेको छ । स्वदेश फर्किएर पुर्वावस्थाको जीवनयापनमा जान निकै कठिन पर्छ । विभिन्न चुनौतीहरुको सामना गर्दै संघर्षशील जीवन निर्वाहका लागि अदम्य शाहस लिएर फर्किने दिदीबहीनीहरुलाई राज्यबाट सहयोगको अपेक्षा हुन्छ । आफू फर्किने मात्र होईन आफू तथा आफूजस्ता कयौं दिदीबहिनीहरुलाई कालकोठरीमा पुऱ्याउने अपराधीकाविरुद्ध खरो उत्रिएर उनीहरुलाई सजायँ दिलाउने अठोट गरेका छन् ।

यसबीचमा स्वदेश फर्केर बेचबिखन प्रभावितहरुले एउटा नागरिकको स्तर नपाउँदा चर्किएको घाउमा नुन चुक छर्कने काम भएको छ । राज्यले ती दिदीबहिनीहरुलाई नागरिकको श्रेणीमा नराख्दा सबैको उर्जा र साहस फितलो हुने गरेको छ । बेचबिखन प्रभावितहरुले अनागरिक भएर बस्नुपर्ने कारणहरु यस प्रकार छन्:

सानो उमेरमा बेचखिवनमा परेका दिदीबहिनीहरु उद्दार भई स्वदेश फर्किंदा आफ्नो घर, ठेगाना तथा अभिभावक सम्भिन नसक्ने अवस्थामा उनीहरु नागरिकताबाट समेत बन्चित हुनुपरेको छ । साथै, स्वदेश फर्केर आई सकेपछि अभिभावकले स्वीकार नगर्दा पनि नागरिकता प्राप्त गर्न नसकिने अवस्था विद्यमान छ ।

बेचविखनमा परेका वखत अनिच्छित गर्भाधानबाट जन्मिने सन्तानलाई आफूसँगै स्वदेश ल्याउँदा नागरिकताबाट बन्चित हुनुपर्ने अवस्था छ । हाम्रो संविधानमा यस विषयमा प्रष्ट उल्लेख गरिएको छैन जसका कारण नेपाली महिलाबाट जन्मिएका व्यक्तिले पनि नागरिकताको अधिकारबाट बन्चित हुनुपरेको छ । एउटा नगारिक आफ्नै देशमा अनागरिक भएर बस्नु पर्दाको अनुभूति राज्यले गर्न नसकेको देखिन्छ । प्रभावितहरुको पीडालाई मलम लगाउनुको सट्टा थप पीडा दिने कार्य हो यो ।

एउटा महिला नागरिकको श्रेणीमा नआउँदा उसले जीवनका हरेक कदममा अनावश्यक चुनौतीहरु भेल्नु परेको छ । सरकारी कामकाजमा अनागरिकले कुनै सेवा, सुविधा पाउन सक्दैन भने बैंक तथा वित्तिय संस्था अथवा समाज कल्याणमा लाग्नका लागि नागरिकता बाधकको

रुपमा अगाडि आउँछ । यस समस्यालाई सम्बोधन गर्न नसक्नु राज्यको गैर जिम्मेवारीपना हो । बेचविखनजस्तो अपराधलाई नियन्त्रणमा लिन प्रभावकारी कार्य गर्नुको सट्टा यसबाट प्रभावित जसोतसो स्वदेश फर्केका बेला उनीहरुलाई नै पीडा थप्नु कहाँसम्म न्यायोचित हो ? राज्य किन यति कठोर र विवकेहीन बनेको हो ? सोध्ने बेला आएको छ । हाल नयाँ संविधानको मस्यौदा तयार भइरहेको छ । निर्माणाधीन संविधानमा पनि बेचबिखन प्रभावितहरूका समस्याको सुनुवाई भएको देखिन्न । यस विशिष्ट समस्यालाई सम्बोधन गर्नुको सट्टा जिम्मेवार निकायका उत्तरदायी व्यक्तिहरू काल्पनिक मुद्दा सिर्जना गरेर बहस गर्न तल्लिन छन् । केही महिला सभासदहरुले यस विषयलाई उठान गरेपनि उनीहरुको आवाज सुनिएको छैन् । बेमौसमी बाजाका रूपमा तराईमा कृत्रिम नागरिकताका समस्यामा सबैको ध्यान व्यस्त छ ।

बेचबिखनबाट प्रभावितहरुका समस्यातिर सम्बन्धित निकायले चासो नै दिएको छैन् । समय ढल्किंदै गएको छ । मानव बेचबिखनविरुद्धको अभियानमा सकृय संघ संस्थाले यस विषयलाई संवेदनशील भएर उठान गरेका छन् । शक्ति समूहले यस विषयलाई मुख्य मुद्दाका रुपमा विगत केही वर्षदेखि पैरवी गर्दै आएको छ । यद्यपी राज्यका जिम्मेवार निकायमा रहेका अदूरदर्शी मष्तिष्कहरूले विषयको संवेदनशीलतालाई बुझ्ने आँट गरेका छैनन् । आफ्नै दिदीबहिनीहरुले भोगिरहेका यी समस्याहरुलाई सम्बोधन नगर्दा भविष्यमा आइपर्ने अवस्थाको आँकलन ती जिम्मेवार पदाधिकारीहरुले गर्नुपर्छ । पद र सत्ताको सदुपयोग गर्न चुकेकाहरु भविष्यमा आफू स्वयम् चुक्ने निश्चित छ । त्यसैले मानब बेचबिखनबाट प्रभावितहरुको अधिकारलाई संविधानमा सुनिश्चित गरिनु पर्छ ।

(लेखक शक्ति समूहकी अध्यक्ष हुनुहुन्छ ।)

■■■


## हार्दिक बधाई

**मानव बेचबिखन विरुद्धको अभियानमा सन् १९९७ देखि निरन्तर रुपमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएकोमा तपाई शक्ति समुहका संस्थापक सदस्य श्री चरिमाया तमाङ्ग (अनु)को भुमिकालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा नै कदर गद अमेरिकी सरकारका तर्फबाट आधुनिक दासत्व अन्त्यका लागि क्रियाशील नायक पुरस्कार (The 2011 Hero Acting to End Modern Day Slavery Award) द्वारा सम्मानित हुनु भएकोमा आगामी दिनहरुमा पनि यसलाई थप योगदान पुऱ्याउनु हुने विश्वासका साथ शुभकामना व्यक्त गर्दछौं ।**



**लक्ष्मी कार्की**
अध्यक्ष
तथा
**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)**

# नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) सन् १९८९ मा स्थापना भएको एउटा गैरनाफामुखी गैरसरकारीसंस्था हो । यो संस्था स्थापना कालमा 'ग्रीट्स नेपाल' को नामबाट चिनिएको र सन् १९९३ मा यसको नाम परिवर्तन गरी नेपाल ग्रामीण पुनर्निर्माण संस्था (Rural Reconstruction Nepal-RRN) राखिएको हो । यो संस्थाको सुरुवात बाढीको प्रकोपबाट पीडितहरूलाई राहत तथा पुनर्स्थापनाको कार्यबाट भएको थियो । हाल यस संस्थाका ६ सयभन्दा बढी कर्मचारी तथा स्वयंसेवकहरू देशका विभिन्न हिमाली, पहाडी तथा तराईका जिल्लाहरूमा कार्यरत छन् । यो संस्था हालसम्म ७ लाखभन्दा बढी विपन्न घरपरिवारलाई विभिन्न सशक्तिकरण कार्यक्रमहरूमार्फत् सहयोग पुऱ्याउन सक्षम भएको छ । आरआरएनको केन्द्रीय कार्यालय काठमाडौंमा रहेको छ । यसका पूर्वाञ्चल (विराटनगर) र पश्चिमाञ्चल (नेपालगञ्ज) मा दुईवटा क्षेत्रीय कार्यालयहरूका साथै २५ वटा जिल्ला/परियोजना कार्यालयहरू स्थापित छन् । यस संस्थाका कार्यक्रमहरू गरिबी निवारण, जन-सशक्तिकरण, सामाजिक रुपान्तरण, द्वन्द्व व्यवस्थापन लगायत मानवअधिकार तथा शान्ति स्थापनामा केन्द्रित रहेका छन् । यसले सहजीकरण, सामाजिक परिचालन तथा स्वसंगठनका प्रक्रियाबाट विपन्न वर्गहरू, दलित, जनजाति, महिला, किसान तथा बालबालिका र अन्य जोखिममा परेका समुदायहरूसँग काम गर्दै आइरहेको छ ।

आरआरएनले आफ्ना विकास निर्माणका कार्यक्रमहरुलाई मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने दृष्टिकोणबाट लागु गर्ने गरेको छ । यसको अर्थ, जनताका अधिकारको सम्मान गर्दै उनीहरूको सशक्तिकरण गर्न आफ्ना कार्ययोजना, कार्यप्रणाली र प्राथमिकताहरुलाई समयानुकुल प्रगतिशील परिवर्तन गर्नु हो । तसर्थ, जनताका मानवअधिकार लगायत आर्थिक, सामाजिक, सांस्कृतिक तथा विकासका अधिकारलाई आरआरएनले आफ्ना सबै तहका कार्यक्रम, नीति तथा योजनाहरूमा समायोजन गरेको छ ।

आरआरएन समान उद्देश्य भएका, खासगरी अधिकारमूखी कार्यपद्दति अँगालेका र गरीबमूखी नीतिको वकालत गर्ने नेपाल र नेपाल बाहिरका नागरिक-समाजहरूसँग मिलेर काम गर्दछ । यो संस्था कैयन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरूमा सक्रियताका साथ संलग्न रहेको छ । यही सिलसिलामा हाल आरआरएनले गरिबी उन्मुलनका लागि दक्षिण एसिया मञ्च (SAAPE) र अतिकमविकसित राष्ट्रहरूको नागरिक निगरानी मञ्च (LDC Watch)का सचिवालयहरू संचालन गरिरहेको छ भने विश्वव्यापीकरण सरोकार समूह नेपाल, ऋणमोचनका लागि एशिया-प्रशान्त आन्दोलन (Jubilee South /APMDD) आदिमा समेत यसको संलग्नता रहेको छ । यसले विश्व सामाजिक विकास सम्मेलन (सन् १९९५ र २०००) र विश्व खाद्य सम्मेलन (सन् १९९६ र २००२) को नागरिक समाजको राष्ट्रिय सचिवालयको रुपमा समेत काम गरिसकेको छ ।

यस संस्थाले दिगो ग्रामीण विकासको लागि नेपालभित्र पनि विभिन्न सरकारी निकायहरू, स्थानीय समुदायमा आधारित संस्थाहरू, गैरसरकारी संस्थाहरू र निजी कम्पनीहरूसँग कार्यसञ्जालको स्थापना र सहकार्यको लागि सक्रिय रुपमा भूमिका निर्वाह गर्दै आइरहेको छ । यसका साथै आरआरएन मानवअधिकार सन्धी अनुगमन संयोजन समिति (HRTMCC), मानवअधिकार एलायन्स (Human Rights Alliance), महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समुह (AATWIN), बालबालिका शान्तिक्षेत्र अभियान (CZOP) र गैरसरकारी संस्था महासंघ (NFN) जस्ता राष्ट्रिय स्तरका विभिन्न सञ्जाल तथा छाता संगठनहरूमा पनि आवद्ध रही सकृय भूमिका निभाउदै आइरहेको छ ।

नेपालको विभिन्न ग्रामीण क्षेत्रहरूमा बसोबास गर्ने विपन्न वर्गका जनताको आर्थिक र सामाजिक स्तर अभिबृद्धिका लागि आरआरएनले खेलेको भूमिकाको सकारात्मक मूल्याङ्कन गर्दै संयुक्त राष्ट्रसंघ आर्थिक तथा सामाजिक परिषद्को १९९६ को नोभेम्वर महिनामा बसेको बैठकले यसलाई विशिष्ट परामर्शदाता (Special Consultative Status) को मान्यता प्रदान गरेको छ । यसका साथै, आरआरएन Global Environment Facility को परामर्शदाताको मान्यता प्राप्त सदस्य पनि भएको छ ।

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
केन्द्रीय कार्यालय
गैरीधारा मार्ग, गैरीधारा, काठमाडौं, नेपाल
फोन नं.: ४००४९७६, ४००४९८५
फ्याक्स: ४००४५०८, पो.ब.न. ८१३०
ईमेल: rrn@rrn.org.np, वेभसाइट: www.rrn.org.np

# एटविन गतिविधि

| क्र.सं. | मिति | क्रियाकलाप | स्थान |
|---|---|---|---|
| १ | नोभेम्बर २०१० | मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना पुनरवालोकन गरी अध्ययन-पत्र तयार | काठमाडौं |
| २ | १७ सेप्टेम्बर २०१० | "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५" पुनरावलोकन सम्बन्धी परामर्श बैठक | नयां बानेश्वर, काठमाडौं |
| ३ | २० सेप्टेम्बर २०१० | "वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली २०६४" पुनरावलोकन सम्बन्धी परामर्श बैठक | नयां बानेश्वर, काठमाडौं |
| ४ | १८-१९ नोभेम्बर २०१० | "आधारभुत मानवअधिकाः सैद्धान्तिक तथा व्यवहारिक पक्ष" विषयक दुई दिने आवासीय तालिम | भक्तपुर गेष्ट हाउस, भक्तपुर |
| ५ | जनवरी २०११ | मानव बेचबिखनको युएन प्रोटोकोलको नेपालीमा अनुवाद | |
| ६ | ९ मार्च २०११ | संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यूएन प्रोटोकल (इच्छाधिन आलेख) अनुमोदन सम्बन्धी हस्ताक्षर अभियान (९ मार्च देखि सेप्टेम्बर ६ सम्म) सञ्चालन | काठमाडौं, मकवानपुर, सिन्धुपालचौक तथा कैलाली |
| ७ | २४ मार्च २०११ | संयुक्त राष्ट्रसंघको अन्तरदेशिय संगठित अपराधविरुद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यूएन प्रोटोकल (इच्छाधिन आलेख) अनुमोदन सम्बन्धी सभासद तथा सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम | बबरमहल, काठमाडौं |
| ८ | ६ सेप्टेम्बर २०११ | मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यूएन प्रोटोकल (इच्छाधिन आलेख) अनुमोदन सम्बन्धी लगभग १०,००० हस्ताक्षर संकलन गरी मानव बेचबिखनविरुद्धको पांचौ राष्ट्रिय दिवसको अवसरमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिव श्री आनन्दराज पोखरेलज्यूलाई हस्तान्तरण | पुलिस क्लब, काठमाडौं |
| ९ | २५ मे २०११ | मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यूएन प्रोटोकल अनुमोदन सम्बन्धी ICAG (मानव बेचबिखनविरुद्ध कार्यरत अन्तराष्ट्रिय संस्थाहरुको संमुह) सँग अन्तरक्रिया | राष्ट्रिय मानवअधिकार आयोग, ललितपुर |

| क्र.सं. | मिति | क्रियाकलाप | स्थान |
|---|---|---|---|
| १० | २९ मार्च २०११ | मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना सम्बन्धी परामर्श गोष्ठी | गौर, रौतहट |
| १२ | ६-७ अप्रिल २०११ | मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना सम्बन्धी परामर्श गोष्ठी | बुटवल, रुपन्देही |
| १३ | ८ जुन २०११ | "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना" परामर्श गोष्ठि, रौतहट र रुपन्देहीमा गरी प्राप्त सुझावहरुमाथि काठमाडौंका सरोकारवालाहरुसंग छलफल तथा सुझावहरुलाई राष्ट्रिय कार्ययोजना निर्माण टीमलाई बुझाइयो । | काठमाडौं |
| १६ | २२-२३ जुन २०११ | "मनोरंजन क्षेत्रमा कार्यरत महिला कामदारहरुको समस्या पहिचान र न्युनीकरणका उपायहरु" अन्तरकिया कार्यक्रम | धुलिखेल, काभ्रे |
| १४ | १६ अगस्ट २०११ | "मनोरंजन क्षेत्रमा कार्यरत महिला कामदारहरुको समस्या पहिचान र न्युनीकरणका उपायहरु" अन्तरकिया कार्यक्रमबाट आएका सवालहरुमाथि सरोकारवालाहरुसंग छलफल कार्यक्रम | बबरमहल, काठमाडौं |
| १५ | २२ जुलाई २०११ | श्री चरीमाया तामाङ (अनु) लाई आधुनिक दासत्व अन्त्यका लागि क्रियाशील नायक पुरस्कार २०११ (The 2011 Hero Acting to End Modern-day Slavery Award) बाट पुरस्कृत भएको अवसरमा एटविन सदस्यहरुको सहयोगमा "मानव बेचबिखन विरुद्धका अभियन्ता चरीमाया तामाङ्ग(अनु) तथा सहयात्रीहरुको सम्मान कार्यक्रम" विषयक कार्यक्रम | राष्ट्रिय सभागृह, काठमाडौं भक्तपुर गेष्ट हाउस, भक्तपुर |
| १६ | २०-२३ सेप्टेम्बर २०११ | मानव बेचबिखनविरुद्धको ४ दिने आवासिय प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न | प्रकाशन |
| **प्रकाशन** | | | काठमाडौं |
| १७ | सेप्टेम्बर २०१० | एटविनको नियमित प्रकाशन ओसार पसार अंक ८ को प्रकाशन | काठमाडौं |
| १८ | जनवरी २०११ | सामाजिक सुरक्षाको विद्यमान प्रावधानहरु सम्बन्धी अध्ययन पत्र तयार र प्रकाशन | काठमाडौं |
| १९ | २०११ | मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यूएन प्रोटोकल अनुमोदन सम्बन्धी वकालत पम्पलेट (१०,००० प्रति) तथा लिफलेट (१५०० प्रति) प्रकाशन | काठमाडौं |
| **हामी सक्छौं अभियान** | | | |
| २० | २०१० | जिल्लास्तरीय गाविस कर्मचारी तथा पदाधिकारीहरुसँग अन्तरक्रिया (ललितपुरमा २ पटक) | बाग्लुङ्ग, बर्दिया, कैलाली र ललितपुर |
| २१ | २०१० | जिल्लास्तरीय शिक्षकहरुसँग अन्तरक्रिया | |
| २२ | २०१० | परिवर्तनका संवाहकहरुको क्षमता अभिबृद्धि कार्यक्रम (ललितपुरमा २ पटक) | |
| २३ | २०१० | घरदैलो कार्यक्रम | काठमाडौं, बर्दिया, कैलाली र ललितपुर |

| क.सं. | मिति | क्रियाकलाप | स्थान |
|---|---|---|---|
| २४ | २०१० | गाविसस्तरीय अन्तरक्रिया कार्यक्रम, २६ गाविस | काठमाडौं, बर्दिया, कैलाली र ललितपुर |
| २५ | १७ नोभेम्बर २०१० | घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७ सम्बन्धी अभिमुखीकरण कार्यक्रम | बबरमहल, काठमाडौं |
| २६ | २९ मार्च २०११ | प्रहरीहरुसंग अन्तरक्रिया कार्यक्रम | बबरमहल, काठमाडौं |
| **सह आयोजक** | | | |
| १ | ५ सेप्टेम्बर, २००९ र २०१० | चौथो र पांचौ मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस संयोजक- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | काठमाडौं |
| २ | २५नोभेम्बर-१० डिसेम्बर, २०१० | महिला हिंसा विरुद्ध १६ दिने अभियान संयोजक- राष्ट्रिय महिला आयोग | काठमाडौं |
| ३ | १० अगस्त २०१० | मानव बेचबिखनविरुद्धको युएन प्रोटोकोल अनुमोदन सम्बन्धी नागरिक समाजसंग अन्तरक्रिया कार्यक्रम, संयुक्त आयोजक-एटविन, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र IOM | त्रिपुरेश्वर, काठमाडौं |
| ४ | ३१ अगस्त २०१० | मानव बेचबिखन नियन्त्रण तथा रोकथामकोलागि नीतिगत संवादको प्रवर्द्धन विषयक परामर्श बैठक संयुक्त आयोजक-एटविन, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र IOM | बानेश्वर, काठमाडौं |
| ५ | १४ सेप्टेम्बर २०१० | कांग्रेस पार्टीको आसन्न अधिवेशनमा महिलाको ३३% सहभागिताका लागि कार्यवाहक सभापति श्री सुशील कोइरालासँग भेटघाट र ज्ञापनपत्र | महाराजगंज, काठमाडौं |
| ६ | २०१० | विश्वव्यापी आवधिक समीक्षा, संयोजक- इन्सेक | काठमाडौं |
| ७ | १६ मार्च, २०११ | दोस्रो महिला सामाजिक मञ्च, संयोजक-ओरेक नेपाल | भृकुटी मण्डप, काठमाडौ |
| ८ | मार्च १६, २०११ | संविधानमा बेचबिखनबाट प्रभावितहरुको नागरिकता सम्बन्धी सभासदहरूसँग अन्तरक्रिया, संयुक्त आयोजक-शक्ति समुह | काठमाडौं |
| ९ | १४ अप्रिल २०११ | समयमा संविधानको निम्ति "वैशाख १ गते काठमाडौं जाऔं" अभियान, संयोजक-ओरेक नेपाल | नयाँ बानेश्वर, काठमाडौं |


सचिवालय हस्तान्तरण


राष्ट्रिय महिला आयोगका पदाधिकारीहरुद्वारा यूएन प्रोटोकलमा प्रतिबद्धताका लागि हस्ताक्षर गर्दै

# महिला शिक्षा र सशक्तीकरणमा रिफ्लेक्ट कक्षा



■ कुमार भट्टराई

**प्रारम्भः**

सामुदायिक विकासका परियोजनाहरूमा हाल रिफ्लेक्ट कक्षाहरू ज्यादै लोकप्रिय बनिरहेको छ। रिफ्लेक्ट कक्षालाई सामान्यतया प्रौढ साक्षरता कक्षाका रूपमा बुझ्ने गरिन्छ तर यी कक्षाहरूमा सहभागीहरू साक्षर हुने मात्र नभई सामाजिक समस्याका बारेमा पनि जानकार हुने र समस्या समाधानमा योजनावद्ध तरिकाले लाग्ने गर्दछन्। साक्षरता र सामुदायिक विकासमा सहायक हुने स्थितिले गर्दा यी कक्षाहरू सशक्तीकरणका नमूना बनिरहेका छन्। महिला मात्र सहभागी रहेका दोलखा जिल्लाको उत्तरी भेगमा सञ्चालित रिफ्लेक्ट कक्षाका अनुभवहरू प्रेरणादायी देखिएकाले उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिएका छन्।

**उदाहरण नं. १**

जिल्लाको उत्तरी भेगको खोपाचागु गाविसमा सञ्चालित एउटा रिफ्लेक्ट कक्षामा २२ जना महिलाहरू छन्। उनीहरू राति ७ देखि ९ बजेसम्म सञ्चालन हुने कक्षामा दिनहुँ भाग लिन्छन्। केही महिना अगाडि उनीहरूले आफ्ना बालबालिका पढाइमा किन कमजोर भए भनेर छलफल गरे र बालबालिका पढाइमा कमजोर हुनुका कारणहरू बुँदागत रूपमा पहिचान पनि गरियो। सबैभन्दा गम्भीर कारण, विद्यालयका प्रधानाध्यापक नै विद्यालयमा नियमित उपस्थित नहुनु थियो। विद्यालयका मुली नै उपस्थित नभएपछि विद्यालय 'मियो बिनाको दाँइ' हुनु स्वभाविकै थियो। कक्षा नियमित सञ्चालन हुँदैनथ्यो जसको प्रत्यक्ष मार बालबालिकालाई पर्ने नै भयो। उनीहरू पढाइमा कमजोर थिए। अभिभावकको लगानी खेर गैरहेको थियो भने बालबालिकाको भविष्य अन्धकार तर्फ अग्रसर हुँदै थियो। बालबालिका मध्ये पनि छोरालाई महत्व दिने हाम्रो जस्तो समाजमा बालिकाहरू झन् धेरै प्रभावित भैरहेका थिए। कतिपय घरका छोराहरूलाई गाउँमा पढाई कमसल भएकाले परिवारको अवस्था अनुसार अन्यत्र नै पढ्न पठाई सकिएको थियो। यो सुविधा सामान्यतया छोरीहरूलाई उपलब्ध थिएन। प्रधानाध्यापकको बालबालिका प्रतिको त्यस्तो गैर जिम्मेवारपन, अभिभावक, बालबालिका तथा अशिक्षित सरल समाजलाई हेप्ने हेपाहा प्रवृत्ति थियो। हेपाई हिंसाकै एउटा स्वरूप हो। यसरी विद्यालयको अवस्था छर्लङ्ग बुझिसकेपछि जिम्मेवार अभिभावक आमाहरू कसरी चुप लागेर बस्न सक्थे र उनीहरूले प्रअलाई भेट्न जाने योजना बनाए। प्रअ विद्यालयमा उपस्थित रहेको मौका पारेर उनीहरू सबैजना विद्यालयमा गए। महिलाहरूको ठूलो समूह विद्यालयमा आएको देखेर साना बालबालिका देखि शिक्षक सबैजना अनौठो मानिरहेका थिए। महिलाहरूसँगको अन्तरक्रिया प्रअका लागि त झन् कहिल्यै नभएको घटना थियो। हिजोसम्म लजाउने, धकाउने महिलाहरू एकाएक फेरिएका थिए। उनीहरू आफ्ना बालबालिकाका बारेमा निर्धक्क बोलिरहेका थिए। प्रअको नियमितताका बारेमा चासो राख्ने भैसकेका थिए। प्रअले आफू नियमित हुन नसक्ने केही तर्कहरू प्रस्तुत गरे। त्यसलाई महिलाहरूले तर्क सहित अस्वीकृत गरिदिए। प्रअ नाजवाफ हुनपुगे। सशक्त महिलाहरूका अगाडि आफ्नो कमजोरीलाई ढाकछोप गर्ने प्रअका कुनै पनि तर्कहरू काम लागेनन्। अन्तमा आवश्यक काममा सदरमुकाम वा अन्यत्र जादाँ बाहेक विद्यालयमा नियमित हुने र बालबालिकालाई राम्ररी पढाउने सहमति पछि महिलाहरू आ-आफ्ना स्थानमा लागे। त्यसदिनको घटना प्रअका लागि मात्र होइन सिङ्गो

गाउँमै पहिलो थियो । उक्त घटनाले त्यस समाजमा पहिलो पटक महिला सशक्तीकरणको सन्देश दियो । महिला सशक्तीकरणको त्यो नमूना त्यस गाउँमा अविश्मरणीय बनेको छ ।

**उदाहरण नं. २,**

दोलखा जिल्लाको उत्तरी भेगको चिलंखा गाविसस्थित लोटिङ्गमा सञ्चालित रिफ्लेक्ट कक्षामा सो गाविसका ४ र ५ वडाका ३० जना महिलाहरू सहभागी छन् । उनीहरूसँगको सहभागितामूलक छलफलबाट बिहानी कक्षा निर्धारण गरियो । दिउँसोका सबै काम भ्याउने उद्देश्यले सहभागीहरूले बिहान ५ बजेदेखि ७ बजेसम्मको समयमा कक्षा रोजे । कक्षामा समयमा नै आइपुग्न केही महिलाहरू त विहानको ३:३० बजे नै घरबाट हिडेर आउँछन् । सामान्यतया सबै सहभागीहरू ४ बजे उठेर कक्षामा भाग लिन आउँछन् । सबैलाई ७ बजेको कक्षा सकेर हतारिँदै घर पुग्नु र बालबालिकालाई विद्यालय र प्रारम्भिक बालविकास केन्द्रमा पठाउने तयारी गर्नु पर्छ । घरव्यवहारको व्यस्तताका वाबजुद महिलाहरू रिफ्लेक्ट कक्षामा आकर्षित भइरहेका छन् । साक्षरताको क्षमता र आत्मविश्वास बढ्नुका साथै दुईचारजना मानिसको अघिल्तिर धक फुकाएर बोल्न सक्ने क्षमताको विकास हुने भएकाले आफूहरू रिफ्लेक्ट कक्षामा सहभागी भएको अधिकांशत महिलाहरू बताउँछन् । कक्षाका एक सहभागी डोल्मा थामी भन्छिन्, 'रिफ्लेक्टले हामीलाई आफ्ना कुरा भन्न सक्ने बनायो, अहिले हामी अधिकारको खोजी गर्न सक्ने भएका छौं' ।

आजकल कतिपय ग्रामीण भेगमा रिफ्लेक्टका बारेमा डोल्माका यी भनाइहरू धमाधम पुष्टि भैरहेका छन् र यसको असर घर परिवार र समाजमा देखिन थालेको छ । गाविस परिषद्मा सामुहिक रूपमा उपस्थित भएर महिलाहरूका लागि स्रोत छुट्याउन लगाइनु त्यस समाजको परिवेशमा चानचुने कुरा होइन । हो, अहिले महिलाहरू सम्बन्धित गाविस परिषद्मा सहभागी हुने र आफ्ना मागहरू राख्न थालेका छन् ।

यी सशक्त महिलाहरू, महिलामाथि हुने घरेलु हिंसाकाविरूद्ध र मानव बेचबिखनका बारेमा पनि जानकार र सजग छन् । उनीहरू महिला तथा किशोरीहरूले वैदेशिक रोजगारमा जाने कुरा गर्दा चासो राख्छन् भने देशभित्रै कतै काममा गएको कुरालाई पनि नजिकबाट नियाल्ने गर्दछन् ।

सचेत महिलाहरूका कारण अन्तर्राष्ट्रिय महिला अधिकार दिवस ८ मार्च र महिलामाथि हुने हिंसाविरूद्धको १६ दिने दिवसका कार्यक्रमहरू आजकल ग्रामीण क्षेत्रमा पनि उत्तिकै उत्साह र सहभागीका साथ मनाउन थालिएका छन् । महिलाहरूको अगुवाइमा पुरूषहरू र राजनीतिक पार्टीहरूलाई पनि साथमा लिएर महिलाका विषयमा गरिने सभा तथा सांस्कृतिक कार्यक्रमहरूले समाजमा महिलाहरूको स्थान बिस्तारै थप सुरक्षित भैरहेको छ । यी गतिविधिहरूले अर्कातिर समाजका विकृतिमा पनि कमी आएको महसुस गरिएको छ । समाजका एकजना अगुवा ताराबहादुर खड्का 'यी सब घटनाक्रमलाई हेर्दा समाजमा ठूलो परिवर्तनको पदचाप सुनिएको' बताउँछन् ।

***अन्तमा,***

महिला सशक्तीकरणसँग महिला हिंसाको कुरा प्रत्यक्ष रूपमा गाँसिएको छ । बेचबिखन लगायत गम्भीर प्रकृतिका महिला हिंसाका घटनाहरू अधिकांशत् अशिक्षित र सशक्तीकरणको अवसरबाट बञ्चित महिलाहरूकै बीचमा हुने गरेको छ । यसरी हेर्दा जति जति महिलाहरू सशक्त हुँदै जान्छन् उति उति उनीहरूविरूद्ध हुने हिंसाका घटनाहरू पनि घट्दै जान्छन् । महिला सशक्त रहेका स्थानमा उनीहरूविरूद्ध कुनै हिंसाका घटनाभै नै हालेपनि ती सहजै सार्वजनिक हुन्छन् र न्यायको कठघारामा पुग्छन् । त्यसैले महिलाविरूद्धको हिंसालाई न्यूनीकरण गर्नका लागि महिलाहरूका लागि शिक्षा र सशक्तीकरण ज्यादै आवश्यक छन् । अशिक्षित ग्रामीण भेगमा महिला शिक्षा र सशक्तीकरण, रिफ्लेक्ट कक्षाहरू धारिला हतियार साबित भएका छन् ।

(लेखक सिविन-नेपालसँग आवद्ध हुनुहुन्छ ।)

■ ■ ■

# महिला बेच–बिखनको स्थिति भयावह

काठमाडौं, (नेस)

# मानव बेच बिखन बिरुद्ध गोष्ठी

■ कृपा संवाददाता

कलैया, २७ असार/ शक्ति समुहको सहआयोजनामा र एटविनको आयोजनामा आइतबार बाराको सदरमुकाम कलैयामा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी ऐन ०६४ तथा यसको प्रभावकारी कार्यान्वन सम्बन्धी दुई दिने तालिम सरु भएको छ।

मानव बेचबिखन बिरुद्ध चेतना फैलाउने उदेश्यले उक्त तालिमको आयोजना गरिएको हो। आइतबारबाट ... बिभिन्न ... रहेको छ। सुनिल ... आइतबार सम्पन्न ...

धारणाहरु राख्दै सहभागीहरुले मानव बेचबिखनलाई नियन्त्रण गर्न सबैले प्रयास गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा नेपाल बार एसोसियन बाराका अध्यक्ष परमहंक केशरी, बेनु माया गुरुंग, हिमराइट्स बाराका लालबाबु कुशवाहा लगायतले आफ्ना धारणा राख्दै मानव बेचबिखन बिरुद्ध एकजुट हुनुपर्नेमा जोड दिएका थिए। सोमबार सम्म संचालन हुने तालिममा मानव बेचबिखन बिरुद्धको बिषयमा बिभिन्न जानकारीहरु गराइने आयोजक संस्थाले जनाएको छ। मानव बेचबिखन विश्वमा चुनौतीको रुपमा ... पनि सहभागीहरुले सो अवसरमा ...

# महिला तथा बालबालिका बेचबिखन रोक्न आलेख अनुमोदन गर्न जोड

गोरखापत्र समाचारदाता

काठमाडौं, साउन २४ गते। विभिन्न सरोकारवालाहरूले महिला तथा बालबालिका बेचबिखन ... आलेख अनुमोदन गर्नुपर्नेमा जोड दिएका छन्।

# Anti-trafficking day observed

Himalayan News Service

*Kathmandu, September 6*

The Ministry of Women, Children and Social Welfare and various non-governmental organisations today held an awareness rally to mark the fifth National Day Against Human Trafficking in the Capital with the slogan 'Our Common Campaign, Full Stop to Human Trafficking.'

... at the ministry, said awareness programmes were crucial in combating trafficking.

Maiti Nepal chair Anuradha Koirala and Charimaya Tamang of Shakti Samuha were felicitated at the programme.

The event also saw an NGO handing over 10,000 signatures to Pokharel to press the government to ratify the UN Protocol on Prevention, Control and Suppression ...

# 'Govt soft on trafficking'

POST REPORT
KATHMANDU, AUG. 10

Government efforts to raise awareness about human trafficking at the grass-root level are below par, said speakers at a function here on Tuesday.

"The government's effort to control human trafficking are not as effective as they need to be in the present scenario," admitted Ratna Kaji Bajracharya, Joint Secretary at the Ministry of Women, Children and Social Welfare (MoWCSW).

Trafficking of women and children has emerged as one of the major social problems in the last decade. More women and kids are reported to have been trafficked out of Nepal.

If national and international data are anything to go by, more than 200,000 women and children have been sold as commercial sex workers or as circus workers between 1997 and the fiscal year 2008-09.

Nain Kala Thapa, Chairperson of National Women's Commission, said innocent girls are soft targets for traffickers as they legally get married with them and sell them off in Indian cities and Gulf countries.

# मानव बेचबिखन रोक्न सहकार्य आवश्यक

गोरखापत्र समाचारदाता

काठमाडौं, मंसिर, १५ गते। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूले संयुक्त पहल गर्नुपर्नेमा जोड दिएको छ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, बसाईं–सराईंसम्बन्धी अन्तर्राष्ट्रिय सङ्गठन तथा महिला तथा बालबालिका बेचबिखनविरुद्ध ऐक्यबद्धता नेपालले संयुक्तरूपमा मङ्गलबार आयोजना गरेको कार्यक्रमका वक्ताहरूले मानव बेचबिखन रोक्न तत्काल पहल थाल्नुपर्ने बताए।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सहसचिव रत्नकाजी वज्राचार्यले मानव बेचबिखनसम्बन्धी क्रियाकलाप एउटामात्र राष्ट्रको पहलमा नियन्त्रण गर्न कठीन हुने बताउनुभयो। उहाँले यस प्रकारका साझा मुद्दमा सार्क तथा अन्तर्राष्ट्रिय निकायले संयुक्त पहल गर्नुपर्ने बताउनुभयो।

कानुन तथा न्याय मन्त्रालयका सहसचिव केदार पौडेलले अन्तर्राष्ट्रिय कानुन मानव बेचबिखनविरुद्धका लागि औजारमात्र रहेकाले कार्यान्वयन महत्त्वपूर्ण पक्ष भएको बताउनुभयो।

सहसचिव पौडेलले नेपाल भारतबीच खुल्ला सिमाना भएकाले पनि मानव बेचबिखन नियन्त्रण कठिन भएको जानकारी दिनुभयो।

बसाईं–सराईंसम्बन्धी अन्तर्राष्ट्रिय सङ्गठन (आईओएम)का कार्यक्रम अधिकृत निशात चौधरीले मानव बेचबिखन नियन्त्रणका लागि आईओएमले सहयोग गर्न तत्पर रहेको जानकारी दिनुभयो। उहाँले यो समस्याको नियन्त्रण क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग तथा सहकार्य आवश्यक रहेको बताउनुभयो।

बालबालिका बेचबिखनविरुद्ध ऐक्यबद्धता नेपालका कार्यक्रम संयोजक बेनुमाया गुरुङले मानव बेचबिखन नियन्त्रणका लागि नागरिक समाज तथा सरोकारवालाको खबरदारी महत्त्वपूर्ण हुने बताउनुभयो।

# बेचबिखनमा परेकाको तथ्यांक नै फरकफरक

दिनेश सुनार

**काठमाडौं**, २० भदौ : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालबाट वर्षेनी १० हजारभन्दा बढी महिला तथा बालबालिका बेचबिखनमा पर्ने गरेको तथ्यांक सार्वजनिक गरिरहेका बेला सरकारले भने यो संख्या दुई सय ९९ जना मात्र रहेको जनाएको छ।

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका प्रवक्ता डा. हरि पौडेलले सरकारी निकायमा दर्ता भएका वा अदालतमा चलेका मुद्दाको संख्या दुई सय

गर्न डराउने गरेको पौडेलले बताए। 'बाहिर जिल्लामा धेरै संख्यामा महिला तथा बालबालिका बेचिने गरेको सुन्दै आएका छौं तर हामीले यथार्थ जानकारी पाउन सकेका छैनौं', पौडेलले भने।

अन्तर्राष्ट्रिय श्रम संगठनले सन् २००२ मा गरेको अध्ययनअनुसार नेपालमा १० देखि १२ हजारको संख्यामा महिला तथा बालबालिका बेचबिखनमा पर्ने गरेको उल्लेख गरेको थियो। तर पछिल्लो समयमा

अन्तर्राष्ट्रिय श्रम संगठनको

सम्मान पाउन स
तामाङले सरकारले
परेका महिलाको रेख
गर्न नसकेको बताइन्
महिला तथा तिनका प
तथ्यांकसमेत नभएक
उनले चेलीबेटी बेच
गाउँघरमा घुमिरहेको ब
मानव बेचबिखन
समूह (एटविन) की
बिष्टले पीडितलाई
संरक्षण र परामर्श
बताइन्।
सरकारले ब
ल्याउन नस

# महिला तथा बालबालिका बेचबिखन रोक्न आलेख अनुमोदन गर्न जोड

गोरखापत्र समाचारदाता

काठमाडौँ, साउन २५ गते। विभिन्न सरोकारवालाहरूले महिला तथा बालबालिका बेचबिखन रोक्ने तथा सजाय गर्ने इच्छाधीन आलेख अनुमोदन गर्नुपर्नेमा जोड दिएका छन्।

...ो विषयमा ... तथा ...न्तर्राष्ट्रिय ...ला तथा ... सहकर्मी ...योजनामा ...न समीक्षा ...ो कुरामा ... अध्यक्ष ...ा परेका ...क्षण र ... आलेख ... उहाँले ...यानमा ...डे बढ्न ... क्षेत्रमा ... सरकारी

निकायबीच प्रभावकारी समन्वयको खाँचो रहेको पनि उहाँले बताउनुभयो।

राष्ट्रिय मानवअधिकार आयोगकी विशेष सभाध्यक्ष पदमा माथेमाले बेचबिखन नियन्त्रणका लागि जस्तोसुकै काम थाले पनि कार्यरत निकायबीच सक्षम 'नेटवर्किङ' नभई सफल हुन नसक्ने बताउनुभयो। मानव स्रोत, वित्त र कार्यक्रमलाई प्रभावकारी बनाएर लैजानसके आलेखको कार्यान्वयन गर्न सकिने बताउनुभयो।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सह-सचिव रत्नकाजी बज्राचार्यले मानव बेचबिखनबिरुद्ध प्रभावकारी रूपले अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले आधुनिकीकरण र विश्वव्यापीकरणसँगै मानव बेचबिखनको समस्या बढ्दै गएको बताउनुभयो। सहसचिव बज्राचार्यले बेचबिखनविरुद्धको क्षेत्रमा थुप्रै सङ्घ-संस्था लागे पनि सफलता प्राप्त हुन नसकिएको बताउनुभयो।

माइती नेपालकी उमा तामाङले बेचबिखनका बारेमा जनचेतना बढ्न नसकेको उल्लेख गर्दै दलका नेता र सभासद्हरूलाई यसबारे बुझाउनसके प्रभावकारिता हुने बताउनुभयो।

कानुन मन्त्रालयका तर्फबाट कौशलचन्द्र सुवेदीले उक्त आलेख अनुमोदनका लागि अगाडि बढाउन सरकारलाई अप्ठ्यारो नरहेकाले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले यसबारे आवश्यक पहल गर्नुपर्ने बताउनुभयो।

अन्तर्राष्ट्रिय आप्रवास सङ्गठनकी सल्लाहकार डा. मीना पौडेलले वर्तमान परिप्रेक्ष्यमा आलेख अत्यन्त महत्वपूर्ण हुने भएकाले अनुमोदन गर्नु अपरिहार्य भएको बताउनुभयो। उहाँले बेचबिखनको समस्या महिला तथा बालबालिकाको समस्या मात्र नभई राजनीतिक समस्या भएको बताउनुभयो।

कार्यक्रममा अधिवक्ता शान्ता सेढाईंले बेचबिखन नियन्त्रण गर्न अहिलेसम्म नेपालमा बनेका ऐन, कानुन र नेपालले अनुमोदन गर्नुपर्ने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजका बारेका अवधारणापत्र प्रस्तुत गर्नुभएको थियो।

# 'Mode of women trafficking changed'

By A Staff Reporter

Kathmandu, Sept 6

The Fifth National Day against Human Trafficking was marked on Tuesday with the slogan of 'Our Common Campaign, Full Stop to Human Trafficking' on Tuesday.

National Women Commission and a team of various organisations working in the sector of preventing human trafficking, including Alliance Against Trafficking in Women and Children, Nepal (AATWIN) and My Nepal jointly marked the day by organizing rallies and programmes at the capital.

Addressing the programme, Ananda Raj Pokharel Secretary at the Ministry of Women, Children



involved ... Pokharel also asked all to ...

immediate assistance from the police if they found any case of human trafficking.

AATWIN Vice-Chairperson Meena Bista stated during earlier times, the Nepali women used to be trafficked to Indian cities and towns, but the nature of trafficking has changed now as many women were being trafficked in the name of foreign employment.

The government should pay special attention towards eliminating such trend of women trafficking.

Anuradha Koirala, Chairperson of Maiti Nepal and Charimaya Tamang, member of Shakti Samuha were felicitated by the Secretary Pokharel at the programme for their contribution in carrying out anti-women trafficking campaigns.

At the programme, ATWIN handed over a collection of 10,000 signatures collected from various districts to the Secretary, Pokharel in a bid of pressuring the government for ratifying the UN Protocol on Prevention, Control and Suppression of Women trafficking.

# कार्यशाला गोष्ठी

प्रस, कलैया, २७ असार

एटविन र ...
आयोजनामा मानव
ओसारपसार नियन्त्रण
यसको कार्यान्वयन दि
कार्यशाला गोष्ठी ३
छ।

बेनुमाया गुरुङ र
प्रशिक्षण दिइरहेको उक्त
जना सहभागी छन्।



# एटविन गतिविधिका झलक


प्रहरीहरुसँग अन्तरक्रिया


एटविन साधारणसभा तथा अधिवेशन २०६७


यूएन प्रोटोकल अनुमोदन सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया



मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना परामर्श गोष्ठी, बुटवल



मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना परामर्श गोष्ठी, गौर


मनोरञ्जन क्षेत्रमा कार्यरत महिला कामदारहरुको समस्या र पहिचान विषयक अन्तरक्रिया


बेचबिखनबाट प्रभावितहरु नागरिकता सवालमा सभासदहरुसँग अन्तरक्रिया



वैदेशिक रोजगार ऐन तथा नियमावली पूनरावलोकन सम्बन्धी परामर्श बैठक

# एटविन गतिविधिका झलक



यूएन प्रोटोकल सम्बन्धी सभासद्सँग अन्तरक्रिया



दोस्रो महिला समाजिकमञ्चमा अन्तरक्रिया



यूएन प्रोटोकल सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया



मानव बेचबिखन नियन्त्रण तथा रोकथामका लागि नीतिगत संवादको प्रवर्द्धन



महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा कदर पत्र प्रदान गर्दै



मानवअधिकार तथा बेचबिखन सम्बन्धी तालिमका सहभागीहरु



१६ दिने अभियान २०६८ को सन्दर्भमा महिला हिंसा विरुद्धको र्‍याली



एटविन सचिवालय हस्तान्तरण